
६६

# अमर ज्योति

साहित्यिक त्रैमासिक




जेठ–२०८२

(नेपाल विद्युत प्राधिकरणको साहित्यिक प्रकाशन)


नेपाल विद्युत प्राधिकरण
स्थापित-२०४२
ESTD. 1985
NEPAL ELECTRICITY AUTHORITY
विद्युतीय भान्छा, विद्युतीय यातायात ।
स्वच्छ वातावरण, खर्चमा किफायत ।।

जि.प्र.का. काठ. द.नं. १७७/०७२/०७३

वर्ष : २२, पूर्णाङ्क ६६
(चैत, २०८१-जेठ, २०८२)

# अमर ज्योति

साहित्यिक त्रैमासिक

संरक्षक

**हितेन्द्र देव शाक्य**

प्रधान सम्पादक

**कृष्णदेव रिमाल 'शब्दसेना'**

कार्यकारी सम्पादक

**विष्णुप्रसाद आचार्य 'अतृप्त'**

सम्पादक समिति

**मुकुन्दप्रसाद प्रसाईं**
**आविष्कार कला**
**मिमन पुलामी**

व्यवस्थापक

**भोला शर्मा**
**रीता चालिसे (खनाल)**
**सङ्गीता अधिकारी (पौडेल)**
**शारदा भट्टराई पोखरेल**
**बलराम पुडासैनी**
**शारदा पराजुली**

आवरण कला

**उपेन्द्र शिवाकोटी**

सल्लाहकार

**मातृका पोखरेल**
**कुलप्रसाद पराजुली**
**वीरेन्द्र पाठक**
**केशवप्रसाद रूपाखेती**
**विष्णुबहादुर सिंह**
**पुण्य घिमिरे**
**रामेश्वर राउत 'मातृदास'**

**स्थानीय प्रतिनिधिहरू**

बद्री न्यौपाने, विराटनगर,
नवराज भट्ट, नेपालगन्ज
राजनप्रसाद प्याकुरेल, नुवाकोट
रामकुमार न्यौपाने, सिन्धुपाल्चोक
सि.बि.गर्तौला, इटहरी
मातृकाप्रसाद सङ्ग्रौला, झापा
लोकविक्रम मल्ल, सुदूरपश्चिम प्रदेश
खगेन्द्र अधिकारी, खोटाङ
सुशीला रायमाझी, हेटौंडा

प्रकाशक

**विद्युतकर्मी साहित्यिक समाज**

नेपाल विद्युत प्राधिकरण

सम्पर्क

रत्नपार्क, काठमाडौं, नेपाल
विद्युतीय ठेगानाः amarjyoti@nea .org .np, फोन नं. : ०१-४१५३०८९

नोटः *अमरज्योतिमा प्रकाशित लेख/रचनाको सम्पूर्ण जिम्मेवारी लेखक स्वयम्मा नै रहने छ ।*

# वादी प्रतिवादी दुवै कित्तामा आफैंलाई उभ्याएर हेर्दा

यात्रा गतिशीलताकै फरक नाम हो । हरेक यात्रा विशिष्ट र मौलिक चरित्रको हुन्छ । प्रत्येक यात्राको प्रकृति र गति पनि भिन्नाभिन्नै हुन्छ ।

घरबाट कार्यालय निस्कँदा घर प्रस्थानविन्दु र कार्यालय गन्तव्य हुन्छ । कार्यालयबाट घर फिर्दा कार्यालय आधारविन्दु र घर लक्ष्यविन्दु हुन्छ । अन्य कुरा यथावत् रहेमा यात्राको गन्तव्य वा लक्ष्यविन्दु पूर्वनिर्धारित हुन्छन् ।

तर सबै यात्राका गन्तव्य मूर्त र पूर्वानुमानीय नहुने रहेछन् । यस्तै यात्रामध्येको एक हो- साहित्यिक यात्रा । 'यसपछि यो कार्यक्रम गर्ने' भनी सङ्कल्प गर्नु र त्यसलाई कार्यान्वयनमा लग्नुलाई के गन्तव्यमा पुगेको भनेर आत्मरति पाल्नु र खै ! यसलाई त गन्तव्यभन्दा पनि 'एक बिसौनीसम्मको पदचाल' मान्नु पो उचित होला कि !

पूर्वोक्त कथनले बोलिरहेछ – साहित्यिक यात्रा गन्तव्यतिरको नभई क्षितिजतर्फको यात्रा हो । मरुभूमिबाट टाढा कतै देखिने पानीको मिथ्या प्रतीतिमा मृग दगुरे जस्तो ! जल भ्रान्ति जस्तो मात्र ! कहाँ पुगेपछि सरोवर भेटिएला र सालको पातको सोलीले उभाएर धित नमरुन्जेल पिउन सकिएला साहित्यरूपी जल ? 'यसभन्दा पर अब पुग्ने ठाउँ छैन' भन्न सकिएला र यस प्रकृतिको यात्रामा ?

वि.सं. २०७९ को जेठ महिनादेखि विद्युतकर्मी साहित्यिक समाज सातौं कार्यसमितिको टिम उछलकुद गरिरह्यो यो साहित्य-यात्रामा । कहिले ढङ्ग पुग्दा तालमै पनि नाचियो होला । कहिले बेसुरा लयलाई पनि मीठो गीत गाएको ठानेर मानसिक भ्रममा पनि रमाइयो होला ! यस यात्रामा कुनै बेला लैनो पाडो झैं धर्मराएर हिंडियो होला त कुनै बखत सिपाहीले झैं बाजाको तालमा फुर्तिलो कवाज पनि गरियो होला !

जे गरियो सकेसम्म र जानेसम्म साहित्यिक फाँटमा श्रमदाना रोपियो । कार्यालयको कामलाई उच्च प्राथमिकतामा राख्दै बचेखुचेको समयमा परिश्रम गरियो । परिवारको खुशी अलि अलि निचोरेर पनि यस महत अभियानमा पसिना छरियो । श्रमपछिको विश्राम क्या रमाइलो हुन्छ; अब त्यो बेला आएको छ– सातौं कार्यसमितिको । २०८२ जेठदेखि हाम्रो कार्यकाल भुक्तान हुने वाला छ ।

यस कार्यकालमा केही पुरानै कामले निरन्तरता पाए । वार्षिकोत्सवको पूर्वसन्ध्यामा आयोजना गरिने कविता प्रतियोगितामा माउ संस्था ने.वि.प्रा.लाई सहजीकरण गर्ने, वसन्त काव्य गोष्ठी र स्रष्टा सम्मानको कार्यक्रम आयोजना गर्ने, अमरज्योतिको नियमित

प्रकाशन (विशेषाङ्कसहित) गर्नेलगायतका कार्यहरू त हाम्रा विरासतबाट प्राप्त कर्म नै भए । यसका अलावा केही नौला कर्मले पनि यस कार्यकालमा अनुहार देखाए ।

साहित्य समाजका पूर्वपदाधिकारीज्यूहरूसँगको साहित्यिक अन्तर्वार्ता अमरज्योतिमा प्रकाशन गर्ने कार्यले यस कार्यकालबाट पुनःनिरन्तरता पायो । 'पुस्तकसँग पाठक' 'त्वदियम वस्तु गोविन्दम' जस्ता कार्यक्रम मार्फत विभिन्न स्रष्टाहरूको योगदानलाई स्मरण गर्ने जस्ता केही फरक स्वादका कार्यक्रमहरू पनि सञ्चालनमा आए । नेपाल विद्युत प्राधिकरण बाहिरका क्रियाशील साहित्यिक संस्थाहरूलाई सम्मान गर्ने परिपाटीको श्रीगणेश पनि यही कार्यकालमा भयो ।

साहित्यका अलावा सङ्गीत र कला साधनामा संलग्न ने.वि.प्रा. का स्रष्टाहरूलाई सम्मान गर्ने, अमरज्योतिका पुराना अङ्कहरू मिलाएर बुक बाइन्डिङ गरी अभिलेख व्यवस्थापन गर्ने, नेपाल प्रज्ञा प्रतिष्ठानसँग सम्बन्ध सुदृढीकरण गर्ने, प्राधिकरणभित्र साहित्यिक चेत उमार्ने व्यक्तित्व स्व.पोषण पाण्डेको योगदानलाई स्मरण गर्ने, साहित्यकारहरूसँग परिसंवाद गर्ने, पर्यासाहित्य केन्द्रित रचनाहरू प्रकाशन गर्ने जस्ता कार्यहरू समेत यस कार्यकालमा सम्पादन भए ।

अमरज्योतिमा स्रष्टाका तस्वीरहरू प्रकाशन गर्ने, सम्पादकीय स्तम्भलाई विशुद्ध साहित्यिक कन्टेन्टमा केन्द्रित गर्ने, आवरण पेज डिजाइनमा थप निखारता ल्याउने, बहुभाषिक काव्य गोष्ठी सञ्चालन गर्ने, देवनागरी लिपि बचाउ अभियानलाई टेवा पुऱ्याउने, लमजुङको सर्वोदय सेवा आश्रममा रहेका जेष्ठ नागरिकहरूलाई भोजनसँगै कविताको रसास्वादन गराई साहित्यलाई मानवसेवासँग प्रत्यक्ष रूपमा जोड्ने, अनुवाद साहित्यलाई बढावा दिने, जुम आदि माध्यमको प्रयोग गरी साहित्यलाई प्रविधिसँग जोड्ने, विधागत लेखन सम्बन्धी प्रशिक्षण दिने,समालोचना विशेषाङ्क प्रकाशन गर्ने, फेसबुक मार्फत अमरज्योति लघु सिर्जना अभियान चलाउने जस्ता कार्यहरू पनि यस कार्यकालका मुख्य उपलब्धिका रूपमा रहे ।

केही निरन्तरता, केही थपोट, केही विस्तृतीकरण र केही ढाँचा परिवर्तन; यिनीहरूकै सेरोफेरोमा घुमिरह्यो सातौं कार्यसमितिको कार्यकाल । यी सबै कार्यहरू हाम्रा पूर्वजहरूको साहित्यिक कर्म र अवधारणालाई संश्लेषण र विश्लेषण गरी तर्जुमा र कार्यान्वयन गरिएका हुन् । यसको श्रेय अघिल्ला कार्यसमितिहरू, साहित्य अनुरागी ने.वि.प्रा.को उच्च व्यवस्थापन र बहालवाला एवं सेवा निवृत्त हुनु भएका वाङ्मयप्रेमी अग्रजहरूलाई नै जान्छ । यस साहित्यिक यात्रामा आगामी दिनमा निर्वाचित भई आउने आठौं कार्यसमितिले अझै नयाँ नौला प्रयोगवादी कार्यक्रम मार्फत योगदान गर्नेछ भन्ने पूर्ण विश्वासका साथ नयाँ कार्यसमितिलाई हृदय ओछ्याएर स्वागत गर्दै सफल कार्यकालको शुभकामना दिन्छौं ।

वादी प्रतिवादी दुवै कित्तामा आफूलाई उभ्याएर निर्मम समीक्षा गर्दा सातौं कार्यसमितिको कार्यकाल औसत देखिएको छ । उम्दा काम गर्न नसके पनि 'उङ लाग्ने काम मात्र गरे' भनेर आरोपित गर्ने ठाउँ पनि दिएका छैनौं हामीले । यात्राका दौरान घुम्ती घुम्तीमा सुस्ताउँदै, पहार ताप्दै अनि झरी हुरी खप्दै विश्राम विन्दुसम्म आइएको छ । आगामी दिनमा कार्यकारी भूमिकामा रहने नयाँ कार्यसमितिलाई रचनात्मक र सकारात्मक मार्गनिर्देशन गर्ने भूमिका निर्वाह गर्न पनि हामी कटिबद्ध रहने प्रण गर्दछौं ।

**– अतृप्त**

# ◆ विषय-क्रम


**स्रष्टासँग अमरज्योति साक्षात्कार**
साहित्य मानव मनमा उब्जने कल्याणकारी भावनाको... कुलप्रसाद पराजुली/५

- **कविता/मुक्तक**

छुटेको विमल भौकाजी/३१
एकता जयदेव गोविन्द'/३५
चिन्ता जीवन आचार्य निश्चल/४१
विवेकशील युवराज शर्मा/४८
बाआमा भोला शर्मा/७२
मन मिमन पुलामी/७३
खोरयात्रा हिरामणि दुःखी/७४
क्रान्तिको उपलब्धि भलादमी भोला/७६
जीवनको खोजी डा. जनपाली/७७
म पनि अब आकाश बन्छु तेजेन्द्र पौडेल/७८
निवेदन राम वसु/७९
मुक्तक नारायण प्रसाद आचार्य/६४
चार मुक्तक रामेश्वर जलन/७५

- **निबन्ध/नियात्रा/संस्मरण**

हावामा बगिरहेको प्रेम ज्ञानेन्द्र विवश/३२
सचेतना हराएका पागल होइनन् अनिता कोइराला/४३
फाल्गुनन्दको कर्मभूमितिर दीपेन्द्रसिंह थापा/५५
हिप्पी युगः जसले इतिहास र संस्कृतिको धार बदल्यो शशिधर भण्डारी/५९
मार्फाको न्यानोपन लक्ष्मी थापा/६५

- **कथा/लघुकथा**

आत्माको आयाम प्रमोद शर्मा/३७
चीसो माया अतृप्ताचार्य/४७
संयोग भारती न्यौपाने/४९
हलचल ईश्वर पोखरेल/७१

- **समीक्षा**

पानीमा बगेको जिन्दगी रत्न प्रजापति/८१
कर्णालीको दस्ताबेज– 'शून्यको मूल्य' सरस्वती सरस/८६

# साहित्य मानव मनमा उब्जने कल्याणकारी भावनाको सुकोमल उद्गार हो



**कुलप्रसाद पराजुली**

*धर्म, दर्शन, अध्यात्म, पुराण, उपनिषद्, संस्कार, संस्कृति आदिको चिन्तन, मनन, अध्यापन, वाचन, प्रवचन र विश्लेषणमा आफूलाई अब्बल प्रमाणित गर्दै आउनु भएका व्यक्तित्व हुनुहुन्छ- कुलप्रसाद पराजुली । वि.सं. २००८ सालमा भोजपुर जिल्लामा जन्मनु भएका पराजुली नेपाल विद्युत प्राधिकरणका सेवा निवृत्त उप निर्देशक हुनुहुन्छ । किशोर वयदेखि नै लेखनको लय पक्डनु भएका पराजुलीले आजका दिनसम्म पनि त्यत्तिकै सशक्त र जुझारु भएर लेखकीय क्रियाशीलता देखाइरहनु भएको छ । उहाँले विद्युतकर्मी साहित्यिक समाजको संस्थापक अध्यक्षका रूपमा कुशल साहित्यिक अभिभावकको भूमिका निर्वाह गरिसक्नु भएको छ । कविता विधा मन पराउनु हुने एवम् मीठा छन्दोबद्ध कवितामा आफ्नो शिल्पकला पोख्नु हुने पराजुलीका साहित्य र साहित्यकारको परिचय झल्कने खालका खोजमूलक तथा जीवनीमूलक सिर्जनात्मक गैर आख्यानात्मक ग्रन्थहरू प्रकाशित छन् । लेखनका अतिरिक्त प्राध्यापन, सामाजिक जागरण र समाजसेवामा पनि उहाँको लगाव बन्दनीय देखिन्छ । पराजुलीकृत 'प्रकाशगृहका स्रष्टा' (२०७४) नेपाल विद्युत प्राधिकरण भित्रका स्रष्टाहरूको जीवनीमूलक ग्रन्थ हो । उहाँका शैक्षिक, संवैधानिक आदि खोजमूलक ग्रन्थहरू पनि प्रकाशित छन् भने 'आफ्नै सेरोफेरो आफ्नै नालीबेली' नामक ग्रन्थ प्रकाशनको अन्तिम तयारीमा छ । उहाँले नेपाल विद्युत प्राधिकरण भित्र साहित्यिक गतिविधि संचालन गर्न हुटहुटी जगाएर एकातिर उत्प्रेरक भूमिका निर्वाह गर्नुभएको छ भने अर्कातिर  विद्युतकर्मी साहित्यिक समाजको विधिवत दर्ता गर्नमा महत्त्वपूर्ण जिम्मेवारी बहन गर्नु भएको छ । हँसमुख र हक्की स्वभावका यिनै समादरणीय व्यक्तित्वसँग 'अमरज्योति साहित्यिक त्रैमासिक' का लागि लिखित प्रश्नावलीमार्फत लिइएको रोचक र प्रेरक अन्तर्वार्ता जस्ताको तस्तै साभार गरिएको छ :*

■ **अन्तर्वार्ताको सिलसिला यहाँको परिचयबाटै आरम्भ गरौं ।**

(क) **नाम–उपनामः** सबै औपचारिक विवरणहरूमा कुलप्रसाद पराजुलीबाट परिचित हुँदै आएको मेरा केही रचनाहरूमा के.पी.पराजुली, के.पी.कौडिन्य र के.पी. शास्त्री

लेख्ने गरेको छु भने श्रीवैष्णव सम्प्रदायमा दीक्षित हुँदाको नाम केशव प्रपन्न हो ।

**(ख) जन्ममिति र जन्मस्थानः** वि.सं २००८ साल चैत २० गते (सन् १९५२ अप्रिल १) मंगलवार वासिङ्थर्पु दयाला गाउँ, भोजपुरमा मेरो जन्म भएछ । गणतान्त्रिक नेपालमा आमचोक गाउँपालिका वडा नं.१ 'वासिङ्थर्पु 'का नामले परिचित मेरो जन्मगाउँ दयालामा सो दिन साँझ अनुमानित ६:३० बजे मेरो जन्म भएको ज्योतिषीय तथ्यको जानकारी मैले पाएको छु ।

**(ग) माता-पिताः** भोजपुर जिल्लाको भुल्के तल्लाबारी गाउँ निवासी स्व. चिन्तामणि+स्व.सूर्यकला भट्टराईकी साइँली छोरी स्व.सरस्वती पराजुलीको पाँचौं गर्भ, दोस्रो पुत्रका रूपमा म जन्मेको रहेछु ।

**(घ) औपचारिक शिक्षा :** छोटी लेकबाट परिचित मेरो जन्म गाउँका हाम्रा गोठमा २०/२२ वटा गाईका साथै राँगासहित ७/८ माउ भैंसी थिए । हाम्रो गाउँमा हिउँदमा घाँसको कमी हुन्थ्यो । हामीले घाँस ख्वाउने र घाँसवालाको बारी मलिदिने चलन थियो । त्यसैले हिउँदमा २/४ महिनाका लागि कहिले माथि लेकको भोटेगाउँका सेतुमान भोटेका बारीमा त कहिले हाम्रो घर पारिपट्टिको जोरघरबाट चिनिने गाउँमा हामी गोठ लान्थ्यौं । जोरघर मेरो जन्मगाउँ पूर्व बुवाँखोला पारिपट्टिको गाउँ हो । त्यहाँका किराँतीहरूका बारीमा भुइँ र डाले घाँस प्रशस्त हुन्थ्यो । उनीहरू ज्यादै कम पशुपालन गर्ने हुनाले बारी रूखा हुन्थे जहाँ हामी गोठ लान्थ्यौं र मलिदिन्थ्यौं । हाम्रा गोठमा २०/२२ वटा गाई र ६/७ माउ भैंसी थिए ।

एघार वर्षको उमेरसम्म म, मेरा जेठा बुबाका छोराहरू स्व. प्रेमलाल र श्री मनरथ पराजुलीसहित गोठमा गोठालो गरेर बस्थ्यौं । कुरो २०१७/०१८ सालको हो । हाम्रो गाउँ वासिङ्थर्पुमा पहिलोपल्ट श्री भवानी राष्ट्रिय प्राइमरी स्कूल खुल्यो । मैले घरमै बुबाबाट कहिलेकाहीं चण्डीका श्लोक, रुद्रीका ऋचा, नेपाली देवीभागवत र महाभारतका केही श्लोक सुनेको भने थिएँ । बाह्रखरीका केही अक्षर पनि अलिअलि सुनेको स्मृति आज भइरहेको छ ।

स्कूल खुलेपछि गाउँका केटाकेटीलाई स्कूलमा भर्ना गर्ने लहर चलेछ । पहिलो पटक खुलेको सो स्कूलमा पहिलो हेड मास्टरको जिम्मेवारीमा भोजपुर गोगनेका पं. नीलकण्ठ उपाध्याय न्यौपाने (हाल स्वर्गीय) आउनुभएको रहेछ । उहाँको पहलमा अघि बढेको विद्यार्थी भर्नाको माहोलका कारण मलाई पनि स्कूलको बालवर्गमा भर्ना गर्ने विचारले मेरो बुबा हरिप्रसाद पराजुलीले मलाई गोठबाट झिकाउनु भएको रहेछ । म गोठबाट ल्याइएँ । गोठालो भएकाले धुस्रैफुस्रै, मैलो–धैलो, चरचरी फुटेका हातखुट्टाको कारण मलाई घरमा ल्याएर नुहाइदिनुका

साथै पातला ढुङ्गाले मेरा फुटेका हातगोडा मिचीमिची धोइदिएको स्मृति मेरो मथिङ्गलमा ताजै छ । त्यसरी सफाइ गरिदिएपछि मलाई जबर्जस्ती रुवाउँदै स्कूलमा लगेर बालवर्ग कक्षामा भर्ना गरिदिनुभयो । थोरै विद्यार्थी, एकजना हेड मास्टर मात्र शिक्षक रहनुभएकाले मलाई पनि काठको फल्याकमा, बाँसको सिन्काले धुलौटो कोरेर बाह्रखरी लेख्न सिकाउन थाल्नुभयो । हेड मास्टर हाम्रो घरमा पनि आइरहनु हुन्थ्यो । मेरी आमाका मावली पनि गोगनेकै न्यौपाने भएकाले उहाँ मेरी आमालाई दिदीको साइनाले बोलाउनु हुन्थ्यो । गोगनेकै श्री पुरूषोत्तम न्यौपाने र कटुन्जेका श्री देवीप्रसाद नेपाल त्यो स्कूलमा आउने दोस्रो र तेस्रा हेड मास्टर हुनुहुन्थ्यो । त्यो स्कूलमा बालवर्गदेखि कक्षा चारसम्म मात्र मैले पढें ।

कक्षा दुईमा राम्रो अङ्क ल्याएकोले डबल प्रमोसन भई चार कक्षा उत्तीर्ण गरेपछि कक्षा पाँचमा चढेको मात्र के थिएँ २०२१ साल फागुन २१ गते मेरो बिहे भयो । बिहे गरेको आठौं दिनमा भोजपुर भुल्के निवासी मेरा मामा पं.होमनाथ भट्टराईका माइला छोरा सीताराम भट्टराईका उलामालामा लागेर भागेर हिंडे । सुनसरीको धरानमा आएपछि अनेक हन्डर खाँदै केही दिनपछि भोजपुर सागबाला गाउँका श्री पद्यप्रसाद दाहालको सहयोगले सुनसरीकै श्री पिण्डेश्वर संस्कृत महाविद्यालयमा संस्कृत पढ्ने प्रयास गरे पनि स्थायी आडभरोसाको अभावमा सफल हुन सकिनँ । केही महिना सुनसरीकै विभिन्न ठाउँमा हन्डर खाँदै विविध पेशामा संलग्न रहेर जीवन गुजार्न बाध्य भएँ ।

केही महिनापछि घरबाट खोज्न आएका मेरा जेठा बुबाका माइला छोरा नाताले मेरा दाजु प्रेमलाल पराजुलीले धरानमा भेटेर घर ल्याउनुभएपछि एक वर्ष घरमा बसैं । आमा सरस्वती पराजुलीका आज्ञाले एक महिनासम्म श्री स्वस्थानी परमेश्वरीको व्रत लिएँ । २०१९ सालमा भागेर हिंड्नुभएका मेरा जेठा दाजु श्री गणेशप्रसाद पराजुली ३/४ वर्षपछि घर आउनुभयो । २०२३ सालमा दाजुसित घर सल्लाहले भारतको इलाहाबाद गएर अरैल गाउँस्थित दाजु पढिरहनुभएको श्री सच्चा अध्यात्म संस्कृत महाविद्यालयमा संस्कृत पढ्न थालैं । सन् १९६६ देखि १९७१ को अवधिमा त्यहाँबाट प्रथमा, र पूर्वमध्यमा प्रथम श्रेणीमा उत्तीर्ण गरैं ।

सन् १९७१ जुलाईमा श्रीमद्भागवत पनि पढ्ने इच्छाले मथुरा जिल्लाको वृन्दावन गएँ । पौराणिक पण्डित श्रीनाथद्वारा स्थापित रेल्वे फाटकस्थित श्री भागवत महाविद्यालयमा श्रीमद्भागवत र श्री ब्रह्मविद्या मन्दिर संस्कृत महाविद्यालयमा उत्तरमध्यमा कक्षामा पढ्न थालैं । ब्रह्मविद्या मन्दिरबाट सन् १९७२ र १९७३ मा उत्तरमध्यमा उत्तीर्ण गरैं ।

शास्त्री कक्षामा सहायक विषय नेपाली विषय लिने इच्छाले वृन्दावनकै श्री निम्वार्क संस्कृत महाविद्यालयमा प्रवेश गरेर सन् १९७४ मा शास्त्री प्रथम वर्ष र श्री दैवीसम्पद् अध्यात्म संस्कृत महाविद्यालय ऋषिकेश भारतबाट सन् १९७५ मा शास्त्री दोस्रो वर्ष प्रथम श्रेणीमा उत्तीर्ण गरेँ । आचार्य अध्ययनका लागि भारतको वनारस आएर सकरकन्द गलीस्थित श्री साधुवेला संस्कृत महाविद्यालयबाट सन् १९७८ मा साहित्याचार्य प्रथम श्रेणीमा उत्तीर्ण गरेपछि नेपाल प्रवेश गरेँ ।

नेपालका विभिन्न ठाउँमा व्यावसायिक जीवन निर्वाह गर्दै वि.सं. २०३७/२०३८ मा त्रिभुवन विश्वविद्यालयबाट प्राइवेट विद्यार्थीको रूपमा नेपाली विषयमा स्नातकोत्तर र वि.सं. २०४९ मा प्राइवेट विद्यार्थीकै रूपमा कानून स्नातक उत्तीर्ण गरेपछि मेरो औपचारिक शिक्षाको यात्रा टुङ्गियो ।

■ **कार्यगत आबद्धताका दृष्टिले यहाँको व्यक्तित्वका अनेकौं आयाम छन् । ती आयामहरू कुन कुन हुन् ? प्रस्ट पारिदिनुहोस् न ।**

सृष्टिचक्रमा सबै प्राणीमध्ये श्रेष्ठ मानिएको मानिसले शिक्षा आर्जन गर्नुपर्छ र राष्ट्र सेवामा जुट्नै पर्छ । मैले यथासम्भव केही अनौपचारिक त केही औपचारिक शिक्षा हासिल गरेँ । पुर्ख्यौली व्यवसाय यजमानी रहेकोले साँझबिहान सो व्यवसाय पनि गर्दै भोजपुरको बालंखा गाउँस्थित श्री महासिंहदेवी प्राथमिक विद्यालयको प्रधानाचार्य भई अस्थायी रूपमा लगभग ३/४ महिना काम गरेँ । त्यसपछि शिक्षा आयोग उत्तीर्ण भएर भोजपुरकै गोगने गाउँस्थित श्री विद्येश्वर निम्नमाध्यमिक विद्यालयको प्रधानाध्यापकसमेत भई शिक्षण गरेँ ।

२०३५ सालमा जागिर पनि खाँदै थप अध्ययन पनि गर्ने चाहले काठमाडौं उपत्यकामा प्रवेश गरी तत्कालीन निर्माण तथा यातायात मन्त्रालयको कलकत्ता पानी जहाज शाखाको दरबन्दीमा अस्थायी नायब सुब्बा पदमा नियुक्त भई ३/४ महिना काम गरेँ । त्यसबेला स्नातकोत्तरको परीक्षाको मान्यता लिन त्रिभुवन विश्वविद्यालयले सञ्चालन गरेको राष्ट्रिय विकास सेवा कार्यक्रममा सामेल हुन १ महिने तालिम लिई त्रि.वि.ले खटाएको गाउँमा गएर १० महिना शिक्षण गर्नु अनिवार्य थियो । म सो तालिममा संलग्न भएर गोर्खा जिल्लाका भच्चेक लप्सीबोट गाउँस्थित श्री ज्ञानज्योति माध्यमिक विद्यालयमा खटाइएर ३/४ महिना शिक्षण गरेँ । २०३६ सालमा नेपालमा चलेको राजनीतिक तथा विद्यार्थी आन्दोलनको कारण सो १० महिने रा.वि.से.कार्यक्रम स्थगित भएकाले म पनि फर्किएँ ।

गोर्खा जानुपूर्व त्रिभुवन विश्वविद्यालयको हेड असिस्टेन्ट पदको परीक्षा दिएको थिएँ । सो परीक्षामा सफल भएकाले गोर्खाबाट फर्केर आएर त्रि.विले पदस्थापन

गरेको नेपाल कमर्स क्याम्पस (हाल नेपाल कमर्स क्याम्पस) मा हाजिर भई सेवा गर्न थालेँ ।

उक्त क्याम्पसमा काम गर्दा त्रि.वि.कै खर्चमा अधिकृत स्तरको पुस्तकालय विज्ञान अध्ययन गर्न सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय वाराणसी भारतमा मनोनयन गरेको थियो । तर, २०३८ सालमा त्रि.वि.कै स्थायी सहायक प्रशासक पदमा उत्तीर्ण भई त्रि.वि. शंकरदेव क्याम्पसमा पदस्थापन भएकाले पुस्तकालय विज्ञान पढ्न नगएर पदस्थापन भएको क्याम्पसमा हाजिर भई सेवा गर्न थालेँ । केही समयपछि सो क्याम्पसले मलाई बिहानी सत्रमा काम तोकेकोले दिउँसोको समयमा वि.सं. २०४४ देखि केही महिना आंशिक प्राध्यापक भई त्रि.वि. नेपाल ल क्याम्पसमा स्नातक तहलाई नेपाली विषय र नेपाल कमर्स क्याम्पस मीनभवनमा प्रवीणता प्रमाणपत्र तहका विद्यार्थीलाई नेपाल परिचय पढाएँ ।

२०४६ सालमा लोक सेवा आयोगको शिक्षा सेवा जनरल एजुकेशन समूह प्राविधिक अधिकृतको परीक्षा उत्तीर्ण गरेपछि त्रि.वि.सेवाबाट राजीनामा गरी शिक्षा मन्त्रालय पुरातत्त्व विभागअन्तर्गतको राष्ट्रिय अभिलेखालयमा पदस्थापन भएर केही महिना काम गरेँ । मानिस प्रारब्धको वशमा हुन्छ, पुरुषार्थ र विद्या आदि उपाधि कामयावी हुँदैनन् (भाग्यं फलति सर्वत्र न विद्या न च पौरूषम्) भनाइ अनुसार अभिलेखालयमा उपसचिवको दरबन्दी समेत नभएको आदि विभिन्न कारण मनन गरी म त्यहाँ अडिन सकिनँ । सरकारी सेवाको परीक्षा दिनुपूर्व जनक शिक्षा सामग्री केन्द्र र नेपाल विद्युत प्राधिकरणको अधिकृत पदका परीक्षा दिएको थिएँ । जनक शिक्षा सामग्री केन्द्रमा प्रतीक्षा सूची १ नं.मा नाम निस्कियो ,प्राधिकरणमा चाहिं सफल भएकाले भाग्यले यतै डोऱ्याएको सम्झी सरकारी सेवाबाट राजीनामा गरी प्राधिकरण सेवामा प्रवेश गरें ।

प्राप्त पद–प्रतिष्ठा धन–सम्पत्ति र ऐस आरामले सधैं सन्तुष्ट र खुशी नरहने मानिसमध्ये म पनि भएकाले अझ राम्रोको खोजीमा विभिन्न परीक्षाहरू दिइराख्ने बानीले मलाई पनि उमेरमा गाँजेको थियो भन्नमा लजाउँदिन । त्रि.वि.प्रशासनिक सेवामा रहँदा समान तहको प्रशासनिक अधिकृत पदबाट समान तहको प्राध्यापन सेवा सहायक प्राध्यापकमा पद परिवर्तन गर्ने प्रयास गर्दा त्रि.वि.को स्वीकृति नपाएपछि खुला स्थायी सहायक प्राध्यापक पदको परीक्षा पनि दिएको थिएँ ।

प्राधिकरणको सेवामा प्रवेश गरेपछि स्थायी सहायक प्राध्यापक पदको परीक्षामा सफल भई त्रि.वि. महेन्द्र मोरङ क्याम्पस विराटनगरमा पदस्थापन भएकाले राजीनामा गरी प्राधिकरणको सेवामै रहें । २०४७ मा काठमाडौंको बानेश्वरमा

सामुदायिक क्याम्पसको रूपमा बानेश्वर क्याम्पसको स्थापना भयो । बिहानी सत्रमा सञ्चालित सो क्याम्पसमा स्थापनाकालदेखि नै म आंशिक प्राध्यापक भई नेपाली विषय पढाउँदै थिएँ । त्रि.वि.सेवाको प्रशासनिक पदमा रहँदादेखि नै क्याम्पस पढाउँदै आएको र बानेश्वर क्याम्पसमा पनि प्राध्यापन गरिरहेको कारण प्राध्यापन संस्कृतिको संस्कार थाहा पाइसकेकोले म पुनः त्रि.वि. सेवामा फर्किनँ । मानिसले परिश्रम गरेर मात्र सबै कुरा प्राप्त हुँदा रहेनछन्, मानिस नियतिकै दास रहेछ भनी त्यसपछिको प्राप्तिमा नै सन्तुष्टि लिन अभ्यस्त पनि छु ।

■ **अहिलेलाई मूलतः साहित्यिक व्यक्तित्वकै सेरोफेरोमा रहेर कुराकानी गरौं । यहाँ साहित्यका अध्येता, समालोचक, सम्पादक र स्रष्टा समेत हुनुहुन्छ । साहित्य भनेको के हो ? यसको सामाजिक उपयोगिता माथि प्रकाश पारिदिनु हुन्छ कि ?**

साहित्य मानव मनको सुकोमल भावनाको उद्‌गार हो भन्ने मान्यता राख्ने मान्छे हुँ म । साहित्यको सिधा सम्बन्ध मान्छेको मानसिक कमलो भावनासित हुन्छ । कोमल भावना भन्नु नै सार्वकालिक प्राणीहितको चिन्तन र सत्यम्, शिवम्,सुन्दरम् को सुन्दरतम अभिव्यक्ति हो । पूर्वीय साहित्यकारहरूले 'सहितस्य भावः साहित्यम्' त्यसै कारण भने । शब्दमा कल्याणकारी भावनाको उद्‌गार नै साहित्य हो भन्ने उनीहरूको निष्कर्ष थियो । साहित्यकारलाई कवि, मनीषी, स्वयम्भू आदिबाट सम्बोधन पनि गरियो । परोपकाराय सतां विभूतयः सूक्तिको गर्भित आशय पनि परहितकारी भावना, कर्तव्य र कार्यसारको अभिव्यक्ति हो । त्यस्तो भावना र कार्यको प्रकटीकरण सज्जनले मात्र गर्न सक्छन् । सज्जन ती हुन् जसको हार्दिक भाव कोमल हुन्छ र सदैव सबैको हित चाहन्छन् ।

एउटा सच्चा कविहृदयमा जब कल्याणकारी भावनाको उभार आउँछ अनि त्यो शब्द र वाक्यमा मौखिक वा लिखित स्वरूपमा देखापर्छ जसलाई साहित्य कहिन्छ । त्यसको स्मरण, अध्ययन, मनन, चिन्तनले जनहित गरेको हुन्छ र मानव आनन्दातिरेकको अनुभव गर्दछ । तिनै कुरालाई साहित्यको प्रयोजनमा यश, अर्थ, व्यवहारज्ञान, अकल्याणको नाश र जीवन अगाडि बढाउन सुमधुर सल्लाह दिने अत्युत्तम साधन भनिएको छ ।

मानव सदा सुख र आनन्दको खोजीमा छ । आनन्दका दुईटा पाटा कृत्रिम र वास्तविक । धन–दौलत, मान–सम्मान, पद–प्रतिष्ठा, शारीरिक सुन्दरता सांसारिक विषयभोग आदि आनन्दका कृत्रिम स्वरूप हुन् । साहित्यले दिने आन्तरिक सुख वास्तविक आनन्द हो जहाँ कविहृदय द्रवीभूत भएर पग्लिएको हुन्छ । अविनाशी त्यो आनन्द लिनमा नभएर दिनमा गौरवताको अनुभव गर्छ । त्यही मर्म बुझेरै

कवि लेखनाथ पौडेलले मुठी होस् वा फाँको अलिकति छुटाएर ममता, लिनेलाई भन्दा अझ सुख दिनेलाई बढता भने भनें खोज्छन् सबै सुख भनी सुख त्यो कहाँ छ, आफू मिटाई अरूलाई दिनु जहाँ छ भनी महाकवि लक्ष्मीप्रसाद देवकोटा पनि कुर्लिए । हो, त्यस्तै भावनाको समुद्गार नै साहित्य हो भन्ने मेरो ठम्याइ हो ।

■ **यहाँको साहित्य सिर्जनाको प्रेरणा र पृष्ठभूमि के कसरी तयार हुन पुग्यो ?**

मेरो पुस्तौनी पेशा पौरोहित्य थियो । यजमानी गर्दा रूद्रीका ऋचा र चण्डीका श्लोक उच्च स्वरले पाठ गर्नुपर्थ्यो । म जन्मेको गाउँमा पण्डितहरू थिएनन् । बाहिरी गाउँहरूबाट आएका व्यावसायिक पण्डितहरू विभिन्न धार्मिक श्लोक एवं स्तुति,भजन र ज्योतिषका विभिन्न छन्दोबद्ध श्लोकहरू पनि उच्च स्वरले पढ्थे । उनीहरूको भाका सुनेर कापी,कलम लिएर केही श्लोकहरू लेख्ने बानी बस्यो । १३ वर्षको उमेरसम्म गाउँघरमा बस्ता बेलाबेलामा त्यसरी लेखे /उतारेका कापी मसित अझै पनि छन् ।

अर्को कुरा फुर्सदको बेला मेरा पिताजी स्व. हरिप्रसाद पराजुली राति अँगेनाका डिलमा र बिहान दिउँसो दलानका खाटमा बसेर भाषामा लेखिएको देवी भागवत र महाभारतका श्लोकहरू वाचन भाका हालेर गर्नुहुन्थ्यो जसलाई म पनि चाख दिएर सुन्थें । पण्डितहरूका संगतले चण्डीको देवी क्षमापराध स्तोत्र, गुणरत्नमाला, चर्पटमञ्जरी आदिका श्लोक वाचन गर्ने क्रमिक आदत बस्यो ।

पशुपालन व्यवसाय हाम्रो पनि थियो । गाईवस्तु चराउन, घाँस दाउरा गर्न र घाँस काट्न जाँदा होस् कि चाडपर्व र फुर्सदका बेलामा रनवन घन्काएर अरूले गाएका एकल र दोहोरी गीत सुन्दाको संस्कारले पनि मभित्र बास पाउँदै पायो । गाउँघरमा तोरी पेल्दा, ढिकीजाँतो गर्दा मकै भुत्याउँदा, कुलो र बाटो खन्दा, रोपाइँ, दाइँलगायतका कृषिकर्म गर्दा र हाटबजार जाँदा आउँदा पनि गीत गाउने चलन छ । विवाह व्रतबन्ध, रतेली लगायतका धार्मिक–सांस्कृतिक कृत्य सम्पादन हुँदा गाइने गीत, भजन र मनोविनोदी व्यङ्ग्य संवादको प्रभाव पनि नजानिंदो किसिमले मभित्र प्रवेश गर्दै गयो ।

अझ काइदाको स्मृति त के छ भनें म माझकिराँत भोजपुरमा जन्मेको व्यक्ति । उनीहरूको धार्मिक-सांस्कृतिक पर्व उँधौली–उँभौलीमा हुलका हुल ढोल–ढ्याङ्ग्रा र झ्याम्टासहित विभिन्न पर्वगीत गाउँदै,नाच्दै देवी-देवताका स्थानमा गई पूजा–आराधना गरेर नाचगानसहित चण्डीबजारमा गएर रमरउस गर्ने गर्थे उनीहरू । ती नाचगान हेर्ने /सुन्ने बानीको बीजवपन पनि मेरो मनमष्तिष्कमा सानैदेखि क्रमशः हुँदै गयो ।

नाताले मेरा काका श्री डिल्लीप्रसाद पराजुलीका घरमा हाम्रो घरभन्दा बढी धार्मिक/सामाजिक कृत्य महारूद्री,अतिरूद्री,लघुरूद्राभिषेक र पुराणका कार्यक्रम बारम्बार हुन्थे, जहाँ हुने बालन र भजनकीर्तन सुन्न पाइन्थ्यो । स्कूलमा पदस्थापन भई आएका मास्टरहरू पनि त्यसै घरमा बस्ने हुँदा त्यो घरमा पढ्ने पढाउने वातावरण निकै राम्रो थियो। त्यो वातावरणले मभन्दा १० दिनले कान्छा भाइ पुण्यप्रसाद पराजुली चण्डीको देवी क्षमापराध लगायतका स्तोत्र उच्च स्वरले पढ्दै तलमाथि ओहोरदोहोर पनि गर्थे । मैले निकैपछि पढ्न थाले पनि भाइले उच्चारण गरेका ती श्लोकहरू म चाखसाथ सुन्थें ।

म विद्यालय भर्ना भई पढ्न थालेपछि दोस्रो प्रधानाध्यापकको जिम्मेवारीमा भोजपुर गोगनेकै श्री पुरूषोत्तम न्यौपाने आउनुभयो । उहाँ पूर्व प्रधानाध्यापक नीलकण्ठ न्यौपानेभन्दा फरक प्रकृतिका हुनुहुन्थ्यो। स्कूलमा नाच,गान,गीत,कविता आादिको आयोजना गराइरहने उहाँद्वारा गरे/गराइएका गतिविधिको छाप पनि मभित्र पऱ्यो । उनको कार्यकालमा हाम्रो स्कूलमा आएकी विकास जिल्लाशिक्षा निरीक्षक (वि.जि.शि.नि.) ले स्कूलको सभामा गाएको गाउँको विकास गरेनौ भने समाजले बहिष्कार गर्ने छ ....बोलको प्रभावकारी गीतले मेरो हृदयमा हठात् आसन जमायो ।

जब म संस्कृत अध्ययनका लागि भारतको उत्तर प्रदेश इलाहावाद जिल्लाको अरैल गाउँस्थित श्री सच्चा अध्यात्म संस्कृत महाविद्यालयमा प्रवेश गरें । त्यहाँ चौबीसै घण्टा अखण्ड हरिकीर्तन हुन्थ्यो। आश्रमवासी र विद्यार्थीहरूले आलोपालो २,२ जनाको पालो बाँधी हरिकीर्तन गर्नु अनिवार्य थियो । माइकमा उच्च स्वरले गरिने मेरे सर्व जगो सर्वत्र जगो प्रभु आप जगो परामात्मा जगो ......आदि बोलको प्रभाव पनि मभित्र पऱ्यो । आश्रमका संस्थापक श्री सच्चा बाबाका चेला तथा भक्तहरू विशेष पर्वहरूमा इलाहावाद शहरबाट बाबालाई भजन सुनाउन बेलाबखत आइरहन्थे । त्यस्ता भजन संगीतका विशेष अवसरहरूमा हामी विद्यार्थीहरू पनि बोलाइन्थ्यौं। भजनकीर्तन, गीतसंगीतका कार्यक्रमपछि मीठा परिकार खान पाइने,लुगाकपडा र दक्षिणा पनि पाइने आकर्षणले पनि हामी सामेल हुन्थ्यौं । अलि प्रतिभाशाली गुरुवर्ग र विद्यार्थीलाई पनि बाबाजीले सभामा बोल्न, श्लोक र भजन प्रस्तुत गर्न पनि लगाउनु हुन्थ्यो जसमा प्रायः म पनि भाग लिन्थें। त्यो प्रभावको संस्कारले पनि मलाई गीतसंगीत,भजनकीर्तन,राम्रा कविताको संकलन र श्रवण मननतिर डोऱ्यायो ।

प्रयागराजबाट श्रीमद्भागवतको समेत अध्ययन गर्ने चाहले म वृन्दावन गएँ । नेपालको हेटौंडा र वृन्दावनको पानीघाटमा समेत घर भएका वासुदेव आत्रेयको संगतले श्री हरदेव मन्दिरमा बसोबास गर्न थालें। सो मन्दिर र श्रीरंगनाथ मन्दिरको

धार्मिक सांस्कृतिक वातावरणले संस्कृत साहित्यका धार्मिक भजन, आरती, गीत संगीत र श्लोकहरूले मेरो संस्कारलाई नयाँ आयाम दिए । उत्तरमध्यमा पढ्नका लागि ब्रह्मविद्या मन्दिर संस्कृत महाविद्यालयमा प्रवेश गरें । नेपालको तेह्रथुम निवासी हरिप्रसाद पौडेलसितको संगतले नेपाली साहित्यका सारथि लक्ष्मीप्रसाद देवकोटा,चक्रपाणि चालिसे, लेखनाथ पौडेल लगायतका साहित्यमा गोता लगाउन पुगें । हरिप्रसाद आफू पनि राम्रा कविता लेखेर सुनाउँथे, त्यो छाप पनि ममा पर्‍यो ।

म क्रमशः नेपाली छात्र संघ वृन्दावनमा संलग्न हुन थालें । त्यहाँ साहित्य मन्त्रीको जिम्मेवारी पनि पाएँ । अध्यक्ष परकाल शास्त्री, हरिहर घिमिरे र हरिप्रसाद पौडेललगायतका साहित्यिक रचनाले मेरो हृदयलाई खिच्तै गए । वासुदेव आत्रेय राम्रा संगीतज्ञ र भजन गायक थिए । भजनकुटी निवासी श्री माधवशरूण उपाध्याय वाग्लेको संगतले पनि मलाई बढावा दियो । रेल्वे फाटकस्थित पण्डित श्रीनाथको भागवत विद्यालयमा दिउँसो २ बजेपछि श्रीमद्भागवत पढाउने गुरुले पाठ गर्नुभएका भागवतका गोपीगीत, भ्रमरगीत, वेदस्तुतिका सस्वर पाठले मेरो हृदय नै खिच्यो । मित्र हरिप्रसाद पौडलका दीक्षागुरु पण्डित वनवारीलाल दास वृन्दावन मथुरा क्षेत्रकै प्रतिष्ठित विद्वान् थिए । रेल्वे फाटक नजिक रहेको स्वर्गाश्रम संस्थाका संस्थापक वनवारीलालको आश्रममा पनि नियमित भागवतको पढाइ हुन्थ्यो । अरू गुरुहरूबाट खुल्न नसकेको भावार्थ सरल तरिकाले बुझाउन समर्थ उहाँले गरेको भागवतको सस्वर पाठले मेरो हृदय कमल खोलिदियो ।

निम्बार्क संस्कृत महाविद्यालयमा शास्त्री प्रथम वर्ष पढ्दा श्री हरिशरण उपाध्याय लम्सालज्यूले उच्च स्वरले नेपाली र संस्कृत साहित्य पढाउँदाको वातावरणले मभित्रको साहित्यिक अनुरागलाई थप योगदान पुर्‍यायो । उहाँद्वारा लिखित हिन्दूधर्म नाटकको प्रमुख पात्र हिन्दूधर्मको अभ्यास गर्दा नाटकभित्रका मार्मिक कवितापङ्क्तिले मेरो हृदय द्रवित गरायो ।

वृन्दावनपछि शास्त्री दोस्रो वर्ष पढ्न ऋषिकेशस्थित परमार्थ निकेतन आश्रमद्वारा सञ्चालित श्री दैवी सम्पद अध्यात्म संस्कृत महाविद्यालयमा प्रवेश गरें । त्यस आश्रममा दैनिक हुने श्लोकबद्ध प्रार्थना,गीतापाठ र सन्त समागमका धार्मिक साहित्यिक वातावरणले मेरो मनमष्तिष्कलाई अझ परिष्कृत गर्दै लग्यो ।

माथि भने अनुसारका विविध वातावरणले आफूभित्र स्थायी रूपमा निवास गर्दै आएको साहित्यिक संस्कारलाई अघि बढाउन विशेष परिस्थिति बाहेक दैनिक श्रीमद्भागवत वा अन्य कुनै धार्मिक ग्रन्थका श्लोक,भजन तथा धार्मिक गीत–संगीत (आरती) का केही अंश पाठ नगरी नखाने बानी बस्तै गयो । बानेश्वर क्याम्पसमा

प्रवेश गरेपछि क्याम्पस संस्थापनकालका प्राध्यापकहरू प्रा.डा.वासुदेव त्रिपाठी, प्रा.दैवज्ञराज न्यौपाने, डा.केदार न्यौपाने, टंकमणि नेपाल, सीताराम अधिकारी, महेश प्रसाईं, प्रह्लाद पोखेल आदि साहित्यकारहरूको संगतले थपिँदै आएको साहित्यिक ऊर्जा कालान्तरमा क्याम्पसको प्राध्यापन सेवामा प्रवेश गर्नुभएका साहित्यकार डा.गीता खरेल, डा.मधुसूदन लामिछाने, रमेश शुभेच्छु, भावकेशर बराल आदिसितको घुलमिलपछि बानेश्वर सर्जक समाज नामको आन्तरिक साहित्यिक संस्था खडा गर्न पुगियो । अब अझ थप साहित्यिक वातावरण तयार हुँदै गयो । त्यो समाजको आयोजनामा बानेश्वर क्षेत्रका नामुद साहित्यकार हरूसितको जमघटले मेरो साहित्यिक रुचिलाई थप बल मिल्यो ।

२०४७ सालमा नेपाल विद्युत प्राधिकरणको प्रशासनिक सेवामा प्रवेश गरेपछि प्राधिकरणका वार्षिक कार्यक्रमहरूमा आयोजित प्राधिकरणव्यापी कवितावाचन कार्यक्रममा सामेल हुन पुगें । ती वार्षिक कवितावाचन कार्यक्रमले त्यहाँका साहित्यसेवी ठाकुरराज पाण्डे,मोहनबहादुर कायस्थ,मोहनकृष्ण उप्रेती, विष्णुबहादुर सिंह, केशवप्रसाद रूपाखेती, मात्रिका पोखेल, रामेश्वर राउत मातृदास, कृष्णमोहन श्रेष्ठ, कमला श्रेष्ठ, पुण्यप्रसाद घिमिरे, कृष्णदेव रिमाल आदि साहित्यसेवीहरूसितको घुलमिलपछि सबैको सल्लाह, सम्मति र नेपाल विद्युत प्राधिकरण व्यवस्थापनको पूर्ण स्वीकृति एवं सहयोगले वि.सं २०५४ मा विद्युतकर्मी साहित्यिक समाजको जन्म भयो जन्म भयो र जिल्ला प्रशासन काठमाडौंमा दर्ता गर्न पनि हामी सफल भयौं । प्राधिकरणको पाँचौं वार्षिकोत्सवमा प्रेस सल्लाहकारको जिम्मेवारी पाएर प्राधिकरणमा भित्रिनु भएका साहित्यकार पोषण पाण्डेले प्राधिकरणको वार्षिकोत्सवमा कवितावाचन कार्यक्रमलाई पनि समावेश गर्ने दूरगामी चिन्तन भित्र्याइदिएर साहित्यिक वातावरण तयार गरिदिनु भएको पुनीत पृष्ठभूमिमा विद्युतकर्मी साहित्यिक समाज हामीले जन्माएका थियौं । साहित्यिक साथीहरूको सहयोग र सद्भावले सो समाजको संस्थापक अध्यक्षको जिम्मेवारी वहन गर्ने सुअवसर पाएको म साथीहरूप्रति आभारी छु र आफूलाई भाग्यमानी सम्झन्छु । नेपाल विद्युत प्राधिकरण व्यवस्थापनले सहृदयतापूर्वक सम्मति र सहयोग गरी स्थापित विद्युतकर्मी साहित्यिक समाजले राष्ट्रकवि माधवप्रसाद घिमिरे,मोहन कोइराला, प्रा.डा.वानिरा गिरिलगायतका नेपालका अग्रज प्रतिष्ठित साहित्यकारहरू र दोस्रो तेस्रो पुस्ताका तमाम साहित्यकारहरूलाई उक्त समाजमा निम्त्याएर विभिन्न समयमा विभिन्न साहित्यिक कार्यक्रम सम्पन्न गर्न थालेपछिं मभित्रको साहित्यिक बीज अझ अंकुरित र पत्रित हुँदै आएको स्मृति मलाई छ । विद्युत प्राधिकारणका पहिलो, दोस्रो, तेस्रो र चौथो पुस्ताका साहित्यप्रेमी

साथीहरूले विद्युतकर्मी साहित्यिक समाजमार्फत सञ्चालित विविध साहित्यिक कार्यक्रम,सम्पादन र प्रकाशन गर्दै आउनुभएकाले मभित्रको साहित्यप्रेम अझ प्रगाढ हुँदै गएको अनुभव पनि गर्दछु ।

**■ प्रथम प्रकाशित रचना कुन हो र कुन पत्रिकामा कहिले प्रकाशित भयो ? केही सम्झना छ ?**

सन् १९७२ देखि १९७४ सम्म भारतको वृन्दावनमा अध्ययन गर्दै थिएँ । वृन्दावनमा नेपाली विद्यार्थीहरूको साझा संस्था नेपाली छात्र संघ थियो । केही समय म सो संघको कार्यसमितिमा निर्वाचित भई साहित्य विभागको मन्त्रीको जिम्मेवारीमा थिएँ । छात्र संघबाट 'हिमज्योति' नामको साहित्यिक पत्रिका प्रकाशित हुन्थ्यो । त्यो पत्रिकामा मेरो समाज सेवा विषयक एउटा लेख र शिक्षा विषयक एउटा कविता प्रकाशित भएको स्मरण छ तर ती रचनाका शीर्षक पनि याद छैनन् र रचना पनि सुरक्षित छैनन् । त्यसपछि वि.सं.२०३८सालदेखि २०४६ सालसम्म त्रिभुवन विश्वविद्यालयको आंगिक क्याम्पस शंकरदेव क्याम्पस पुतली सडकमा अधिकृत तृतीय सहायक प्रशासक पदमा कार्यरत थिएँ । त्यस क्याम्पसमा अध्ययन गर्ने नेवार समुदायका विद्यार्थीले चकना साहित्य पाला नामको पत्रिका प्रकाशन गर्थे । त्यस पत्रिकामा 'शंकरदेव क्याम्पस' शीर्षकको मेरो लेख प्रकाशित थियो जसको प्रतिलिपि सुरक्षित छ ।

**■साहित्यका कुन कुन विधामा कलम चलाउँदै आउनु भएको छ ? कुन विधामा अभिव्यक्त हुन विशेष सहज लाग्छ ?**

कविता विधा प्रिय लागे पनि कविता लेखन पातलो छ । साहित्यको परिचय, जीवनी र धर्म –संस्कृति विषयक रचनामा बढी रम्दै आएको छु । आफ्नो पहिलो औपचारिक अध्ययन संस्कृत भाषा– साहित्यको भएकाले सनातन हिन्दू धर्म, दर्शन, अध्यात्म,पुराण,उपनिषद् र संस्कार संस्कृतिको अध्ययन, संकलन, मनन, चिन्तन, वाचन, प्रवचन र विश्लेषणमा बढी समय दिने गरेको छु । तिनै विधामा आफूलाई अभिव्यक्त हुन मन लाग्छ र कलम पनि चल्छ । ती विषय जीवनसापेक्ष रहेकाले विशेष रुचि पनि तिनैमा भएको हो ।

**■ यहाँका फुटकर रचनाहरू त धेरै पढिएको छ । प्रकाशित पुस्तकाकार कृतिहरूका बारेमा पनि जानकारी पाउन पाए हुने थियो ।**

विभिन्न साहित्यिक, सांस्कृतिक पत्रिका र कान्तिपुर,अन्नपूर्ण पोस्ट र गोरखापत्रमा बेलामौकामा प्रकाशित विभिन्न विधाका २/३ दर्जन फुटकर रचनाका अतिरिक्त पुस्तकाकार प्रकाशित कृतिहरूमाः

१. वासिङ्थर्पु गाउँ पञ्चायतको शैक्षिक गतिविधि–२०४४ खोजमूलक प्रकाशन भिलेज प्रोफाइल

२. संवैधानिक विकासको क्रममा नेपाल अधिराज्यको संविधान २०४७ मा धर्मको स्थान–२०४८

*अनुसन्धानात्मक कृति सेमिनारसम्बन्धी कार्यपत्र*

३. नेपाल अधिराज्यको संविधान २०४७ मा धार्मिक प्रावधान शोधपत्र २०४९ कानून स्नातक तेस्रो वर्षको इन्टर्नसिप कार्यक्रमअन्तर्गत लिखित खोजमूलक प्रकाशन

४. प्रयास–२०५६- थर,गोत्रप्रवर,वंश,संस्कार र संस्कृतिमूलक अनुसन्धानात्मक कृति

५. प्रकाशगृहका स्रष्टा–२०७४- विद्युतकर्मी साहित्यकारहरूको जीवनीमूलक प्रकाशन)

६. मेरो जीवनका केही घुम्ती र घटनाहरू–२०८० (जीवनवृत्तमूलक प्रकाशन)

७. आफ्नै सेरोफेरो आफ्नै नालिबेली (प्रेसमा)

■ **साहित्यको सेवा गरेबापत हालसम्म पाउनु भएका सम्मान र पुरस्कार कुन कुन हुन् ।**

१. गीताजयन्ती भाषण प्रतियोगिता दोस्रो पुरस्कार–१९७३ अवध साहित्य परिषद् वृन्दावन,भारत

२. गीतारामायण परीक्षा समिति प्रथम पुरस्कार–१९७५ गीताभवन स्वर्गाश्रम ,पौडी गढवाल, भारत ।

३. रामायण क्यासेट म्युजिक नेपाल,काठमाडौं–२०५५

४. वार्षिकोत्सव सम्मान तथा नगद पुरस्कार नेपाल विद्युत प्राधिकरण–२०५३

५. प्रतियोगितात्मक कविताวाचन पुरस्कार नेपाल विद्युत प्राधिकरण–२०५५

६. अधिकृत स्तरीय भलिबल प्रतियोगिता द्वितीय पुरस्कार–२०६३

७. नेपाल विद्युत प्राधिकरण विद्युतकर्मी साहित्यिक समाज ज्योति साहित्यिक सम्मान–२०६६

८. नेपाल विद्युत प्राधिकरण उपहार कदर पदक–२०६७

९. भोजपुर गोगनेका न्यौपाने समाज–२०७५

१०. नेपाली कांग्रेस वडा नं. ३२ बाट प्राप्त सम्मानलगायत अन्य २ दर्जनभन्दा बढी संस्थाबाट कदर सम्मान,अभिनन्दन पाएको छु ।

**■ कतिपयले साहित्यलाई यो मनको उत्पादन हो, कलात्मक त हुन्छ तर उपयोगी हुँदैन पनि भन्ने गरेको पाइन्छ, यस सम्बन्धमा तपाईं के भन्नुहुन्छ ?**

**हितेन सह सहितः, सहितस्य भावःसाहित्यम्** भनी परिभाषित हुने साहित्य शब्द नै हित तथा कल्याण अर्थको संवाहक हो । साहित्यको काम समाज र संस्कृतिको चित्रण गरी कल्याण मार्गको निर्देशन गर्नु भएकाले साहित्यलाई समाजको दर्पण पनि भनिन्छ । कथा, कविता, निबन्ध, नाटकलगायत साहित्यका अनेक विधा छन् । ती विधाभित्र विविध विषयवस्तु, प्रसङ्ग र पात्र आदिको चित्रण गरिएको हुन्छ । साहित्यको उद्देश्य राम्रो आचरणको प्रसारण गर्नु, विधिव्यवहार सिकाउनु, अर्थोपार्जनको शिक्षा दिनु, अहितकारी काम कुराबाट मानवलाई बचाउनु र सन्मार्गको सल्लाह दिनु आदि भएकाले साहित्य मनको उत्पादन मात्र नभएर यसको उद्देश्य कला, सीप, नीति, धर्म, दर्शन, पारिवारिक, सामाजिक सम्बन्ध, खोज अनुसन्धान, इतिहास, संस्कृति, कर्तव्य, अकर्तव्य आदि विषयवस्तुको चित्रण गरी जीवन उपयोगी दिग्दर्शन गर्नु हो । तसर्थ साहित्य मानव र राष्ट्रको जीवनका लागि उपयोगी भएकाले यसलाई अनुत्पादक र उपयोग विहीन भन्नु सही होइन ।

**■ यहाँको लेखनकला कुनै वाद वा सिद्धान्त वा अभियान विशेषबाट निर्देशित वा प्रभावित छ कि ?**

म अध्यात्मवादमा विश्वास गर्ने मानिस हुँ । आत्मनि अधि विग्रह गरिने अध्यात्म शब्दको अर्थ आफूमाथि आफ्नो विजय भन्ने हुन्छ । आफू भन्नु व्यक्तिविशेष मात्र नभएर आफ्नो राष्ट्र र समाज पनि हुन्छ । समाज भन्नासाथ मानव समुदाय भन्ने बोध हुन्छ । संस्कार, संस्कृति, रहनसहन, चालचलन, जाति, धर्म आदि मानव समुदायभित्रै हुन्छन् । सर्वे पदाः हस्तिपदे निमग्नाः भनी (अरू पशुका पाइलालाई हात्तिको एउटै पाइलाले छोपिदिन्छ) भने  जस्तै मैले विश्वास गर्ने अध्यात्मवादभित्र मानववाद र समाजवाद आदि सबै वाद पर्ने भएकाले मेरो लेखन, चिन्तन, मनन र जीवनदर्शन त्यसैबाट निर्देशित वा प्रभावित छ ।

**■साहित्य लेखेर पेटपालो गर्ने मेसो नेपालमा पनि बन्दैछ भन्नेहरू भेटिन थाले । यस सम्बन्धमा यहाँको अभिमत पाउन सकिएला ?**

असल साहित्य दीर्घजीवी हुन्छ । हाम्रा वैदिक ऋचा, उपनिषद्, महाभारत, पुराण, ब्राह्मण ग्रन्थ, चाणक्य नीति, विदुर नीति आदि दीर्घजीवी रहनु त्यसका ज्वलन्त उदाहरण हुन् । राम्रा साहित्यमा कहिल्यै विकार आउँदैन । क्षणिक आनन्दका लागि लेखिने सस्ता साहित्यिक रचना बजारमा बिक्तैनन् र बिकीहाले पनि भदौरे भेल  जस्तै हुर्र आएर बिलाउँछन् जसको अस्तित्व मेटिन्छ तर राम्रो अध्ययन,

मनन, चिन्तन र निदिध्यासनसाथ रचित साहित्यिक रचनाले अर्थोपार्जनसमेत हुन्छ । काव्य साहित्यको प्रयोजन नै मानव र समाजहित, व्यवहारज्ञान, उचित सरसल्लाह र अर्थोपार्जन पनि भएकाले असल साहित्य लेखेर पेटपालन गर्न सकिनेमा शङ्का गर्नु वृथा छ तर त्यस्ता कृति लेखिनु चाहिँ पऱ्यो । नेपाली साहित्यका देवकोटाको 'मुनामदन, शाकुन्तल', लेखनाथको 'तरुण तपसी', माधव घिमिरेको 'राष्ट्रनिर्माता' आदि कृति पनि त्यसका उदाहरणभित्र पर्दछन् ।

**■साहित्य लेखनमा प्रतिभा, व्युत्पत्ति र अभ्यासमध्ये कुन पक्षको भूमिका विशिष्ट हुन्छ भन्ने लाग्छ यहाँलाई ?**

खाट्टी लेखन निक्खर अनुभूतिजन्य हुन्छ । बिना अध्ययन असल अनुभवको जन्म हुँदैन । कलम चलाउनका लागि रोजेको विषयवस्तुबारे अध्ययन, अवलोकनका साथै कतिपय अवस्थामा सुनाइको पनि आवश्यकता पर्न सक्छ । आर्जित अनुभवले रचनाकारलाई चिन्तन–मनननतिर डोऱ्याएर अनुभूतिको स्तरमा पुऱ्याउँन सक्छ । यी अवस्था सामान्य लेखक वा रचनाकारका लागि हुन् जसले अभ्यासको सहारा लिनुपर्छ ।

मध्यम स्तरको रचनाकार कुनै वस्तुको पर्यवेक्षण गरिसकेपछि त्यसको व्युत्पत्ति विश्लेषणतर्फ केन्द्रित भएर रचनागर्भमा प्रवेश गर्छ । उत्कृष्ट साहित्यको रचना समाधिको भाषाबाट हुनेहुँदा संचित संस्कारले जन्मजात चिन्तनप्रतिको पकडका कारण विशिष्ट खालको रचनाकारभित्र विषयवस्तुको पकड र चिन्तनधाराको प्रवाह पहाडी अजस्र झरनावत् प्रस्फुटन हुन्छ हुने जसलाई व्युत्पत्ति र अभ्यासको जरूरत पर्दैन । त्यहाँ प्रतिभा पक्षको भूमिकाले व्युत्पत्ति र अभ्यासलाई जितेको हुन्छ । प्रतिभाको वैशिष्ट्य रहेको रचनामा रचनाकार परम्परागत भाषा, शब्द, लय, छन्द, व्याख्या, विश्लेषण र सोचभन्दा माथि उठेको हुन्छ र सो सिर्जना उत्कृष्ट मानिन्छ । लक्ष्मीप्रसाद देवकोटाको पागल, साँढे र आदि त्यका उदाहरण हुन् ।

**■ अहिलेको जमाना प्रविधिको हो । धेरैले प्रविधिलाई साहित्यमा उययोग गर्दै आएका पनि छन् । यहाँले चाहिँ फेसबुक, ट्वीटर जस्ता सामाजिक संजाललाई साहित्यिक क्षेत्रमा कसरी उपयोग गरिरहनु भएको छ ?**

म प्रविधि क्षेत्रको सिकारु छु, सामाजिक सञ्जाल प्रयोगको पक्ष सबल छैन । आफूले सामान्य प्रयोग गरे पनि फेसबुक, मेसेन्जर र युटुबका केही रचना र संवाद एवं अभिनयहरू पढ्न र हेर्न मनपराउनुका साथै काम चलाउ रूपमा आफ्ना रचना टाइप गर्न अरूको साथ खोज्दिनँ, सारै अप्ठ्यारो परे नातिनीहरूको सहयोग लिने पनि गर्छु ।

■ **अन्तर्राष्ट्रिय सन्दर्भमा नेपाली साहित्यको स्तर कहाँनिर देख्नु हुन्छ ?**

नेपालीहरू नपुगेका देश कमै होलान् । जहाँ नेपालीहरू पुगेका छन् त्यहाँ नेपाली भाषा साहित्यको पनि पहुँच धेरथोर अवश्य छ । वर्तमान समयमा त अन्तरर्राष्ट्रिय साहित्यिक समाज नै गठन गरेर नेपाली साहित्यको रचना र वाचन गरी नेपाली साहित्यको अभ्यास एवं आराधना मात्र होइन प्रतिस्पर्धात्मक प्रतियोगिताको स्थितिमा पुगेको अनुभव गरेको छु । हुनत, जुनसुकै विषयको पनि स्तर हुन्छ । कुन र कतिलाई राम्रो स्तरको कसी लाउने त्यो चाहिं हिजोको अपेक्षामा हेर्नुपर्ने हुन्छ । अन्तर्राष्ट्रिय स्तरमा पनि विभिन्न साहित्यिक मञ्चको गठन भई साहित्यिक कार्यक्रम सञ्चालन भइरहेका सुसमाचार पढ्न पाइनु नेपाली साहित्य र त्यसका साधकका लागि खुशीको कुरा हो । त्यसमा पनि छिमेकी राष्ट्र भारतको वनारस, आसाम, सिक्किम, दार्जिलिङ आदि प्रान्तमा त नेपाली साहित्यको माध्यमिक कालदेखि नै नेपाली साहित्यबारे जागरुकता आएको नेपाली साहित्यको इतिहास साक्षी छ । नेपालबाहिरका देशहरूमा पनि नेपाली साहित्यका कथा, कविता, समालोचना आदि विविध विधामा लेखन, वाचन र प्रतियोगिताका क्षेत्रमा स्तरीकरण भइरहेको अनुभव गर्दै आएको थिएँ । केही वर्ष पहिले मितेरी क्लबले झापाको बिर्तामोडमा आयोजित साहित्यिक कार्य्रक्रममा आउनुभएका भारतीय साहित्यकारका रचनागर्भका परिष्कृत अभिव्यक्तिले मलाई निकै खुशी तुल्याएको स्मृति साँचेको छु । म आफू बानेश्वर क्याम्पस शान्तिनगर, काठमाडौंमा २६ वर्षसम्म प्राध्यापनरत रहँदा म आफूसमेत संलग्न रहेको बानेश्वर सर्जक समाजद्वारा आयोजित धेरैपल्टका साहित्यिक कार्यकमहरूमा आउनुभएका सिक्किम, दार्जिलिंङ र आसाम प्रान्तका साहित्यकारका नेपाली साहित्यका खारिएका प्रस्तुति र केही दिन पहिले मदन भण्डारी फाउन्डेसन काठमाडौंले आयोजना गरेको साहित्यिक कार्यक्रममा भारतको वनारस, आसामलगायत, भुटान, थाइल्याण्ड, तिब्बत आदि लगभग १० देशका साहित्यकारका परिष्कृत नेपाली भाषाका संस्कारयुक्त लोली, बोली र कविता सुन्दा नेपाली भाषा साहित्यको स्तर हिजोभन्दा निकै उठ्तै गएको अनुभव सँगाली खुशी व्यक्त गरेको छु ।

■ **युवा पुस्ताले पढ्नै पर्ने पुस्तकहरू कुन कुन हुन् भन्ने लाग्छ ?**

'श्रीमद्भगवद्गीता', खप्तड स्वामीका 'धर्मविज्ञान', 'विचार विज्ञान', लक्ष्मीप्रसाद देवकोटाको 'मुनामदन', 'शाकुन्तल' महाकाव्य, लेखनाथ पौडेलको 'तरुण तपसी', कर्ण शाक्यको 'खुशी', मुकुन्दशरण उपाध्यायको 'प्राकृत पोखरा', माधव घिमिरेको 'राष्ट्रनिर्माता', बालकृष्ण समको 'प्रह्लाद' र 'मुकुन्द इन्दिरा' आदि ।

**■सस्ता बजारिया लेखनले पनि चर्चा पाइरहेको समय हो यो । तपाईंचाहिं कस्तो लेखनलाई उत्कृष्ट लेखन ठान्नु हुन्छ ?**

व्यक्तित्व विकास मानवको जन्मजात चाहना हो । त्यसको पुष्टि "को भन्छ र नराम्रो छु, नजाती कुन बन्छ र ? छ जिन्दगी तिमीभित्र बन जीवन्त मानिस ....।" कविको यो सूक्तिले पनि गरेको छ । तसर्थ व्यक्ति र राष्ट्रको व्यक्तित्व उठाउने, धर्म,दर्शन,संस्कार,संस्कृति र देशप्रेम एवं प्रकृति चित्रणसम्बन्धी साहित्यिक रचनाको प्रेमी हुँ म ।

**■ प्रारम्भिक शिक्षादेखि नै अङ्ग्रेजी भाषालाई शैक्षिक गतिविधिको माध्यम भाषा बनाउन जोड दिन थालिएको देखिन्छ । यस्तो अवस्थामा मौलिकताले युक्त नेपाली साहित्यको जगेर्ना र प्रवर्द्धन कसरी सम्भव होला ।**

विकास आजको अनिवार्य आवश्यकता हो । त्यस्तो विकास भाषा–साहित्य क्षेत्रमा पनि आवश्यक छ । संसार तीव्रगतिमा अन्तर्राष्ट्रियकरण भएर गइरहेको आजको स्थितिमा आफ्नो भौगोलिक सीमाभित्र बसेर मात्र विकास गर्नसक्ने स्थिति छैन । अध्ययन, रोजगारी तथा पेशा/व्यवसायको क्षेत्रमा नेपाली नागरिकहरू दिनहुँ विभिन्न देशमा गइरहेको अवस्था छ । मानिस जहाँ जान्छ त्यहाँको भाषा सिक्नु उसको बाध्यता हो । त्यसैले उसले अन्तर्राष्ट्रिय भाषा सिक्नै पर्छ । भाषाबिनाको शिक्षा र साहित्य हुँदैन । अन्तर्राष्ट्रिय भाषा जानेपछि मात्र अन्तर्राष्ट्रिय शिक्षा र साहित्य अध्ययन गरेर नेपाली साहित्यको भण्डारमा पनि योगदान गर्न सक्ने हुँदा अङ्ग्रेजी जस्तो विश्वस्तरीय भाषा नेपाली भाषा साहित्यका साधकहरूले पनि सिक्नु आवश्यक छ ।

उक्त आवश्यकता हुँदाहुँदै पनि नेपाली मोलिकतालाई चटक्कै बिर्सन किमार्थ हुँदैन । अर्काकी आमा जतिसुकै सजिसजावट र शिक्षित भए पनि झुत्राझुत्री लगाएकी हुन् वा अपठित नै किन नहुन् आफ्नी आमा त आमा नै भए जस्तै जतिसुकै समृद्ध अन्तर्राष्ट्रिय भाषा भए पनि हाम्रो नेपाली मौलिक भाषालाई दुत्कार्न मिल्दैन । आफ्नो भाषा नजान्नेले आफ्नो साहित्य पनि जान्दैन र भाषिक, साहित्यिक मौलिकतामा ठूलो असर पर्छ । बाल्यअवस्थामा दिइएको संस्कार चिरस्थायी हुने भएकाले घरपरिवार र विद्यालय स्तरको शिक्षामा नेपाली मौलिक भाषालाई जोड दिन जरूरी छ । शिक्षाको थालनी घरबाटै हुनुपर्छ । आज नेपाली घरहरूमा अभिभावकहरू पनि आफ्नो मौलिक भाषाका शब्द हुँदाहुँदै त्यस्ता शब्द नबोलेर विदेशी भाषाका शब्द प्रयोग गर्न गौरव मानिरहेको दुर्भाग्यपूर्ण स्थिति छ । नेपाली भाषा साहित्य अध्ययन गरेर सोही भाषा साहित्य पढाउने शिक्षक शिक्षिकामा पनि त्यही रोग देखा पर्दै छ । सरकारको पनि सोच र क्रियाकलाप

नेपाली मौलिक भाषा–साहित्यप्रति जति ध्यान जानुपर्ने सो अपर्याप्त हुनु पीडादायी र दुःखलाग्दो स्थिति हो । परिवर्तन आफैंबाट शुरु भए मात्र त्यसको स्थायित्व हुन्छ । नेपाली बोल्दा लघुताभास अनुभव गर्ने व्यक्ति, घरपरिवार, शिक्षक, शिक्षालय, पाठ्यक्रम निर्माता, नेतृत्वकर्ता र सरकारका सोच एवं विधिव्यवहारमा परिवर्तन आवश्यक छ । अब पनि बेलैमा हाम्रो चेत नखुले हाम्रो मौलिकतामा नै आँच आएर देशले क्षति व्यहोर्नु पर्नेमा शंका छैन ।

**■साहित्यकारहरूलाई प्रोत्साहित गर्न राज्यको कस्तो भूमिका हुनु पर्छ भन्ने यहाँलाई लाग्छ ?**

साहित्यकार देशका सम्पत्ति हुन् । आजीवन भाषा साहित्यको साधनाद्वारा देशको सेवा गरिरहेका साहित्यकारको जीविकालाई सुरक्षित र सहज बनाउन सके मात्र उनीहरूले स्तरीय साहित्य सिर्जना गर्न सक्छन् । तर, दुःखपूर्वक भन्न कर लाग्छ साहित्य अनुत्पादक वस्तु हो भन्ने हाम्रो बानी व्यहोरामा परिवर्तन हुन सकेको स्थिति अझै छैन । समाजको दर्पण मानिने साहित्यप्रति शासक र केही शासितको पनि दृष्टिकोणमा परिवर्तन हुनु आवश्यक छ । खाना, नाना र छानाको चिन्ता पालेका साहित्यकारबाट असल साहित्यको जन्म नहुने भएकाले सरकार वा राज्यले भाषा साहित्यका साधकलाई प्रोत्साहन गर्नु पर्दछ । त्यसका लागि भाषा, साहित्य क्षेत्रमा गाउँपालिकादेखि केन्द्रीय स्तरसम्म पुरस्कार स्थापना गर्ने, साहित्यकारहरूको वृत्तिविकासका लागि भाषा, साहित्यका लागि बजेट छुट्याउने र लेखकलाई लेखन कार्यमा प्रोत्साहित गर्ने, पुस्तक पत्रपत्रिका र कम्प्युटरलगायतका यान्त्रिक सामान किन्नमा विशेष सहुलियत दिने, साहित्यकार हरूले लेखेका पुस्तक पत्रपत्रिका सरकारी स्तरबाट किनिदिने, पुस्तकालय स्थापना गर्ने, विशिष्ट साहित्य रचना गर्नेलाई आकर्षक नगदसहित कदर सम्मान गर्ने र विद्यालयको प्राथमिक स्तरदेखि नै साहित्यको महत्त्व बुझाएर सिर्जनात्मक गतिविधिमा विद्यार्थीहरूलाई पनि उत्प्रेरित गर्ने आदि ।

**■ अब अलिकति पूर्वीय दर्शन, संस्कृत भाषा र धर्मशास्त्रका कुरा गरौं । यहाँले यी सबै विषयवस्तुको गहिरो अध्ययन गर्नुभएको छ । यी विषयवस्तु र साहित्य लेखन बीच कस्तो अन्तरसम्बन्ध हुन्छ ?**

पूर्वीय धर्म–दर्शन र भाषा–साहित्य विश्वमै सुसमृद्ध छ । हाम्रा पूर्वज ऋषिमुनि, भाषासाहित्य सेवक आदिको युगौंयुगको साधनाजन्य अनुभूति भरिएकोले ती रचनाभित्र तमाम जीवनोपयोगी विषयवस्तु छन् । साहित्य लेखनका लागि उचित विषयवस्तुको चयन,शब्दभण्डार,विधागत प्राञ्जल चिन्तन, मनन र साधनाको जरूरत पर्दछ । ती सबै तत्त्व पूर्वीय संस्कृत साहित्यको भण्डारमा पाइन्छन् । अध्यात्मवाद

र भौतिकवाद समेतको विशाल भण्डार पूर्वीय दर्शन,मीठासपूर्ण लचकदार संस्कृत भाषा र धर्मदर्शन शास्त्रीय ज्ञानले साहित्य सर्जकलाई प्रशस्त खोराक दिन्छन् । कवि मनीषीहरूको शदियौंको चिन्तन,मनन र साधनाबाट लेखिएका पूर्वीय ग्रन्थको अध्ययनले सारस्वत साधनामा गोता मार्न चाहने सर्जकहरूलाई ऊर्जा मिल्ने भएकाले ती अजम्बरी ज्ञान भरिएका ग्रन्थरत्नहरू साहित्यिक लेखनमा अवश्य पनि सहयोगी बन्नेमा शंका गर्नु नै व्यर्थ छ ।

**धर्मशास्त्र र पूर्वीय दर्शनको ज्ञान दिन सके वर्तमान भौतिकतावादी दुनियालाई सन्मार्गमा डोऱ्याउन सकिन्छ भनिन्छ । यस कथनलाई पुष्टि गर्ने तार्किक आधारहरू बताइदिनुहोस् न ।**

संसारमा अध्यात्मवाद र भौतिकवादको राज छ । मानव समाज यिनै दुईटा वादको चिन्तन धारमा बाँडिएका छन् । सृष्टिको सर्वोकृष्ट चेतनशील प्राणी मानवको कल्याण यी दुईटै वादको सन्तुलमा निर्भर छ । नाना, छाना र खानाको पूर्ति भौतिक पदार्थबाट सम्भव छ । त्यसैले भौतिकता प्रतिको चाहा हुनु पनि मानवका लागि स्वाभाविक छ । तर, मानव ती पदार्थको चरम विकासबाट मात्र सन्तुष्ट हुँदैन किनकि ऊ ज्ञान र आनन्दको भोको छ । अध्यात्मवाद भनेको आफूले आफूलाई चिनेर जीवननिर्वाह गर्नु हो । त्यसो भन्नुको अन्तर्य आहार, निद्रा,भय,मैथुन आदि त मानव इतर प्राणी पशु, पन्छी आदिमा पनि छन् । ती प्राणी आफ्नो स्वार्थको घेराबाट माथि निस्कन सक्तैनन् जबकि मानव परसेवा, परउपकार तथा परहितका कार्य पनि गर्न सक्तछ र गर्दै पनि आएको छ ।

अध्यात्मवादी मानव जन्मजन्मान्तरको संस्कारमा विश्वास गर्दछ । यो जन्ममा चौतारो, धारा, पाटी, पौवा, मन्दिर, विद्यालय आदि बनाएर समाजहितका लागि छोड्न चाहन्छ । उसलाई आफ्ना पूर्वजहरूले धर्म, अर्थ, काम र मोक्षको शिक्षा दिंदै आएको बोध छ, अनि यो पनि बोध छ– हामी मानव ईश्वरका अंश हौं । हाम्रो अन्तिम उद्देश्य मोक्ष हुनु हो । मोक्षको अर्थ भौतिकवादप्रति राखिने मोहको क्षय वा नाश हो, त्यो मनुष्यले मात्र गर्न सक्छ । शरीर अनित्य भए जस्तै धन, दौलत, घर, परिवार, पदप्रतिष्ठा पनि नाशवान् छन् । चेतनशील मानवले अनित्य व्यक्तित्व र गुण भएका भौतिक पदार्थमा गौरव नगरी प्राणी सेवामूलक सुकर्म गरेर जीवन निर्वाह गर्दै ईश्वरबाट छुट्टिएर सुकर्म गर्न संसारमा आएको आफ्नो आत्मालाई ईश्वरमा मिलाउने प्रयत्न गर्नु पर्दछ । त्यसैमा मानवजीवनको सफलता छ । यो अजम्बरी ज्ञान पूर्वीय धर्मशास्त्र र दर्शनका ज्ञानले मात्र दिन सक्छ । आफ्नो स्वरूप भुलेर भौतिकवादको समुद्रमा तरंगिई मोजमस्तीमा मात्र रहेका मानव समूहलाई सन्मार्गमा डोऱ्याउन आध्यात्मिक ज्ञान समर्थ छ । तसर्थ हामी

आफूले पनि ती ग्रन्थ पढ्ने र आफ्ना सन्ततिलाई पनि सानैदेखि ती ग्रन्थको पठनपाठनतिर लगाउनु अनिवार्य छ ।

■ **यहाँले लामो समय प्राध्यापन पनि गर्नुभयो । प्राध्यापन पेशाले लेखन कर्मलाई कस्तो प्रभाव पार्दो रहेछ ?**

लेखन र प्राध्यापनको सम्बन्ध नङमासुको जस्तो हुन्छ । विद्यालय,महाविद्यालय स्तरका पाठ्यक्रममा भाषा, साहित्यलगायत विविध विषयवस्तु समावेश गरिएका हुन्छन् । पाठ्यक्रममा समावेश गरिएका विषयवस्तुको अवधारणा बुझ्न विषयवस्तुको गहन अध्ययन, मनन र चिन्तन गरेर प्राध्यापन गर्नु गराउनु अनिवार्य हुन्छ । कतिपय विषयवस्तुका सामग्री विद्यार्थीले बजारमा पाउने अवस्था पनि रहन्न र प्राध्यापकले लेखाउनुपर्ने पनि हुनसक्छ जसका लागि प्राध्यापकले खोजबिन गरेर आफूले अध्ययन लेखन गरी विद्यार्थीलाई दिन अनिवार्य हुन्छ । तसर्थ प्राध्यापन व्यवसाय अध्ययन–अनुसन्धान,लेखन र अभिव्यक्तिसँग पनि जोडिन्छ । लेखनकलामा जति साधना चाहिन्छ प्राध्यापन सेवाका लागि पनि त्यत्तिकै साधनाको आवश्यकता पर्छ । लेख्नका लागि विश्लेषण क्षमताको पनि आवश्यकता पर्छ । एउटा प्राध्यापकले कक्षामा आफूले पढाउने विषयवस्तु विद्यार्थीले बुझ्ने गरी व्याख्या विश्लेषण गर्न सकेन भने आफू पनि सफल हुँदैन र विद्यार्थी पनि दक्ष हुँदैनन् । जसरी लेखनकलाको विकास गर्न अनुसन्धान आवश्यक हुन्छ, त्यसरी नै कक्षामा जाने प्राध्यापकले पनि विद्यार्थीको मनोविज्ञान, बुझाइको स्तरको पहिचान गरी उसले बुझ्ने गरी विषयवस्तु पस्किनुपर्ने हुन्छ । तसर्थ प्राध्यापन व्यवसाय र लेखनकर्म एक अर्काका परिपूरक हुन् भन्ने मेरो ठम्याइ छ ।

■ **अब प्रसङ्ग विद्युतकर्मी साहित्यिक समाजसँग जोडौं । यहाँ विद्युतकर्मी साहित्यिक समाजको संस्थापक अध्यक्ष हुनुहुन्छ । उक्त संस्था स्थापना गर्नुपर्नाको कारण र त्यसका लागि योगदान दिने व्यक्तित्वहरूका बारेमा केही स्मरण गर्न सक्नुहुन्छ ?**

म २०३२ देखि २०३५ सम्म विद्यालय शिक्षक र २०३६ देखि २०४६ सम्म त्रिभुवन विश्वविद्यालयको शैक्षिक प्रशासन हेर्ने कर्मचारी र आंशिक प्राध्यापक भई लामो समयसम्म भाषिक एवं शैक्षिक वातावरणमा समेत काम गरेको व्यक्ति थिएँ । साहित्याचार्यसम्मको अध्ययन गर्दाको विषय पनि संस्कृत भाषा साहित्य नै थियो । मेरो आंशिक पेशा पनि कर्मकाण्ड एवं पौराणिक रहेकोले भाषासाहित्यप्रति विशेष झुकाव हुनु स्वाभाविक थियो । प्राधिकरण सेवामा प्रवेश गर्नासाथ उत्पादन, प्रसारण निर्देशनालयभन्दा बढी कर्मचारी कार्यरत वितरण तथा ग्राहक सेवाको प्रशासन महाशाखा अन्तर्गत पदस्थापन भयो । त्यहाँ मभन्दा माथिल्लो तहका ठाकुरराज पाण्डे, ईश्वरीप्रसाद खतिवडा हुनुहुन्थ्यो । ठाकुरराज पाण्डे साहित्यमा बढी नै

रुचि राख्ने अधिकृत भएकाले मोहनबहादुर कायस्थ, रत्नकाजी तुलाधर, विष्णुबहादुरसिंह लगायतका साहित्यसेवी कर्मचारीहरूका साथै प्राधिकरण बाहिरका साहित्यकार पनि पुस्तक पत्रपत्रिका बेच्न आइरहनु हुन्थ्यो । एकप्रकारले स-सानो साहित्यिक भेटघाटको मञ्च झैं थियो ठाकुरराज पाण्डेको कार्यकक्ष ।

म २०४६ मंसिरमा प्राधिकरण सेवामा भित्रिएँ । २०४७ भदौ १ गते प्राधिकरणको छैटौं वार्षिकोत्सव आयो । प्राधिकरणको पाँचौं वार्षिकोत्सवदेखि साहित्यकार पोषण पाण्डे प्रेस सल्लाहकारको जिम्मेवारीमा करार सेवाअन्तर्गत कार्यरत पदाधिकारीले प्राधिकरणव्यापी कवितावाचन प्रतियोगिता पनि वार्षिकोत्सव कार्यक्रममा समावेश गरिदिनु भएको रहेछ । उक्त कार्यक्रमका लागि असारको अन्त्यदेखि नै कवितावाचन आयोजक उपसमिति गठन गरी काम थालिंदो रहेछ ।

मैंले माथि भनिए अनुसार मेरो शैक्षिक विगत र ठाकुरराज पाण्डेको कार्यकक्षको वातावरणले मेरो नजानिंदो परिचय प्राधिकरणमा भइसकेको एउटा कारण रहेछ भने सबैभन्दा बढी कर्मचारी कार्यरत वितरण तथा ग्राहकसेवाबाट पनि वार्षिकोत्सव कवितावाचन उपसमितिमा एक जना कर्मचारी प्रतिनिधि सिफारिस गरी पठाउने छलफल व्यवस्थापनमा भएको रहेछ । व्यवस्थापकीय सो छलफल अनुसार मेरो तालुक अधिकृत ठाकुरराज पाण्डे र ईश्वरीप्रसाद खतिवडाको सिफारिसमा सो कवितावाचन उपसमितिमा मलाई पठाइयो । उक्त उपसमितिको संयोजकमा उपप्रबन्धक मोहनबहादुर कायस्थ हुनुहुन्थ्यो जसले मेरो परिचय पहिले नै पाइसक्नु भएकाले कवितावाचन उपसमितिका लागि पत्राचार र व्यवस्थापनका सम्पूर्ण कार्य मलाई तोकिदिनु मात्रै भएन पहिलो वार्षिकोत्सवमा वाचित कविताहरूको सङ्ग्रह प्रकाशित गरी विमोचनसमेत गर्ने अत्यन्त सान्दर्भिक निर्णय पनि गरेर सो सङ्ग्रहको नाम जुराएर न्वारान गर्ने जिम्मेवारी पनि मलाई नै दिनुभयो ।

प्राप्त जिम्मेवारी अनुसार कृतिको नाम 'विद्युत्तरङ्ग' जुराएर पेश गरेकोमा उपसमितिले स्वीकृत गर्‍यो र कविताहरू जमलस्थित प्रेसमा लगेर छपायौं । व्याकरणिक शुद्धाशुद्धिको जिम्मेवारी पनि मलाई नै आयो । कृति तयार भई विमोचन भएर प्राधिकरणको वार्षिकोत्सव पनि सम्पन्न भएपछि उपसमितिको समीक्षा बैठकमा मैले साथीहरूसित एउटा साहित्यिक समाज वा समिति वा क्लब स्थापना गर्दा राम्रो हुने विचार सुनाएँ । सो अवसरमा साहित्यमा कलम चलाउँदै आएका साथीहरू केशवप्रसाद रूपाखेती, मात्रिका पोखेल, रामेश्वर राउत मातृदास, कृष्णमोहन श्रेष्ठ, कमला श्रेष्ठ, वीरेन्द्र पाठक आदि धेरै साथीहरू पनि हुनुहुन्थ्यो । प्राधिकरण जस्तो धेरै कर्मचारी कार्यरत संस्थामा साहित्यप्रति झुकाव

भएर लेख्दै गरेका एवं त्यसप्रति रुचि राख्ने व्यक्तित्वको कमी नहुन सक्छ तसर्थ एउटा संस्था जन्माउँदा व्यक्तिविशेषको व्यक्तित्वमा थप निखार आउने, साहित्यका माध्यमबाट प्राधिकरणको पनि विज्ञापन हुने र नेपाली साहित्यको भण्डारमा एउटा कृति पनि थपिने सोचले मैले राखेको प्रस्ताव स्वीकृत भयो । विधान लेख्ने लगायतका आवश्यक कार्यहरू सम्पन्न भए । समर्थक साथीहरू जुट्तै गएपछि प्राधिकरण व्यवस्थापनको स्वीकृति लिएर जिल्ला प्रशासन कार्यालय काठमाडौंमा दर्ता पनि भएर संस्थाले लिएको गति आज पनि कृष्णदेव रिमालको कार्यसमितिले थप गतिविधिका साथ अघि बढाइरहेकोमा खुशी मात्र छैन सामूहक रूपमा सबै साथीहरूप्रति आभारी छु ।

जहाँसम्म उक्त कार्यमा योगदान दिने व्यक्तित्वको कुरा छ ,त्यसमा हिजो समाज स्थापनापूर्व कविता लेख्दै आएका, समाज स्थापनाकालका र समाज स्थापनाकालदेखि आजसम्म प्रत्यक्ष अप्रत्यक्ष यो समाजलाई डोऱ्याउनु हुने सबै पदाधिकारी, सर्जक एवं साहित्यसेवी व्यक्तित्वको गच्छेअनुसार योगदान रहेको मेरो ठम्याइ छ । सबैको योगदान हुँदाहुँदै पनि प्राधिकरणका वार्षिकोत्सव कार्यक्रममा कवितावाचन कार्यक्रम समावेश गराउने दूरगामी कदम चाल्नुहुने साहित्यकार पोषण पाण्डे, मलाई कविताावाचन उपसमितिमा सिफारिस गर्ने ठाकुरराज पाण्डे, कविताावाचन उपसमितिका अधिकांश कामको जिम्मेवारी दिई कवितासङ्ग्रह प्रकाशित गर्ने निर्णय गरी राम्रो परम्परा बसाउनु हुने साहित्यकार मोहनबहादुर कायस्थ,प्राधिकरण व्यवस्थापनको स्वीकृतिका लागि आफ्नो समूहलाई सहमत गराई कार्यकारी निर्देशकसमक्ष पेश गर्ने केन्द्रीय प्रशासक एवं साहित्यकार रमापति पराजुली र समाज स्थापना गर्न स्वीकृति दिनुहुने साहित्यप्रेमी कार्यकारी निर्देशक कीर्तिचिन्द ठाकुरको विशेष योगदान सम्झन्छु । अनि,विद्युतकर्मी साहित्यिक समाजको प्रारम्भदेखि हालसम्मका कार्यसमितिका साथीहरूको नैतिक एवं भौतिक सक्रियता र सहयोगले तत्कालीन जलस्रोत सचिव एवं पूर्वमन्त्री शंकरप्रसाद कोइरालाले विद्युतकर्मी साहित्यिक समाजका लागि नेपाल विद्युत प्राधिकरणबाट औपचारिक रूपमा बजेट व्यवस्था गरिदिने कार्य गर्नु भई समाजको स्थायित्वको लागि गुन लगाउनु भएको पुनीत कार्यको सदैव स्मरण गर्दै उहाँप्रति पनि आभार व्यक्त गर्दछु ।

**■साहित्य समाजको स्थापना भएपश्चात् के कस्ता साहित्यिक कार्यक्रमहरू सञ्चालन गरिए ? बजेट व्यवस्थापन, समय व्यवस्थापन, अतिरिक्त श्रमको लगानी यी सबैबीच तारतम्य कसरी मिलाइयो ?**

विद्युतकर्मी साहित्यिक समाज स्थापनापश्चात् भए/गरिएका केही प्रमुख कामः

(क) नेपाल विद्युत प्राधिकरणका वार्षिकोत्सवका प्रत्येक वर्ष कवितावाचन कार्यक्रम गरी विद्युत्तरङ्ग कवितासङ्ग्रह प्रकाशित हुँदै आएकोमा कालान्तरमा साहित्यिक पत्रिका ज्योति समेत प्रकाशन गरी दुवै सङ्ग्रह सँगसँगै प्रकाशित हुँदै आए । केही अंकपछि व्यवस्थापनपक्षको समेत राय सल्लाहमा विद्युत्तरङ्गलाई ज्योतिमा गाभेर ज्योति मात्र प्रकाशित हुँदै आयो । केही वर्षपछि जिल्ला प्रशासन काठमाडौंको सल्लाहबमोजिम ज्योतिलाई अमरज्योतिमा परिणत गरी प्रकाशन हुँदै आएको विदितै छ ।

(ख) प्रकाशनका अतिरिक्त बेलामौकामा विभिन्न साहित्यिक कार्यक्रम सञ्चालन हुन थाले । रेडियो नेपालमा गएर समाजका साहित्यकारहरूका रचनाहरू पनि वाचन गर्नुका साथै रेडियोबाट यी पङ्क्तिकार सहित केही साथीहरूका अन्तर्वार्ता पनि प्रसारण भए । यो मौका रेडियो नेपालको साहित्य संसारका सञ्चालक साहित्यकार यज्ञनिधि दाहालले दिलाउनु भएर गुन लगाउनु भएको थियो ।

(ग) समाज स्थापनाको केही वर्षपछि प्रत्येक वर्ष वसन्त काव्यगोष्ठी गर्न थालियो ।

(घ) नेपाल वायु सेवा निगम लगायतका संस्थाका साहित्यिक मित्रहरूसित संस्थागत रूपमा साहित्यिक छलफल समेत गरी साहित्यिक अभियानलाई सबल बनाउने कार्य पनि गऱ्यौं ।

(ङ) हाम्रा साहित्यिक कार्यक्रमहरूमा राष्ट्रकवि माधवप्रसाद घिमिरेलगायत चर्चित साहित्यकारहरूलाई क्रमशः ल्याएर प्राधिकरणका साहित्यकारहरूलाई प्रोत्साहनको वातावरण मिलाउने प्रयास गर्दै गयौं । यो परम्परा आजसम्म पनि कायमै भएकोमा खुशी छु ।

(च) प्राधिकरण बाहिरका साहित्यकारहरूसित प्राधिकरण बाहिर गएर विभिन्न अन्तरक्रिया पनि भए । यो परम्पराको निरन्तरता देख्ता मन हर्षित हुन्छ ।

(छ) केही समयपछि काठमाडौं उपत्यका बाहिर विभिन्न ठाउँमा गएर घुम्ती साहित्यिक कार्यक्रम गर्ने परम्परा पनि साथीहरूले कायम गरेर साहित्यिक कार्यक्रमको गरिमा बढाउँदै जानुभयो, जुन निकै सराहनीय कार्य हो भन्ने मेरो विचार छ ।

(ज) शुरुका दिनहरूमा आजीवन सदस्य र संस्थापक एवं सहसंस्थापकहरूबाट उठेको रकमले प्रारम्भिक कार्य सञ्चालन गरियो भने विद्युत्तरङ्ग र ज्योतिको बिक्री प्रबन्धबाट प्राप्त रकम एवं यदाकदा संस्थागत रूपमा प्राप्त आर्थिक सहयोग पनि उपयोग गरियो भने कालान्तरमा नेपाल प्राधिकरण व्यस्थापनबाट स्थायी रूपमा बजेटको व्यवस्था भएपछि सोही रकमबाट

आवश्यक खर्च गरिंदै आएको छ । अपुग रकम समाजको प्रयासमा स्थापित अक्षयकोषको व्याजबाट पनि खर्च व्यवस्थापन गरिंदै आएको छ ।

(झ) जहाँ इच्छा त्यहाँ उपाय भने जस्तै साहित्यप्रति प्रेम राख्ने प्राधिकरणका साथीहरूको स्वतस्फूर्त प्रयास र श्रमबाट स्थापित विद्युतकर्मी साहित्यिक समाजको स्थायित्वका लागि खास गरी प्रत्येक कार्यसमितिका साथीहरूले साँझ बिहान, बिदाका दिनहरूमा र कार्यालयले तोकिदिएको खाजा समयको समेत उपयोग गरी साहित्यिक समाजका काम गरेको कारणले समाजप्रतिको स्थायित्वको श्रम व्यवस्थापनको समेत तारतम्य मिल्दै गएकाले नै समाजले गति लिन सकेकोमा सम्बन्धित सबैले प्रसन्नता व्यक्त गरी थप श्रम गर्नु आवश्यक छ ।

■ **नेपाल विद्युत प्राधिकरणमा बहाल रहँदासम्म यहाँ प्रशासन सेवा तर्फको कर्मचारी हुनुहुन्थ्यो । प्राविधिक कार्यालयमा प्रशासन सेवा तर्फको कर्मचारीले आफ्नो पदीय जिम्मवारी निर्वाह गर्दै साहित्यको समेत सेवा गर्नु ! यस्तो जटिल भूमिका निर्वाह गर्न कसरी सम्भव तुल्याउनु भयो ?**

प्राविधिक वा प्रशासक सबै विद्याकै उपासक हुन् । सबै विधाका मानिसको विद्याध्ययन घरपरिवार र विद्यालय–महाविद्यालय हुँदै अघि बढेको हुन्छ । प्रायः महाविद्यालयमा गएपछि मात्र विषय विभाजन गरिएको हुन्छ । कति प्राविधिकहरू त घरपरिवारका साथै विद्यालय शिक्षाको अवसरदेखि नै भाषा–साहित्यमा राम्रो दखल भएका हुन्छन् । कतिले त विद्यालय तहदेखि नै भाषा–साहित्यमा सम्मान पुरस्कार पनि पाइसकेका हुन्छन् । कति त उच्च प्राविधिक पदमा पुगेपछि पनि भाषा–साहित्यको राम्रो अध्ययन र अभ्यास गरिरहेका हुन्छन् । त्यसैले साहित्य सबैको हो, कसैको पेवा होइन भन्ने मेरो बुझाइ सधैं रह्यो र रहिरहने छ ।

प्राधिकरणमा सेवारत रहँदा मैले कैयौं प्राविधिकहरूमा म भाषा साहित्यको विद्यार्थीभन्दा पनि सो विधामा राम्रो पकड भएका प्राविधिक मित्रहरू पाएँ ।

कुनै कार्य गर्नुअघि विषयवस्तुको पर्यवेक्षण गर्नु जरूरी हुन्छ । प्राधिकरणभित्रका जनशक्तिको भाषा–साहित्यसम्बन्धी क्षमताको पहिचान मलगायत मेरा सहकर्मी साथीहरूले गऱ्यौं र भाषा साहित्यप्रति रुचि भएका प्राविधिक साथीहरूसित पनि घुलमिल गरेर साहित्यिक समाज स्थापना र साहित्यिक गतिविधि सञ्चालन गर्न/गराउन थाल्यौं । मेरा सहकर्मी साथीहरूको कार्य र सोच क्षमताको बोध पनि प्राविधिक साथीहरूले गर्नुभयो ।

यो अभियान प्राविधिक वा प्रशासनको विषय नभएर भाषा–साहित्यप्रतिको

रुचि,उत्थान र प्रतिभा प्रस्फुटनको अभियान थियो । के प्रशासन, के प्राविधिक भाषा साहित्य त सबै विधाको अभिव्यक्तिका लागि आवश्यक हुन्छ । ऐन, नियम–विनियमको परिधिभित्र रही कार्यालयले तोकिदिएको पदीय काम कर्तव्यको जिम्मेवारी आआफ्ना पदमा रहेर काम गरेपछि जुनसुकै सामूहिक काम गर्दा सफलै भइन्छ । हामो साहित्यिक अभियान त्यो विधातर्फ लगाव भएका सबै साथीहरूको सामूहिक अभियान थियो र सबैको साथ मिल्यो । "गर्नु सधैं मिली काम हुन्छ अत्यन्त फाइदा । एकता हेर मौरीको महमा हुन्छ सर्वदा" जस्ता अग्रज साहित्यकारका जीवन्त अभिव्यक्तिले नै मेरो सफलताका सूत्र बने ।

■ **यहाँले 'प्रकाश गृहका स्रष्टा' नामक खोजमूलक ग्रन्थ रचना गरी विद्युतकर्मी साहित्यिक समाजबाट प्रकाशन गराउनु भयो । यो ग्रन्थको रचना गर्भ अलिकति सुनौं न ।**

व्यवस्थापन विज्ञहरू भन्छन्- गरेको काम कुरा साकार रूपमा देखिनु पनि पर्छ । विद्युतकर्मी साथीहरूको सोच र सहयोगले साहित्यिक समाज खडा भयो । समाजले तमाम साहित्यिक गतिविधिहरू पनि सञ्चालन गर्दै गयो । संस्थाको प्रचार–प्रसार हुँदै आएको सुखद सन्दर्भसमेत थियो । यो सफलतापछि एकातिर प्राधिकरणभित्र पनि साहित्यकारहरूको ठूलो पङ्क्ति छ भन्ने बाहिरी संसारलाई जानकारी गराउनु आवश्यक थियो भने अर्कातिर प्राधिकरणभित्रका साहित्यिक साथीहरूलाई पनि लिखित रूपमा एकआपसमा चिनाउनु र उनीहरूको जीवनवृत्तमूलक अभिलेख राख्नसमेत ढिलो भइसकेको थियो । यिनै र यस्तै आवश्यकताको बोध मलाई भयो । मभित्र पलाएको त्यो सोचलाई साकार पार्न जीवनवृत्तमूलक एउटा फारामको खाका तयार पारी साथीहरूका हातहातमा पुऱ्याएँ । उहाँहरूबाट पनि ती फारामहरू यथाशीघ्र भरेर प्राप्त भए । उहाँहरूको समेत यो तदारुकतापछि मेरो सोचप्रति सबैको सम्मति रहेको बुझेर साथीहरूको जीवनीमूलक कृति तयार पार्न उद्यत भएँ । त्यस कृतिको नामकरण विषयमा निकै घोत्लिएँ । मनमस्तिष्क मन्थन गर्दै जाँदा प्राधिकरणको मूल काम भनेको देशमा प्रकाश छर्नु हो भन्ने कुरामा मेरो चेत केन्द्रित भयो । अनि, मेरो विवेकले भन्यो साहित्यकारहरूको मूल काम–कर्तव्य पनि त मानव मनमस्तिष्कमा सत्कर्मको उज्यालो छर्नु हो । अब मभित्र पलाएका दुवै चेतको परिपाक हुँदा कृतिको नाम प्रकाशगृहका स्रष्टा भन्ने जुराएर प्रकाशित गरेको थिएँ ।

■ **विद्युत्तरङ्ग, ज्योति हुँदै हाल अमरज्योति साहित्यिक पत्रिका विद्युतकर्मी साहित्यक समाजले प्रकाशन गर्दै आइरहेको छ । यी पत्रिकाहरूको साहित्यिक योगदानलाई कसरी हेर्नुभएको छ ? पत्रिकालाई अझै स्तरीय बनाउन केही सुझाव दिनुहुन्छ कि ।**

साहित्य मकै फले जस्तो केही समयभित्र फल दिने विषय मात्र होइन जो तुरुन्त देखिँदैन पनि । जीवन्त साहित्य त चिरञ्जीवी हुन्छ जसको असर मानवमस्तिष्कमा नजाँनिँदो गरी सुदूरकालसम्म पर्दै जान्छ र सकारात्मक परिवर्तन गर्नमा सहयोगी बन्छ । प्रकाशन शुरु हुनासाथ सबै कुरा प्राप्त भइहाल्ने पनि होइनन् ।

लेखनकर्मले साहित्यकारहरूमा पनि जीवन जगत्प्रतिको सोचमा निखार आउँछ र मानव जीवनलाई सकारात्मक परिवर्तन गर्ने/गराउने प्रकृतिका रचनाको सिर्जना हुन पुग्छ । साहित्यिक समाज त एउटा साहित्यिक मञ्च मात्र हो र पत्रपत्रिका प्रकाशन साहित्यकारहरूका सिर्जना मुखरित हुने एउटा माध्यम मात्र हो । त्यसैले समाज स्थापना हुँदैमा र सङ्ग्रह प्रकाशित गर्दैमा सबै असल चरित्र तुरुन्त देखापर्दैनन् । ती प्रयास प्रारम्भ विन्दु मात्र हुन् । समाज स्थापना भएपछि धेरै विद्युतकर्मी साहित्यकारहरूले आफ्ना कृति प्रकाशन गर्ने मञ्च पाएका छन् । राष्ट्रका प्रतिष्ठित साहित्यकारलाई आफ्नै संस्थामा साक्षात्कार गर्न पाएका छन् । नेपाली साहित्यको भण्डारमा थोरै भए पनि योगदान पुगेको छ । प्राधिकरणका थोरै मात्र भए पनि साहित्यसेवी प्राधिकरणको परिधिबाट बाहिर निस्केर राष्ट्रिय साहित्यिक माहोलमा घुलमिल हुन पाएका र साहित्यिक परिचय छोड्न सफल भएका छन् । आफ्नो मञ्च भएकैले आफ्ना साहित्यिक मित्रलाई काठमाडौं उपत्यका बाहिरका विभिन्न प्रदेश तथा ठाउँको अध्ययन भ्रमण गराई रचनापाठ र सिर्जनाको अवसर जुटेको छ । यी तमाम गतिविधिले एकातिर समाज स्थापनाको औचित्य पुष्टि हुँदै गएको छ भने अर्कातिर साहित्यसेवीहरूको लेखनकला र व्यक्तित्वमा पनि निखार आउँदै गरेको छ । यही त हो साहित्यिक योगदान ।

राम्रो, सुन्दर र स्तरीयताको सीमा हुँदैन, त्यो त हिजोभन्दा आज र आजभन्दा भोलि निखार आउँदै जाने हो । जन्मनासाथ मानिस पनि विद्यावारिधि गरेर आउँदैन र समाजका गतिविधिलाई योग्यतापूर्वक हाँक्ने क्षमता पनि राख्दैन । हुर्कन्छ, बढ्छ, पढ्छ समस्यासित जुध्छ र उसको क्षमता विकास हुन्छ । हाम्रो साहित्यिक समाज पनि आजसम्म गर्दै आएका गतिविधिलाई नछोडी तिनमा यथाशक्य परिष्कार गर्दै प्रविधिमैत्री र जीवनमूलक आध्यात्मिक, सामाजिक र व्यक्तित्व विकासमूलक विषयवस्तुका रचना प्रकाशित गर्दै अघि बढ्नु पर्ने देख्तछु । बाटो हिंड्ने काम,फाटेको लुगा सिउने काम, पहाड चढ्ने काम, विद्या आर्जन गर्ने र धन कमाउने पाँचवटा काम क्रमशः विस्तारै गर्ने निर्देश नीतिले शनैः पन्था शनैः कन्था शनैः पर्वत लङ्घनम् । शनैः विद्या शनैः वित्तं पञ्चै तानि शनैःशनैःभनी निर्दिष्ट गरेको छ ।

**लेखन सम्बन्धी यहाँको भावी योजना के छ ?**

मानव हृदय नदेखिँदो समुद्र रहेछ । समुद्रमा प्रतिक्षण उठ्तै त्यहीं विलीन हुने लहर जस्तै मभित्र पनि 'यो गर्छु' र 'उ गर्छु' भन्ने योजनाका लहर झुन्डका झुन्ड उठ्छन् र त्यहीं बिलाउँछन् । ईश्वरबाट छुटेर संसारमा आएका संसारका प्राणी प्रलयकालमा ईश्वरमै मिल्छन् र आवश्यकता अनुसार फेरि निस्केर कार्यान्वयनमा आउँछन् भन्ने अध्यात्मशास्त्रको उद्घोष अनुरूप हृदयकमलबाट उद्भूत मेरा योजनाहरू पनि धेरैपल्ट जहाँबाट उठे त्यही गर्तमा बिलाए । त्यस्ता योजनामध्ये प्राधिकरणका महिला साहित्यकारहरूको जीवनीमूलक सङ्ग्रह र विभिन्न पत्रपत्रिकामा प्रकाशित भई छरिएर रहेका निजी रचनाहरूको सङ्ग्रह प्रकाशित गर्ने योजना थाती छन् । मेरो विशेष रुचि धर्मदर्शन, अध्यात्म र पौराणिक साहित्यमा रहेकोले पौराणिक दर्शनसित सम्बन्धित एउटा स्तम्भ कुनै पत्रिकामा लेखन गर्ने सोच पलाएको छ समयले कहिले साथ दिन्छ प्रतीक्षामा छु । हालचाहिँ –

(क) नेपालको सामुदायिक उच्च शिक्षामा बानेश्वर क्याम्पसको योगदान र

(ख) आफ्नै सेरोफेरो आफ्नै परिवेश समेटेर अनुसन्धानमूलक कृति तयारीका सँघारमा छन् ।

**अन्त्यमा हामीले प्रश्न गर्न छुटेका र यहाँलाई भन्नै पर्ने लागेका केही कुराहरू छन् कि ?**

१ त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय, मदन पुरस्कार पुस्तकालय, केशर पुस्तकालय, नेपाल भारतमैत्री पुस्तकालय आदि राष्ट्रिय स्तरका पुस्तकालयमा हाम्रा प्रकाशनका प्रत्येक अङ्क पुऱ्याउन सान्दर्भिक र उचित सम्झन्छु र

२. हाम्रा प्रकाशनका प्रत्येक अंकमा प्राधिकरण कर्मचारी परिवारका १ जना साहित्यिक प्रतिभा, प्राधिकरण सेवाबाट राष्ट्रको उच्च जिम्मेवारीमा पुगेका व्यक्तित्व, प्राधिकरणको एउटा कार्यालयको परिचय र समकक्षी संस्थानहरूमा कार्यरत एउटी महिला साहित्यकारको परिचय पनि राख्ता समाजलाई थप बल मिल्थ्यो कि ? भन्ने अभिमत राख्तै विद्युतकर्मी साहित्यिक समाजलाई मनसा, कर्मणा र वाचाले सकुशल हाँकिरहनु भएका र यो समाजप्रति सद्भाव राख्नुहुने सबैप्रति साधुवाद ज्ञापन गर्दछु । साथीहरूको जाँगर सधैं लागिरहोस् र हाम्रो सामूहिक साहित्यिक बिरुवा अमर रहोस् ।●

# छुटेको



विमल भौकाजी

छुट्यो
उतै छुट्यो
सपना छुट्यो
रात लिएर आएँ, निस्पट्ट अँध्यारो रात;
छुट्यो, सपना उतै छुट्यो ।

दृष्टि छुट्यो
आँखा लिएर आएँ
छुट्यो, दृष्टि उतै छुट्यो

मुस्कान पनि छुट्यो
ओठ लिएर आएँ
छुट्यो, मुस्कान उतै छुट्यो

हो नि ! बालक थिएँ म
खूब खेलिन्थ्यो, रमाइन्थ्यो
मात्र, स्मृति लिएर आएँ
बालापन उतै छुट्यो

जुँगाको रेखी बस्दानबस्दै
प्रेमको दुनियामा उड्थें
हृदय यही थियो, लिएर आएँ
बैंस उतै छुट्यो

छुटिरहे... छुटिरहे...
जीवनमा सबै थोक छुटे
बस्, साथमा छ
असन्तुष्टि नै असन्तुष्टिको लस्कर ।



# हावामा बगिरहेको प्रेम

ज्ञानेन्द्र विवश

हावामा बगिरहेको प्रेम जीवनको स्पन्दन हो । त्यसमा हाम्रा मनहरू गाँसिएका हुन्छन् । हाम्रा रहर, इच्छा र खुशीहरू समेटिएका हुन्छन् । यसरी हावामा बगिरहेको प्रेमले जीवनलाई सकारात्मक गति दिन्छन् । ऊर्जामय दिनहरूमा सधैं गतिशील पारिराख्ने यी मायालु प्रेममय हावा हाम्रा प्रिय साथी पनि हुन् । यिनैमा हामीले मायाको मीठो आभास पाउँछौं । यिनैमा हामीले जीवनका सन्तुष्टिहरू भेट्छौं । हावामा बगिरहेको प्रेम जीवनको यौटा उत्सव हो । यसले हामीलाई बाँच्ने आधार दिन्छ ।

हावा चल्छ, कहिले कोमल स्पर्श बोकेर, कहिले आकस्मिक झोक्कासहित । कहिलेकाहीँ यस्तै हावाका स्पर्शहरू प्रेमका निमित्त संकेत जस्ता लाग्छन् । जब हावाको कुनै नरम झोक्का अनुहार छोएर जान्छ, मन एकाएक पुलकित हुन्छ ।

प्रेम पनि त यस्तै हुँदोरहेछ । नदेखिने, तर गहिरोसँग अनुभूत हुने । प्रेम कुनै मूर्त वस्तु होइन । जुन आँखाले देख्न सकियोस्, हातले छोएर अनुभूति गर्न सकियोस् । तर यो त्यही हावा जस्तै हुन्छ, जुन शरीरलाई मात्र होइन, आत्मालाई पनि सुटुक्क छोएर जान्छ ।

वसन्तको मधुर हावाले नयाँ पालुवा पलाउँछ । ढकमक्क फूल सुगन्धसहित मग्मगाउँछ । चराचुरुङ्गीको चिरबिर आवाजमा अनुराग मिसिन्छ । यो मौसम प्रेमको सञ्जीवनी हो । प्रियसीका कपालसँग खेल्ने चञ्चल हावाका झोक्का, न्यानो हाँसोमा बगिरहेको वात्सल्य र मनको कुना–कुनामा बसेको सम्झनाको मीठास । वास्तवमा यी सबै प्रेमका रूप हुन् ।

कहिलेकाहीँ मन भारी हुन्छ । भावना अपूर्ण लाग्छ । त्यो बेलामा पनि कुनै अपरिचित हावाको झोक्काले गालामा न्यानो स्पर्श गरेर सान्त्वना दिन्छ । लाग्छ, कतैबाट प्रेमको कुनै अदृश्य संकेत आइरहेको छ । कुनै सन्देश, कुनै प्रतीक्षा, कुनै वाचा यी सबै हावाको प्रवाहमा मिसिएर मनसम्म आइपुग्छ ।

सम्बन्ध टाढा भए पनि प्रेम हावा जस्तै सधैं वरपर नै रहन्छ । कहिले चीसो बतास बनेर सम्झनाका यादहरू कोट्याउँछ । कहिले मधुर गुनगुनाहट बनेर आत्मामा

शान्ति छर्छ । हावा जसरी रोकिंदैन । त्यस्तै प्रेम पनि प्रवाहित भइरहन्छ ।

यदि प्रेम कुनै गीत हुन्थ्यो भने, त्यो वसन्तको हावामा मिसिएको पारिजातको सुगन्ध जस्तै हुन्थ्यो । यदि प्रेम कुनै रङ हुन्थ्यो भने, त्यो साँझको सुनौलो माधुर्यमा विलीन हुन्थ्यो । यदि प्रेम कुनै यात्रा हुन्थ्यो भने, त्यो कहिल्यै अन्त्य नहुने हावासँगै बगिरहने यात्रा जस्तै हुन्थ्यो ।

हावा जसरी चलिरहन्छ, प्रेम पनि अविरल बगिरहन्छ– न देखिने, न समात्न सकिने, तर गहिरो अनुभूति हुने । आत्माको हरेक कुना–कन्दरामा प्रेमको मीठास छोड्दै बगिरहने ।

हावा अदृश्य वायुपुञ्ज मात्र होइन, यो अनुभूतिहरूको बगैंचामा हलुका स्पर्शको रूपमा आइरहन्छ । प्रेमले हावालाई समेत सुगन्धित पार्न सक्छ । किनकि प्रेम हृदयमा मात्र सीमित हुँदैन । यो धड्कनमा, श्वासप्रश्वासमा, चालचलनमा अनि हाम्रो वरिपरिको परिवेशमा पनि मिसिएको हुन्छ ।

वसन्त ऋतुको आगमनसँगै जब कोपिला टुसाउँदै फूलहरू फुल्न थाल्छन्, तब हावाको हरेक झोक्कामा मादक सुवास मिसिन्छ । यो सुवास कुनै एक फूलको मात्र हुँदैन । बरु सबै फूलहरूको सामूहिक भावनाको सुगन्ध हो । ठीक त्यसरी नै प्रेम पनि कुनै एक व्यक्तिसँग मात्र सीमित रहँदैन । बरु ऊ प्रकृतिसँग, समाजसँग अनि आत्मासँग गहिरो रूपमा गाँसिएको हुन्छ ।

कहिलेकाहीँ एकान्त क्षणमा जब शीतल बतासले गालामा स्पर्श गर्छ, तब त्यो हावामा कसैको सुमधुर प्रेमिल स्पर्श अनुभूत हुन्छ । कतै त्यो प्रेम पिताको स्नेह हो । कतै आमाको मायालु स्पर्श । कतै साथीको आत्मीयता । कतै प्रियसीको कोमल अनुराग । हावासँगै बगिरहेको प्रेमलाई अनुभूति गर्न सक्ने मनचाहिँ संवेदनशील हुनुपर्छ ।

एकान्त क्षणमा शीतल बतासले गालामा स्पर्श गर्दा मन एक अनौठो अनुभूतिमा डुब्छ । त्यो अनुभूति हावाको स्पर्श मात्र होइन । त्यसभित्र कुनै अदृश्य आत्मीयताको अनुभूति मिसिएको हुन्छ । लाग्छ, यो बतासले मेरो बाल्यकालका स्मृतिहरू ल्याइदिन्छ । त्यहाँ आमाबुबा, दाजु र दिदीका स्नेही स्पर्शले शिरमा माया बर्साउँथ्यो ।

आकाशमा उडिरहेका चराहरू जस्तै निस्फिक्री दौडिने ती दिनहरूमा आमाको मायालु हातले मलाई तानेर काखमा राख्थ्यो । जसरी बतासले सुकेको पातलाई सजिलै रुखका हाँगाबाट लुछेर आफ्नो आँगनमा ल्याउँछ ।

यो हावा प्रियजनको यादहरू बोकेर आउँछ । कतै साथीको आत्मीयता छरिएको हुन्छ, कतै प्रियसीको कोमल अनुराग मिसिएको हुन्छ । जीवनको यात्रामा थाकेर बसिरहेको बेला यौटा हल्का बतास सिर्सिराउँदै अनुहारमा अँगालो हालेर भन्छ– ' थकाइ हटाऊ, तिमी एक्लो छैनौ ।'

यो अनुभूति प्रेमको अर्को नाम हो, जुन देखिँदैन, तर महसूस गर्न सकिन्छ । हावामा बगिरहेको प्रेमको विम्ब यही हो ।

हावा आफैँमा कुनै रङ, गन्ध वा स्वर लिएर आउँदैन । तर यसले मनमा स्नेहको सुगन्ध भर्न सक्छ । प्रेम, जुन शब्दहरूभन्दा पर छ, जुन आँखाले देख्न सकिन्न, आत्माले अनुभूति गर्न सक्छ । जुन प्रेमलाई हामीले शरीरका सीमामा मात्र बाँध्छौं, त्यो प्रेम होइन, त्यो त एक क्षणिक आकर्षण मात्र हो । तर, जुन प्रेम हामीले हावासँगै बगिरहेको महसूस गर्छौं ।

वास्तवमा त्यो अनन्त छ । यही साँचो प्रेम हो । खुशीको उत्सव ल्याउने पवित्र प्रेम यही हो ।

प्रेमलाई अनुभूत गर्न संवेदनशील मन चाहिन्छ । मन ममता, करुणा र आत्मीयताले भरिएको हुन्छ । हावाको स्पर्श पनि मायालु लाग्छ । त्यसैले शीतल बतासले गालामा चुम्बन गर्दा, आँखाहरू चिम्म गरेर सोध्न मन लाग्छ– 'आज कसको प्रेमले मलाई छोयो ?'

कुनै खोलाको वा पोखरीको किनारमा बसेर अथवा कुनै अग्लो डाँडाको चुचुरोमा उभिएर हावाको झोक्कासँग आफ्ना भावनाहरू उडाउनु प्रेमको अर्कै रूप हो । त्यहाँ कुनै शब्दको आवश्यक हुँदैन । आत्माको तरङ्ग हावामा मिसिन्छ । अनि त्यसले अव्यक्त प्रेमलाई बोल्न प्रेरित गर्छ । हावामा बगिरहेको प्रेमको सुन्दर स्पर्श यहाँ महसूस गर्न सकिन्छ ।

कतिपय प्रेम निःस्वार्थ हुन्छ । जसरी वसन्तको हावाले कोहीसँग भेदभाव नगरी सबैलाई समान रूपले सुवास दिन्छ । हावाले प्रेमको पाठ सिकाउँछ– मुक्त रहन, अरूलाई शीतलता प्रदान गर्न, अनि निःस्वार्थ रूपमा बगिरहन ।

प्रेम स्वच्छ हुन्छ । प्रेम कुनै बन्धनमा बाँधिन चाहँदैन । प्रवाहित हुन चाहन्छ । स्वच्छ हावामा मिसिएर बगिरहन्छ । फैलिरहन्छ । प्रेमको भावना जगाउँदै जान्छ । प्रेमको अनुभूति गराउँदै उडिरहन्छ ।

यही कारण हो कि कुनै प्रिय व्यक्ति टाढा हुँदा, हावाको एक झोक्काले तिनको सम्झना दिलाइरहन्छ । त्यो हावाले कानेखुशी गर्छ– 'तिमी एक्लो छैनौ, मसँगै छु ।'

हावामा बग्दै–बग्दै मिसिएको प्रेमले सम्झनाहरू ताजा राख्छ । अनि अनन्तसम्म हृदयको एउटा कुनामा त्यो रहिरहन्छ ।

यसरी हेर्दा, हावा प्रकृतिको एउटा तत्त्व मात्र होइन, बरु प्रेमको अदृश्य बाहक पनि हो । मन प्रेमले भरिन्छ, हावासँगै त्यो प्रेम पनि संसारभरि फैलिन्छ । अनि जीवनको हरेक कुना त्यो प्रेम सुवासित हुन्छ ।●

# एकता

जयदेव गोविन्द



जति नगर इलाका गाउँका साँध आउन्
जतिजति सरितामा बाँधका बाँध आउन्
प्रचलित विधि चाहे प्रान्त, सङ्घीयता हो्
प्रतिपल तर हाम्रो भावमा एकता होस् ।

कुन मनुज मधेसी को पहाडी हिमाली
मनबिच किन कोर्ने साँधका व्यर्थ आली ?
चरर जति चिरा होस् कागजी मानचित्र
तर सबसित सिङ्गो राष्ट्र होस् वक्षभित्र ।

शिखर सगरमाथा भागबन्डा हुँदैन
गिरिशिखरहरूको उच्चता बाँडिदैन
कलकल सरिताको वेग को बाँड्न सक्छ ?
क्षितिज गगन तारा मेघ को बाँड्न सक्छ ?

शिरतिर शिवगौरी नृत्य गर्छन् रमाई
नित जनक र सीता बुद्ध कुर्छन् तराई
शिव हरि र खुदा या राम बन्डा हुँदैनन्
अमर अरनिकोका नाम बन्डा हुँदैनन् ।

दिनकर शशि खेल्ने गर्विलो रक्त झन्डा
तितरबितर बन्दै हुन्न यो भागबन्डा
सबल ‘लखन थापा, भक्ति’ बन्डा हुँदैनन्
श्रम र अमरताका शक्ति बन्डा हुँदैनन् ।

लहलह छ तराई अन्नको दान दिन्छ
शिखर रसभरी झैं सुन्तला खान दिन्छ
प्रकृति छ हितकारी पूर्णतामा जुटेको
दिन दिन तर हाम्रो चेतना हो फुटेको ।

पशुपति वनकाली बाँडिदैनन् स्वयम्भू
बहुजनबिच साझा हुन् खुदा राम शम्भु
छठ इद र दशैंका केन्द्रमा देश आओस्
विमल समयदायी शान्ति सन्देश आओस् ।

वतन जुनसुकै हून् धर्म या जातजाति
दलबल पदभन्दा होस् सदा देश माथि
मधुर भजन साझा घन्कियोस् मृत्तिकामा
"जय जय जय धर्ती देश नेपाल आमा" ।●

छन्द– मालिनी

# आत्माको आयाम



**प्रमोद शर्मा**

अलख निरञ्जन !

घर बाहिर निस्किनै लागेको बेला ढोकामा टुप्लुक्क आइपुगेका एकजना जोगीलाई देखेपछि आफूसँग भएको चानचुन पैसा निकाल्न खल्तीबाट हात बाहिर झिक्दा सयको नोट देखा पर्‍यो । अलि सानो दरको नोट भेटिन्छ कि भनेर एकछिन छामछुम गरें, तर भेटिएन । यो सबै नियालिरहेका जोगीलाई भित्रबाट थोरै पैसा ल्याएर दिन मन मानेन, आफ्नो यो हरकतप्रति अलिकति लज्जित महसूस गर्दै हातमा आएको त्यही सयको नोट दिन हात अघि बढाएँ ।

'दश घर डुलेर भिक्षा मागेर खानुपर्ने धर्म हो मेरो, तिम्रो मुद्रा तिमीलाई नै काम लाग्ला, मलाई दिने भए एक मुठी अन्न दान देऊ ।' जोगीले भने ।

यति वृद्ध मान्छे, यो टन्टलापुर घाममा भिक्षाटन गर्दै हिंडेका छन्, अझ कति घर डुल्नु पर्ने हो, भोक प्यासले पीडा पक्कै दिएको होला, कति बेला पर्याप्त भिक्षा जम्मा गरेर पकाएर खान भ्याउने हुन्, जोगीको अवस्था देखेर कसो कसो दया लगेर आयो । दुई दिनअघि महाशिवरात्रिको अवसरमा पशुपतिनाथ मन्दिर परिसरमा देखिएका साधुहरूलाई सम्झिएँ । बसमा कन्डक्टरले हकले पैसा उठाए जसरी कुच्चोले टाउकामा ठटाउँदै 'ए बालक पैसा दे' भन्दै मागिरहेका तथाकथित साधुहरूको धन प्रतिको आशक्ति अनि यी जोगीको स्वधर्मको आचरण । बाबाप्रति एक प्रकारको आदर भाव र श्रद्धा जागेर आयो ।

बाबाको शिरदेखि पाउसम्म एकचोटि राम्रैसँग दृष्टिगोचर गरें । पूरै गेरुवस्त्र धारण गरेका, ठाउँ ठाउँमा भस्म लेपन गरेका, स्वाभाविक लामै केश, लामै दाह्री, हातमा कमण्डलु लिएका । यस्तो स्वरूपका जोगीहरू पहिले पनि यथेष्ट देखिएकै हो, तर उनको आँखामा जुन तेज थियो, मुहारमा जो आभा थियो, व्यक्तित्वमा जुन शालीनता थियो, बोलीमा जुन ओज थियो, मैले आज पर्यन्त शायदै कसैमा देखेको

छु । झट्ट हेर्दा वयोवृद्ध, दुर्बल, थकित, गलित जस्तो देखिए पनि मैले किन हो, उनलाई एक अलौकिक ऊर्जाले भरिपूर्ण र अत्यन्त शक्तिशाली महापुरुष जस्तो देखें । आजको दिन साथीहरूसँग लखरलखर बरालिनु भन्दा यिनै बाबासँगको सत्सङ्गमा सदुपयोग गर्न ठीक हुन्छ जस्तो लाग्यो ।

'बाबा, हजुरलाई एउटा कुरा अनुरोध गर्छु है ।'

'हँ, के कुरा !'

प्राय, सबैले गर्ने भनेको जोगीलाई पैसा वा भिक्षा दान गरेर बिदा गर्ने हो; हामीले पनि त्यही गरिआएको हो । यसले के कुरा गर्न लाग्यो भनेर थोरै सशङ्कित दे खिएका बाबाको जिज्ञासा शान्त पार्दै भनें, 'मलाई हजुरसँग केही समय बिताउन मन लाग्यो, म हजुरका लागि भोजनको प्रबन्ध यतै मिलाउँछु नि हुन्न बाबा ?'

मेरो प्रस्ताव सुनेर बाबा केही सोचमग्न देखिए । बाबाको व्यक्तित्वको प्रभाव मलाई यति परिसकेको थियो कि बाबाले म जस्तो तुच्छ मानिसको कुरा सजिलै मान्ने छैनन् भन्ने पीरले फेरि भनें, 'बाबा चिन्ता नगर्नुस्, हामी पनि यथाशक्य धर्माचरणमा रहेका मानिस हौं, हजुरका लागि पूरै चोखोनितो गरेर सात्त्विक भोजन तयार गराउने छौं । केही क्षणको बसाइमा हजुरको ज्ञानको भण्डारबाट एक थोपो मेरो पोल्टामा थापिलिने इच्छा भयो बाबा !' भनेर हात जोडें । बाबा मुस्कुराए सँगै मेरो मन पनि प्रफुल्लित भयो ।

भोजन तयार हुँदै गर्दा बाबाको विगतको बारेमा जिज्ञासा राखें । आफूलाई धन सम्पत्ति, भौतिक सुख सुविधा, भोग विलासको कहिल्यै रुचि नभएको र आधुनिक शिक्षाको एक उच्च तह पार गरिसक्दा पनि ज्ञान प्राप्तिको मूल वृक्षको एउटा त्यान्द्रो पनि समात्न नसकेको अनुभूति भएकाले ज्ञानको खोजमा योग साधनाको मार्ग अवलम्बन गरी हालसम्म तपस्यारत रहेको वृत्तान्त सुनाए । दशकौं देखिको निरन्तर योग साधना र तपस्याले उनले ठूलै सिद्धि प्राप्त गरिसकेको सजिलै अनुमान लगाउन सकिन्थ्यो । मेरो कुनै विषयमा जिज्ञासा भए सोध्न बाबाले अनुमति दिए ।

'आत्मा साँच्चै हुन्छ र बाबा ?'

'हुन्छ नि ! तिम्रो भौतिक शरीरलाई सञ्चालन गर्ने एउटा शक्ति त छ नि, त्यही अदृश्य ऊर्जाको एउटा रूप त हो आत्मा ।'

'आधुनिक विज्ञानले त सत्यसँगै तथ्यको पनि कुरा गर्छ, नदेखेको कुरा मान्दैन, शरीर त सबै प्राकृतिक जैविक प्रणालीअन्तर्गत सञ्चालित हुन्छ, आत्माको कुरा मिथ्या हो भन्छन् नि बाबा ।'

'तिमीले तिम्रो जिजुबुबालाई देख्यौ ?'

'अहँ, हजुरबुबासम्म देखें, जिजुबुबा त म जन्मिनु भन्दा पहिल्यै बित्नु भएको रे ।'

'त्यसो भए तिम्रो जिजुबुबाको कारण तिमी अस्तित्वमा आएको भन्ने कुरा तिमी मान्छौ कि मान्दैनौ ?'

म अवाक् भएँ । आफूले नदेखेको कुरामा पनि विश्वास गर्नुपर्ने अवस्था हुँदोरहेछ भन्ने कुरामा बाबाको यो सानो र साधारण उदाहरणबाट सहमत भएको इङ्गित गर्दै टाउको हल्लाएँ ।

बाबा भन्दै गए, 'यो ब्रह्माण्डमा हाम्रो आँखाले देख्ने कुरा मात्र अस्तित्वमा छन् भन्ने ठान्नु नै अज्ञानताको पराकाष्ठा हो । तरङ्क विभिन्न किसिमका हुन्छन, ती मध्ये सात रंगका तरङ्गहरूका आवृत्ति मात्र हाम्रो आँखाले बोध गर्न सक्ने भएकाले तिनीहरू देखिन्छन्, बाँकी देखिँदैनन् । नदेखिने हुनाले एक्स–रे छैन भन्न मिल्छ ? त्यसैको मद्दतले जटिल रोगका स्वास्थ्योपचार सम्भव भएकै छन् त ।'

त्यसैले आत्माको पनि अस्तित्व पक्कै छ बाबु । यो पनि देखिंदैन किनभने यसको आयाम फरक छ । आयाम भनेको त बुझ्छौ नि ? डाइमेन्सन भन्छौ नि तिमीहरू । जस्तो कि, एउटा विन्दुको लम्बाइ चौडाइ नहुने हुँदा यसको कुनै आयाम हुँदैन । रेखाको लम्बाइ मात्र हुने भएकाले यसलाई एकल आयाम भएको वस्तु (One dimensional object) मानिन्छ । एउटा पेपरमा कुनै मानिसको चित्र कोऱ्यौ भने यसको लम्बाइ चौडाइ हुने भएकाले यसलाई द्विआयामी वस्तु (Two dimensional object) मानिन्छ । तर मानिसको चुच्चो नाक कागजको सतह भन्दा बाहिर आउन त सकेन, अर्थात त्यसमा वस्तुको गहिराइ समेट्न सकिएन । गहिराइ समेतको आयाम थपेर तेस्रो आयाम (Three dimension) मा मानिसको हुबहु आकृति मिल्ने गरी मूर्ति निर्माण गरियो । विदेशस्थित विभिन्न सङ्ग्रहालयहरूमा प्रख्यात व्यक्तिहरूका सजीव झैं लाग्ने मैनका मूर्तिहरू तिमीले पनि देखेकै होलाऊ । मैनको सट्टा हाड, मासु, रगतकै सम्मिश्रणले मूर्ति तयार गर्न पनि असम्भव नहोला । तर त्यसमा कमी के को रह्यो त ? किन त्यो सजीव बनाउन सकिरहेको छैन विज्ञानले ? कमी एउटा कुराको मात्र छ बाबु, आत्माको,

जुन अर्कै आयाममा हुन्छ, मानिलिऊँ चौथो आयाम (Fourth Dimension)। कसै कसैले समय चौथो आयाममा हुन्छ भन्छन् । त्यसलाई सही मान्न पनि सकिन्छ । त्यसो हो भने, आत्मालाई पाँचौं आयाम देऊ, जे होस् यति मानौं कि कुनै एउटा फरक आयाम, जुन साधारण मानिसले देख्न सक्दैन, तर अस्तित्वमा छ । हामी यो मान्छौं कि भौतिक रूपमा शरीर तयार भैसकेपछि विधाताले प्राण भर्ने भन्नु नै त्यसमा आत्मा प्रविष्ट गराउनु हो ।

आत्मा ऊर्जावान र गतिशील हुन्छ बाबु । यो दुनियाँमा सकारात्मक र नकारात्मक दुवै किसिमका ऊर्जा व्याप्त छन् । सकारात्मक ऊर्जाले भरिपूर्ण आत्माको संसर्गमा रहने अवसर पायो भने व्यक्तिमा सकारात्मक प्रभाव पर्छ, उसको व्यक्तित्व र चेतनाको स्तर त्यसै अनुरूप सकारात्मक ढंगले निर्माण हुँदै जान्छ । उच्च कोटिका साधु महात्माहरूको सान्निध्य मात्रले पनि आत्मामा सकारात्मक ऊर्जाको सञ्चार हुन्छ ।

'अनि बाबा, परमात्मा चैं ?'

'आत्माको पनि ऊर्जाको श्रोत परमात्मा हो बाबु । जसरी जीवात्माको शरीर आत्माबाट सञ्चालित हुन्छ, त्यस्तै यो सारा ब्रह्माण्ड परमात्माबाट सञ्चालित हुन्छ, जुन फेरि अर्कै आयाममा हुन्छ । आ-आफ्नो कर्म, पाप-पुण्यको भोगअनुसार आत्माले चोला फेरिरहन्छ । मनुष्य चोलामा आएपछि आत्मा विभिन्न विकारहरूले ग्रस्त हुन्छ । जसले सांसारिक मोह छोडी परमात्मामा चित्त लगाई धर्मानुकूल आचरण, सात्त्विक आहार विहार, आध्यात्मिक एवं अनुशासित व्यवहारका साथ योग साधना तथा तपस्याको माध्यमले आत्मालाई विकार शून्य बनाउन सक्यो, उसैले यो जन्म मरणको चक्करबाट छुटकारा पाई अन्ततः उपल्लो आयाममा रूपान्तरित (Energy Transformation) भै परमात्मामा लीन हुने अवसर पाउँछ ।'

बाबाका लागि भोजन तयार गर्दै थिइन् श्रीमतीजीले भान्सामा, कुकरको चर्को सिट्ठीले निद्रा भङ्ग भयो । यस्ता सिद्धि प्राप्त महापुरूषबाट थप ज्ञान आर्जन गर्ने, अनि उनलाई भोजन गराउने सौभाग्य मैले सपनामा पनि पाउन सकिनँ ।

बाबालाई पुनः सपनामै भए पनि भेट्ने आशाका साथ, बिदा !

**आबद्धता : नेपाल विद्युत प्राधिकरण**



# चिन्ता

जीवन आचार्य निश्चल

प्रिय घाम,
तिमी छौ र पो म छु
तिमी भएकाले घाम घमाइलो छ
घाम किन छुन सक्दैनौ ?, र छुइदैन
तर,
तिमी घामकै न्यानो लिन्छौ
घामको जात खोजी गर्दैनौ
घामले कहिले छुट्याउँदैन, तेरोमेरो भन्दैन ।

प्रिय माटो
प्रिय भुइँ,
चौडाइमा फैलिएका छौ
मान्छेको छाती किन फराकिलो चौडाइमा चौडिएन
खैर केही छैन
उदाहरणमा ढुकुरको जस्तो छाती भन्छन्
तर,
ढुकुर जत्तिकै प्रेम किन गर्दैनन् मान्छे मान्छेलाई
शदियौंदेखि
भेद गर्दैन माटो त - ऊ र म भनेर
मान्छे किन माटो बन्न सक्दैन ?
मान्छेलाई मान्छेले यो भनेर छल गरेको छ
माटो हुनु भनेको त हराउनु हो ।

हावा छोएर बगिरहेछ – हामीलाई
हावा किन अछुत भएन ?
हामीले मिसाएका छौं श्वास हावामा तिमीले लिएको
तिमीले फेरेको मैले लिए जस्तै

मान्छेको शरीरमा तीन भाग पानी छ
एक भाग माटो छ
माटोमा पनि त तीनै भाग पानी छ
हामीले पखालेको मुहार पानीमै मिसिन्छ
यी किन बेजात भएनन् ?

तिमी आफूलाई मालिक भन्छौ
मालिकलाई गुलाम बनाएर

प्रिय मान्छे !
यो हावा, माटो, पानी, तेज
र आकाश तिम्रो मात्रै पनि हैन भनिरहेछ
तिमी किन सुन्दैनौ ?

आऊ सङ्कल्प गर मन्दिरका पुजारी
हामी सिमाभित्र बसेर फत्रन किन नपाउने ?
कोपिलामै किन निमोठिन्छन् हाम्रा सपनाका कलिहरू ?
तिमीले पनि बुझेका छौ
हामीले पनि बुझेका छौं

क्रान्ति भनेको बनाउनु मात्रै पनि हैन र,
क्रान्ति भनेको भत्काउनु मात्रै पनि हैन ।

**बागमती, सर्लाही**

# सचेतना हराएका पागल होइनन्



अनिता कोइराला

हरेक बिहान जब म गहिरो निद्राबाट उठ्छु, मेरा स्मृतिहरू चिरनिद्रामा सुतिरहेका हुन्छन् । ओछ्यानबाटै केहीबेर स्मृतिहरूलाई जागृत गराउन लागिपर्छु । सचेत हुँदै सोच्न थाल्छु । म अहिले कहाँ छु ।

कुन कोठामा छु ? आज कुन बार हो ? आज मेरो के–के काम छ ... ? मेरो मस्तिष्कले केही सन्देश दिँदैन । शून्यमा पुगेको हुन्छु । आत्तिँदै मस्तिष्कमा अझ जोड लगाउँछु ।

शून्य ! मात्र शून्य अनुभूत हुन्छ । केहीबेर स्थिर बसेपछि बिस्तारै मेरा स्मृतिहरू निद्राको गहिराइबाट अल्छी मान्दै उठ्छन् । अनि, तत्काल आफूलाई चिन्छु र फुरुङ्ग हुन्छु । अमूल्य खजाना प्राप्त भएको आभास हुन्छ ।

म पुनः सोच्न थाल्छु । अचानक डर लाग्छ, आम्मै ! कहीं मेरा स्मृतिहरू उठ्नै मानेनन् भने ? मलाई म को हुँ, मेरो काम के हो भन्ने जुन बोध छ, त्यो हरायो भने ? यस्तो संवेदनशील पाटो सम्झेर मथिंगल नराम्रोसँग हल्लिन्छ । सोच्न पनि सक्दिनँ । चेतना हराएर भौंतारिएको त्यो डरलाग्दो अवस्था । अनि, जुरुक्क उठेर पद्मासन लगाउँदै लामो र गहिरो श्वासको अभ्यास गर्छु । दुई हात जोडेर ईश्वरसँग प्रार्थना गर्छु, 'हे प्रभु, मेरो चेतनालाई जागृत बनाइराख ।' भगवान्लाई हृदयदेखि नै आभार प्रकट गर्छु ।

'धन्यवाद छ प्रभु ! तिमीलाई । यो अमूल्य चेतना दिएकोमा ।'

म सर्वकल्याणका लागि अदृश्य शक्तिसँग फेरि अर्को प्रार्थना गर्न पुग्छु, 'हे ईश्वर, सधैं सबैलाई चेतनशील बनाइराख ।' यति मीठो चेतना हराउँदा मान्छेले कति भौंतारिनुपरेको छ । होश हराएपछि के गर्नु हुन्छ, के गर्नु हुँदैन, केही थाहा हुँदैन । बोध हराएका मान्छेहरू जीवनको वास्तविक आनन्द उठाउन नसकेर विक्षिप्त भएका छन् । अनि, यो अमूल्य मानव जीवनलाई माटोमा मिलाउन विवश छन् ।

चाहे पूर्ण रूपमा होश हराएका मनोरोगी हुन् या होश हुँदाहुँदै पनि बेहोश भएर भौंतारिएका बुद्धिजीवी, दुवैको दारुण अवस्था देखेर रुन मन लाग्छ ।

बोधशक्तिलाई सही अर्थमा बुझ्न नसक्दा बुद्धिजीवीहरू पनि अशान्त र विषादले भरिएर आक्रान्त मन लिएर जीवनलाई घिसारिरहेका छन् ।

जीवनलाई मूल्यहीन ठानिरहेका छन् । भौतिक सुख प्राप्त गर्ने लहडमा आन्तरिक सुख र शान्ति गुमाउँदै ख्यालख्यालमै जीवन सिध्याएका छन् ।

फेरि आफैं गम खान्छु– होश हुँदाहुँदै पनि किन मान्छे बेहोश हुन्छ ? ईश्वरको उत्कृष्ट रचना किन सोच्न सक्दैन आफ्नो सार्थकता अनि विराटता ? किन जीवनलाई उत्सव बनाउन सक्दैन ?

छुद्र कुराहरूलाई समात्दा समात्दै आफू पनि अशान्त हुन्छन् अनि आफ्नो वरपरको वातावरण पनि तनावमय बनाउँछन् । शान्ति र परम आनन्द जस्तो अमूल्य सम्पत्ति थाहै नपाई नष्ट गर्न पुग्छन् ।

केही समयअधिको घटना हो । एउटी आमाले आफ्नै छोरीलाई कुट्दाकुट्दै मारेर रोडमा घिसार्दै हिंडेको दृश्य सामाजिक सञ्जालमा देख्नुपरेको थियो । ती महिला अझ बोल्दै थिइन्, 'ए, ल्याओन् कोदालो, यसलाई गाडौं !' ती महिलालाई हेरेर मेरो आँखाबाट आँसु रोकिएनन् । कति तनावग्रस्त अवस्थामा रहिछिन् । कुन आमाले आफ्नो सन्तानलाई त्यसरी मार्न सक्छ, यदि बोध भएको भए ?

लगत्तै अर्को समाचार आयो । श्रीमान्को घाँटी छिनालेर काटेको टाउको बोकेर एक श्रीमती राति नै पुलिसचौकीमा पुगेको ! के यो घटना पारिवारिक कहलबाट उब्जिएको सामाजिक समस्या मात्र हो त ? शान्त मनले आफ्नै श्रीमान्लाई काट्न सक्छ ? यो त पूर्णतयाः मानसिक समस्या हो । के कारणले त्यस्तो मानसिक अवस्था सिर्जना भयो होला ? हामीले सोचेका छौं ? जब मान्छे होशमा हुँदैन, तब ऊ राक्षस बन्न पुग्छ । शरीर मात्र स्वस्थ भएर हुँदैन, मस्तिष्क पनि स्वस्थ हुनुपर्छ अनि पो मान्छे मानव भएर बाँच्न सक्छ । स्वस्थ्य शरीर र स्वस्थ मनको संयोजन नै स्वस्थ मानव हो ।

शरीर जलेर खरानी हुनु मात्र मृत्यु हुनु होइन । अस्तित्व हराएर बाँच्नु पनि मृत्यु हो । बोध हराएर भौंतारिनु पनि एक प्रकारको मृत्यु नै हो । अनि बोध हराएकाहरूलाई देखेर तमासा हेर्नु झन् दुःखद मृत्यु हो ।

म सोचमग्न भएँ । ती महिलाहरूको मानसिक तनावको कारक तत्त्वहरू के के होलान्, खोइ केलाउन सकेका हामीले ? कति सजिलै फैसला गरिदिन्छौं । हामीलाई बोल्न पटक्कै सोच्न पर्दैन । फ्याट्टै भनिदिन्छौं, 'पागल भैछे ।' के कारणले समस्या जन्मियो हामीलाई जान्ने फुर्सद कहाँ हुन्छ र ?

हामी त सभ्य समाजका सुकिला मान्छे हौं । साउनको झरीमा हामी जस्तै मान्छे सडकमा रुझिरहेको हुन्छ, तर हाम्रो मुटु पोल्दैन । जिउँदो लास भएको मानवलाई नाघेर हिंड्छौं, मानवअधिकारको वकालत गर्न !

हामीभित्र कति आडम्बर छ । देखावटीपन उत्तिकै छ । बोध भएका मान्छेहरूले किन सोच्न सक्दैनौं यस्ता मान्छेहरूलाई समयमा उपचार गर्दा ठीक हुन्छ भनेर । यस्तो कार्यमा राधिका दासी जस्तो आध्यात्मिक व्यक्तिलाई साथ र सहयोगको नितान्त आवश्यक छ । मानव सेवा आश्रमलाई साथ र सहयोगको खाँचो छ । यस्तो महत्त्वपूर्ण सामाजिक विषयको बहस किन प्रभावकारी हुन सकेको छैन ? किन यस्ता विक्षिप्त मानवहरूको मानव अधिकारको लागि राष्ट्रिय र स्थानीय तहबाट यता पहल हुँदैन ?

मेरै आँखाअगाडि भर्खरै एउटा घटना भएको थियो । मातातीर्थ वडा प्रहरी कार्यालयको आँगनमा रातभरि एक नवयौवना अर्धनग्न अवस्थामा भौंतारिरहेकी थिइन् । पूर्णरूपमा बोध गुमाएकी युवतीको छरपस्ट मनोदशा ।

कल्पना र यथार्थ छुट्ट्याउन नसकेर भ्रमित भएको विकराल अवस्थामा छट्पटाइरहेको दृश्यले मलाई नराम्रोसँग छोयो । सहयोग गर्न नजिकै गयौं । रातभरि चिच्याएर टोलवासीलाई राम्रोसँग सुत्न नदिएको गुनासो सुन्यौं । तर, हिजोसम्म हाँसेर हिंडेकी मान्छे अकस्मात् बिरामी पर्दा समाज र सम्बन्ध मूकदर्शक बन्यो । रातभर सडकमा तड्पिएर कराउँदा तिनलाई समातेर अस्पतालसम्म लैजाने अधिकार पुलिस (हाम्रो साथी) लाई रहेनछ, कस्तो विडम्बना !

म छक्क परें, नागरिकको सेवामा समर्पित राष्ट्र सेवकलाई पनि अधिकार दिइएको छैन रे ! मानसिक अस्पतालले पनि त्यस्ता बेवारिसे रोगीलाई किन स्वागत गर्न सक्दैनन् ? हृदय छियाछिया भयो यथार्थ बोध हुँदा ।

यसरी औषधिले निको हुनसक्ने मानसिक समस्याहरू पनि विकराल बन्दै छ, पहुँचको अभावमा ।

ती बहिनी दौडिएर मेरो जिउमा झ्याम्मिन आइन् । उनको बल यति थियो कि मलाई समाएको हात छुटाउन दुईजना प्रहरी जवान बोलाउनु पऱ्यो । प्रहरीचौकीको आँगनमा जात्रा लागेको थियो, एउटी विक्षिप्त नारीको नाटक हेर्न । सयौं हात उपस्थित थिए, तर सहयोग हर्ने हात एउटा पनि थिएनन् । डाँको छोडेर रुन मन लाग्यो मानवता मरेको अनुभूत हुँदा । साथी सरस, प्रहरी र म भएर बल्लतल्ल तिनका आफन्तलाई बोलाएर ट्याक्सीमा राख्दै पाटन अस्पतालको आकस्मिक कक्षसम्म लैजाने सुझाव दियौं ।

म तीन दिन निदाउन सकिनँ ! र, कलम लिएर उकुसमुकुस पोख्न थालें ।

समाज, परिवार र सम्बन्धहरूले नै त मान्छेलाई प्रभाव पार्दो रहेछ । ती बहिनी र छोरी मार्ने आमालाई पिर बिसाउने ठाउँ कतै थिएन होला । उनीहरूको भावना बुझिदिने साथी कोही थिएनन् होला । रोग लाग्दा समयमा उपचार भएन होला ।

सामाजिक, आर्थिक, पारिवारिक आदि कारणहरूले उनीहरूलाई विक्षिप्त पार्दै सडकमा भौंतारिन विवश पा-यो ।

मानसिक रोगलाई इज्जत, मान र प्रतिष्ठासँग जोडेर लुकाउने चलन पनि छ । त्यस कारणले अझ सामान्य मानसिक समस्या भयावह हुने अवस्था सिर्जना हुँदै छ । १८ महिनाकी बच्चीलाई देखेर कामवासना जागृत हुनु, आफ्नै सानी नातिनीलाई बलात्कार गर्नु, के यो सामाजिक र परिवारिक समस्या मात्र होला त ? मलाई त यो सामाजिकभन्दा पनि पूर्ण रूपमा मानसिक समस्या हो जस्तो लाग्छ ।

उपचारको अभावमा आफ्नै छोरी मार्ने अवस्थामा आमा पुगिन् । यो त देखिएको दृश्य मात्र हो । कैयौं यस्ता घटना होलान् हाम्रो समाजमा । कतिपय घटना बाहिर आएकै छैनन् होला । यसर्थ, मानसिक स्वास्थ्यको बारेमा जनचेतना फैलाउन नितान्त आवश्यक छ ।

स्मार्ट युगमा हामी सचेत हुन नसक्दा घर घरमा मानसिक रोगीहरू बढ्दै छन् । हामीले हाम्रो मानसिक स्वास्थ्यलाई बेवास्ता गर्दा यस्ता घटनाहरू भइरहेका छन् । जीवनलाई अव्यवस्थित बनाउँदा, तनाव व्यवस्थापन गर्न नजान्दा होश गुमाउनु परेको थाहै हुँदैन ।

जब जब म सडकमा स्मृति गुमाएका मान्छेको अवस्था देख्छु, भाउन्न हुन्छ । चेतना गुमाएका, गन्तव्य बिर्सिएका, म जस्तै मानिस पशुभन्दा पनि तल्लो स्तरको जीवन बिताएको देख्छु । आफ्नै होश गुम्ला झैं हुन्छ । केही गर्न सक्दिनँ । मलाई पीडाबोध हुन्छ र आधुनिक समाजप्रति खेद लाग्छ ।

एकचोटि कल्पना मात्र गरेर त हेरौं, तपाईँलाई पनि पीडाबोध हुनसक्छ । सडकपेटीमा नारकीय जीवन बिताएका व्यक्तिहरू यदि आफ्नै प्रियजनहरू भएको भए हामी नाघेर हिंडिसक्थ्यौं ? सोच्न पनि सक्दैनौं हामी ।

त्यस्तो अवस्थामा आफन्तलाई देख्न नपरोस् भन्ने कामना गर्न पुग्छौं । के ती पनि हाम्रै होइनन् र ? भौंतारिएर हिंडेको एक जीवन मात्र पनि ठीक पार्न सक्यौं भने हाम्रो जीवन पनि सफल हुन्छ ।

अन्त्यमा, यो मनै बिथोल्ने समस्याको राष्ट्रिय र स्थानीयस्तरबाट समाधानको पहल हुनुपर्ने देखिन्छ । सबै चाहन्छन्, मानसिक सन्तुलन गुमाएका नागरिकको उपचार होस् । नगरमा होस् या गाउँमा, यस्ता समस्याले ग्रसित मानवले कतै सडक सडकमा कुकुरहरूसँग पौंठेजोरी खेल्दै फोहोरका डंगुरबाट खाना खोज्नु नपरोस् । कसैले पनि चेतना गुमाएर सडकमा बस्नु नपरोस् । चेतनशील प्राणीलाई कसैले पनि पागल भनेर सम्बोधन गरेको सुन्नु नपरोस् ।●

# चीसो माया



अतृप्ताचार्य

–"जेठो छोरो क्यानडा गएको धेरै वर्ष भयो । क्यालगरीमा बुहारी र दुई सन्तान सहित बस्दैछ । ऊ त्यहाँ अलकापुरीको सुख भोग्दैछ । "आमा स्याँ स्याँ गर्दै बोलिरहन्थिन् ।

–"माहिला, मेरो माइला त हीराको टुक्रा हो नि ! अस्ट्रेलियामा रेस्टुरेन्ट चलाएर बसेको छ । उसले नचाखेको संसारमा कुनै परिकार नै छैन !" बाबुको स्वाभिमान बेसरी गर्जन्थ्यो ।

–"मेरो कान्छो भाइको नकुरा गरौं । अमेरिकामा गाडी नै गाडी, बङ्गला नै बङ्गला । सबै नेपालीलाई छहारी दिएर बाँचेको छ ।" विवाहित दिदीको आवाजमा दम्भ झल्किन्थ्यो ।

आफ्नै संसार,आफ्नै परिवेश, आफ्नै धून । प्रविधिले साँघुरो बनाएको यो डिजिटल दुनियाँमा भिडियो कुराकानी मामुली जस्तै थियो उनीहरूका लागि। परिवारका सदस्यहरू बीच बातचित भइ नै रहन्थ्यो ।

जेठाले बारम्बार कपडाहरू पठाइरहन्थ्यो, रङरङका लुगा भै गो !

माहिलाले आइ.एम. इ गरिरहन्थ्यो, मनग्य पैसा भै गो !

कान्छाले गोडैमा ढोगूँला झैं गरी फोन गर्थ्यो, संस्कार भै गो, सद्भाव भै गो !

चुलो बलेकै थियो, जीवन चलेकै थियो । अभावको असिना अन्यत्र त बर्सिएको देख्थे तर त्यो उनीहरूको छाना ठटाउन कहिल्यै आएको थिएन ।

उनीहरूलाई बुढ्यौलीले बिस्तारै गाँज्दै थियो । दम र सुगरको औषधि किन्न मेडिकल पुग्ने ताकत पनि हराउँदै गएको थियो । कहिलेकाहीं त पानी तताउन खोज्दा पनि सिलिन्डरको रेगुलेटर बटार्न नसकेर हैरान हुन्थे बूढाबूढी ।

दशैंको बेला,टीकाको दिन । डिजिटल टीकाटालो लगाउने तयारी हुँदै थियो ।

कान्छाले लयालु स्वरमा सोध्यो –"कस्तो छ बाआमा हजुरहरूलाई ?"

बाबु टीकाको अक्षता मुछ्नका लागि फ्रीजबाट दही र केरा निकाल्दै थिए ।

फ्रीजतिर औंल्याउँदै बाबुले भने-" हेर् कान्छा ! यी सागपात फलफूलहरू पनि त फ्रीजको माया पाएर कुहिन पाएका छैनन् नि !"

-"चीऽऽऽसो माया!"

बूढा आफ्नो जवाफले आफैं भक्कानिए ।

बुकुल्टो अक्षतामा अनायास एउटा बुँद चुहियो, तप्प !

**विदुर- ५, नुवाकोट**
**आबद्धताः नेपाल विद्युत प्राधिकरण**

कविता



# विवकेशील

**युवराज शर्मा**

आफ्नो सीमाभित्र
अतिथि होस् वा अपराधी
नयाँलाई खूबै अनुसन्धान गर्छ
यमराजको दूत ।

कठोर हृदयका साथ
पूर्ण कार्यान्वयन गर्छ
समान नियम र कानून
दशगजा र लक्ष्मण रेखाबाट
फरक्क फर्कन्छ यमराजको सिपाही ।

तर किन ?
तोकिएको लेखिएको र देखिएको
नियम, कानून र सीमामा
कहिल्यै इमान्दार हुँदैनन्
यमराजका अनाजहरू !

**आबद्धता : नेपाल विद्युत प्राधिकरण**

# संयोग



भारती न्यौपाने

"प्रिय चिठीहरू !

माफ गर ।

समयमा प्रतिउत्तर लेख्न सकिनँ ।

अन्तिम पटक पढिसकेर पट्याएको पाना पनि उही झोलामा मिसिन पुग्यो, जहाँ मेरा कैयौं अपरिचित चिठीभित्रका हरफहरू काला धर्सा बनेर सफा कागजमा तेर्सिएका थिए । दिनभरिको पसिनालाई एक बाल्टी पानीले सर्लक्क पखालेर गम्छाले मुख पुछ्दै भित्र पस्दा सिरानीको छेउमा सधैं जसो एउटा सेतो पाना दोब्रिएको हुन्थ्यो । हातलाई ओभानो पार्दै दोब्रिएको पानालाई फुकाएर एक नजर उसैमा अड्याउनु दिनचर्या भइसकेको थियो मेरो । विशेष कामका लागि आएकाले खासै कुनै कुरामा चासो हुँदैनथ्यो । काममा निकै लगनशील मेरो बानीले वरपर नजर कमै लाग्थे । कसैलाई नियाल्नु वा कसैप्रति चासो बढाउनु मेरो धर्म थिएन । परदेशको बसाइ, परिवारको सम्झना, एकान्तको सोचाइ आदि विविध कारणले म अरूप्रति चासो देखाउने मन गर्दैनथें । दिनभरि अफिस र कामको चापले थाकेको शरीर मन पनि त्यसै थकित भइरहँदा कता कता ती शब्दले चिमोट्ने गर्थे मलाई । दुई वर्षको बसाइ पनि आफूलाई लम्पसार तेर्सिएको बाटो झैं लागिरहेथ्यो । अब घर फर्कन दुई महिना मात्र बाँकी थियो । लगातार एक महिनादेखि कागजी पाना टिभीको धारावाहिक कहानी झैं अक्षरहरूसँग दृश्यात्मक रूपमा नियालिरहेको थिएँ म । अपरिचित चिठीभित्रको त्यो अँध्यारो दिन ख्यालै नगरी निदमा उडाइरहेको थिएँ मैले । यसरी नै निरन्तर शब्द बगिरहें दुई महिनासम्म ।"

वसन्तले पुराना चिठी खोलेर प्रतिउत्तर लेखेको रहेछ । एकदिन घर सफा गर्दैगर्दा मेरो हातमा चिठी पऱ्यो ।

इन्जिनियरिङको क्लास सकेर कामको सिलसिलामा तराई झरेको वसन्त बाँकेको बसिया टोलबाट केही भित्रपट्टिको गाउँमा बस्दै आएको रहेछ । म पढ्दै गएँ ।

"मैले किन सोचिनँ, यी चिठीहरू कसले र किन पठाइरहेछ ? किन म कसैको भावनालाई बुझिरहेको छैन ? आफैंभित्र प्रश्न पठाएर पत्र पढ्ने आनन्दमा म भुलिरहें । त्यसदिन अन्तिम चिठी रहेछ मेरो सामु ।

अन्तिम पटकको चिठीमा कहानी सकिएको सङ्केत थियो । तैपनि भोलिपल्ट सधैं झैं चिठीको आशामा सिरानी छेउको पाना पल्टाएँ, त्यहाँ चिठीको बदला पानामा लपेटिएको तस्बिर थियो । म चिच्याएँ–"कोपिला ....! मेरी सानु ....!" एकछिन बेहोश भएको जस्तै भएँ म । उठेर लामो श्वास तान्दै अम्खोराबाट पानी पिएँ । अब के गर्ने ? मेरो होशले कत्ति पनि काम गरेको थिएन । फेरि तस्बिरलाई छातीमा चेपेर रोएँ । सम्पूर्ण सृष्टि भूल हो जस्तो लाग्यो मलाई । सबै चिठी पल्टाएर मिति हेर्दै रुँदै गरें । अब उपायको कुनै सम्भावना थिएन । अन्तिम चिठीले पूरै बिदा मागेको थियो । मैले किन बुझिनँ, कोही मेरो सहयोगको अपेक्षामा मलाई गुहारिरहेछ । केही सोच्न थालें ।"

वसन्तलाई सम्झी सम्झी खटपटी हुन्छ । आफूलाई रोक्न नसकेर ऊ जुरुक्क उठ्छ । मलाई पनि त्यस्तै हुन्छ ।

"टक् टक् !' पल्लो कोठाको ढोका ढक्ढक्याएर सुतिरहेका दम्पतीलाई बोलाएँ ।

"को हँ ? के भयो ?" भन्दै दुवै अतालिंदै ढोका खोलेर बाहिर आए ।

मैले दुवैलाई एकछिन मेरो कोठामा आउन अनुरोध गरें । कहिलेकाहीं यसो अप्ठ्यारोमा मैले पनि उनीहरूलाई सघाउने गरेको थिएँ । उनीहरू सहजै मेरो कोठामा आए । कुर्सीमा बस्न आग्रह गर्दै मैले केही कुरा सुनाउन खोजें तर सकिनँ । दुवैलाई मैले दाजुभाउजू साइनो लगाइसकेको थिएँ । भाउजू अलि बाठी थिइन् दाइको तुलनामा ।

"के भयो ?" भाउजूले कुरा खोतलिन् ।

"भाउजू, मेरो कोठाको छेउछाउ कोही आउने जाने गर्थ्यो कि ?" मैले अलि कुरा चपाएर सोधें ।

एकछिन सोचेर "खै ! किन र ? मैले ख्यालै पो गरिनँ" भाउजू रोकिइन् र

एकैछिनमा फेरि भनिन्, "अँ, एक दुई पटक एउटी कालीकाली सिंगारपटार गरेकी महिला दौडिएको देखेकी थिएँ, तर मैले त घरबेटीको कोही काम गर्ने मान्छे होली भनेर ख्यालै गरिनँ । केही हरायो र बाबु ?"

उनको प्रश्नको सोझो उत्तर मैले दिइनँ ।

"भाउजू, मेरो सर्वस्व भयो ।" मैले मन थाम्न सकिनँ, म फेरि चिच्याएँ, "कोपिला....!!!"

भाउजू तीन छक्क परिन्, दाइ बोल्नै सकेनन् । भाउजूले बिस्तारै थुम्थुम्याएर मलाई शान्त पारिन् । मैले वृत्तान्त सुनाएँ । दाइभाउजू पक्क परेर सुनिरहे ।" वसन्तका कुरा सुनेर दाजुभाउजू स्तब्ध भए ।

ऊ निरन्तर लेखि नै रह्यो । मैले उसलाई पढिरहें ।

"भोलिपल्ट म अफिस जान सकिनँ । अफिसमा फोन गरेर सन्चो नभएको खबर गर्ने सोच बनाएँ । रातभरिको अनिदो, मनको विपत्ले अनुहार फुस्रो भइसकेको थियो । उठेर पानी तताउन खोज्दै थिएँ । पल्लो घरमा हल्लाखल्ला चल्यो ।

"भाउजू, भाउजू !" म सहारा खोज्दै पल्लो कोठा पुगें ।

त्यहाँ कोही थिएनन् । बाहिर निस्किएर हेरें– दाजुभाउजू पुलिससँग पल्लो घरको बरन्डामा पुगेका रहेछन् । म छक्क परें । हतार हतार दुवै ढोकामा ताल्चा लगाएर म उतै दौडिएँ । पुलिसले घर घेरेको थियो । अरू मानिस झैं म पनि बाहिरबाट दर्शक बनिरहें । एकछिनमा दुई पुरुष र दुई महिलालाई पुलिसले हतकडीसहित ओराल्यो । दाजुभाउजू पनि एउटी महिलालाई अँगालोमा चेपेर ओर्ले । पछिपछि अर्की महिला उनीहरूलाई रुँदै पछ्याउँदै थिइन् । महिला पुलिसले एउटा कागज भाउजूको हातमा थमाउँदै दश बजे ठानामा आउन अह्राइन् । म 'भाउजू, भाउजू' भन्दै थिएँ । उनीहरू सुन्दै नसुनी सरासर आफ्नै कोठातिर लागे । म पछ्याउँदै साँचो बोकेर दौडिएँ । ढोकाको साँचो खोलिदिएँ । भाउजूले ती घुम्लुङ्ङ अनुहार छोपेकी महिलालाई कुर्सीमा राखेर पानी खान दिइन् । सबै मानिस बाहिर खलबल गर्दै थिए । दाजु तिनका बारे के के भन्दै थिए । म किन किन भाउजूको पछिपछि लागें । ती महिलाको तत्कालको अवस्था देखेर मेरी कोपिलाको चिठीको याद आयो । फेरि सम्हालिएँ आफैं ।"

ऊ भावविह्वल भएको थियो कोपिलाको सम्झनामा ।

पछाडिपट्टि उभिएको मलाई तानेर भाउजूले ती महिलाको छेउमा लगिन् । घुम्टो खोलेर अनुहार देखाउँदै भनिन्– "बाबु, यता हेर्नुहोस् ? चिन्नुहुन्छ ?" म झसङ्ग भएँ । "कोपी....!" म अकमकिएँ कि होइनँ ? ऊ रून थाली । म एकोहोरो भएर उसलाई समातेर हेरिरहें । भाउजू पनि रुन थालिन् । मैले अनुमान लगाएँ, पक्कै "कोपी" हुनुपर्छ । अनुहारमा अनावश्यक रूपमा रङ लगाइएको थियो । मैले ठम्याउन सकिनँ । भाउजूको खुट्टा समातें । भाउजू मलाई उठाउँदै 'के गरेको यस्तो ? मेरो गोडा किन छोएको' भन्न लागिन् । मैले केही उत्तर नदिई कोपिलालाई अँगालिरहें ।

समय बित्न कतिबेर लाग्छ र ? फुस्सै आज दश वर्ष बितेछ । मेरी कोपिलाले नयाँ जीवन पाएको पनि । अहिले ऊ परिवारसँग रमाएर बाँचेकी छ । दुई छोरीकी आमा भएकी छ । सानैमा विवाह गरेर घर पठाएकी बहिनी एक महिनामा पोइला गई भनेर ज्वाइँकी आमाले खबर पठाएकी थिइन् । म पनि सानै थिएँ, अलिअलि सम्झन्छु मात्र । खबर सुनेर आमा रुँदारुँदा सारै बिरामी पर्नुभयो । बाको इज्जत खौलामा पऱ्यो ।

म र कोपिला एउटै स्कूलमा पढ्दै थियौं । पढाइमा दुवै अब्बल भए पनि छोरीको बिहे गरिदिन पाए भारा तिरिन्छ र पुण्य मिल्छ भन्ने भ्रम आमाबासँग थियो । नचिनेको चार गाउँपारिको कुटुम्ब खोजेर कोपिलाको बिहे गरिदिनुभयो । सोह्र दिने साइतपछि कहिले माइत नआई भागेको हल्लाले समाजमा मुख देखाउन नसकिने भएथ्यो । बाआमाले पनि अपराध नै गर्नुभएको थियो । त्यसपछि त ती ज्वाइँका खानदान बोल्नै छोडे । आउने जाने त परै रह्यो । कति पापी रहेछन् । अहिले जेलमा कोचिनुपर्दा थाहा पाए होलान् । कति निष्ठुर बन्न सक्छ मान्छे ! एउटी बाह्रवर्षकी अबोध बालिकालाई बुहारी बनाउने बहानामा बँधुवा बनाएर घरेलु धन्दामा लगाउन सक्ने कस्तो आत्मा होला ? बिहे त धुमधामले गरेका थिए । सबै नाटक रहेछ । उनीहरूले त बेचेका रहेछन् । म इन्जिनियर भएर त्यस ठाउँमा नपुगेको भए आज मेरी कोपिला कोपिलामै निमोठिएर धुजा धुजा च्यातिई कुन खाल्डोमा पुरिनेथिई ।

धन्य भगवान् ! धन्य मेरी भगवान् जस्ती ती पराई भाउजू !

ठानामा भाउजू आफैं धाएर सबै काम मिलाइन् । मेरो पनि काज सकिएर फर्कने बेला भएको थियो । कोपिलालाई भाउजूले अस्पताल लगेर सबै चेक जाँच गरी निको पारिन् । एक महिनामा हामी दाजुबहिनी घर फर्किने योजना बन्दै थियो ।

भाउजूले एउटा प्रस्ताव राखिन् । मैले पनि नकार्न सकिनँ । त्यही प्रस्तावअनुसार बहिनीसहित दाजुभाउजूलाई लिएर म गाउँ फर्कें । हामी घर पुग्दा बाआमा खुशी हुनुभयो । कोपिलालाई देखेर त उहाँहरू अझ छक्क पर्नुभयो । साथमा एकदम नजिकै नाता जस्तो गरी आएका दाजुभाउजू देखेर बा झनै छक्क पर्नुभयो । सोधखोज गर्दा बल्ल पो थाहा भयो, मेरा छिमेकी भनिएका दाजुभाउजू त मेरा आफ्नै दाजुभाउजू पो हुनुहुँदो रहेछ ।

बाका आँखामा हर्षाश्रु बगे । हामीलाई थाहै थिएन, बाले बिस्तारै आफ्नो विगत वर्णन गर्नुभयो । यसबाट थाहो भयो बाको सानैमा विवाह भएको रहेछ । आमा माइत बस्नुहुँदोरहेछ । एउटा सन्तान जन्मेपछि आमा परमधाम हुनुभएछ । त्यसपछि मावलीमा हुर्किएको आफ्नै छोरोबारे बालाई केही खोजी थिएन । सानै भएकाले वास्ता पनि गर्नुभएनछ । पछि खोज्दै जाँदा ससुराली खलक बसाइँ सरिसकेका रहेछन् । कहाँ बसाइँ सरे भन्ने थाहा नहुँदा निच मारेर अर्को घरजम चलाउनुभएको रहेछ ।

यी सबै कुराले हामी सबै तीनछक पऱ्यौं । हामी सबैजना अवाक् भयौं केहीबेर । अनि घर केहीबेर खुशीको रुवाइमा डुब्यो । हाम्रो परिवारको पुनर्मिलन भयो । म कोपिलालाई लिएर घर आउँदा समाजले नानाथरी कुरा काट्यो । तर, समाजका महिलाहरूले हाम्रो साथ दिए । आमाले सबै कुरा बुझेपछि भाउजूलाई लिएर बहिनीतर्फका कुटुम्बलाई पक्राउन पुलिस लगाउनु भयो । आज उनीहरू जेलमै छन् ।

मेरो काठमाडौं जाने बेला भइसकेको थियो । दाजुभाउजूलाई घर जिम्मा लगाएर म आफ्नै काममा काठमाडौं फर्कें । म ढुक्क भएर जागिरमा लागें ।

मेरी त्यस्ती सहनशीला कोपिलालाई खुट्टामा सिक्रीले बाँधेर घरभित्रको काममा कसरी घोटेका रहेछन् । शरीरभरि पिटेका नीला डामहरू जतातत‍ै देखिन्थे । सायद मेरो जागिरको काज त्यस ठाउँमा नभएको भए मेरो परिवार कहिल्यै एक हुने थिएन । मेरो त्यस ठाउँमा डेराको बसाइ र कोपिला थुनिएको घर नजिकै नभएको भए सायद कोपिलाले फुल्न नपाई चुँडिएर झर्नुपर्थ्यो । कठै ! मेरी भाउजू त्यहाँ नभएकी भए मेरी फूल जस्ती बहिनी कोपिलाको उद्धार कसरी हुन्थ्यो? कोपिला त्यहाँ नभएकी भए दाजुभाउजूलाई कसरी चिन्थें र मैले ? अँ साँच्ची, ती पछि पछि रुँदै पछ्याउने महिला नभएको भए कोपिलाको चिठी मसम्म आइपुग्ने सम्भावना थिएन । तिनैले मेरो कोठाको झ्यालबाट चिठी खसाल्ने गरेकी रहिछन् ।

तिनलाई बाहिर गएमा मार्ने धम्की दिएको रहेछ । तर घरमा कोही नभएको मौका छोपी झ्यालबाट बाहिर आई चिठी छोडेर जाँदिरहिछन् । कति जोखिम सहेर तिनले कोपिलाको उद्धार गरिन् । ती महिला त्यही भीडमा हराइन् । फेरि कहिल्यै देखिनँ मैले । हरेक कुराको संयोगले हाम्रो मिलन भयो । कोपिलाको उद्धार भयो । आखिर सब संयोग रहेछ ।

वसन्त बगिरह्यो हृदय फुटाएर । नारायणी बनी दुवै आँखाबाट । मैले पनि गण्डकी रोक्न सकिनँ ।

"प्रिय चिठीहरू, आज तिमीलाई सम्झेर आफ्नै कहानी कोरिरहँदा कता कता नमीठो लागे पनि यिनै पानाले दिएको मेरी बहिनीको जीवनदान मेरा लागि अमूल्य छ । धन्य तिमी ! सधैं तिमीहरूलाई सुरक्षित राख्ने बाचा गर्दै बिदा हुन्छु ।

उही तिम्री कोपिलाको प्यारो दाइ ।

वसन्त"

यसरी वसन्तले कहानी सुनाइरहँदा म पो आँसुमा डुबिसकेकी रहेछु, आफ्नै कथा सम्झिएर ।

**हात्तीवन, ललितपुर**

# फाल्गुनन्दको कर्मभूमितिर



**दीपेन्द्रसिंह थापा**

बेग्लै मज्जा मिल्छ-पहाडी बाटोका उकाली र घुम्तीहरू छिचोल्दै अघि बढ्दा । जङ्गलले ढाकिएका हरिया थुम्काथुम्कीहरूका बीचबाट सफा र नीलो आकाश नियाल्नुको रौनक कम्ती आनन्ददायी हुन्न । नेपालको पूर्वी पहाड घुम्ने क्रममा इलामको माइपोखरीमा बास बसिएको थियो एक रात । बास बसिएको शेर्पाजीको होटलबाट आँखा मिच्दै मिच्दै निस्किएका थियौं, बिहान सबेरै । केही पर कञ्चन पानी कलकल बगिरहेको पुवा खोला तरेर नेपालटार, बाघखोर, देउराली, पासाङटारजस्ता ठाउँहरू पार गरेपछि पुगिन्छ, राँके । यहींबाटै शुरु हुन्छ, पाँचथर जिल्ला । राँकेबाट पनि अगाडि बढ्दै जाने हो भने पुगिन्छ, सरसर शीतल हावा बहिरहने पौवाभन्ज्याङ ।

हामी गाडीबाट खुत्रुक्क ओर्लिंदा छिप्पिसकेको थिएन, बिहानी घामका किरणहरू । कलिला तर चम्किला किरणहरू छरिंदा उज्यालिंदै थियो पौवाभन्ज्याङ । त्यहींको एक होटलमा आफ्ना रुचिअनुसारका खाद्य परिकार तयार गरिराख्न भनेर केही बेर टहलिन निस्किने विचार आयो । गाडीमा बस्दा बस्दा पट्यार लागिसकेको थियो ज्यानलाई पनि । नजिकै रहेको साधुटार पुगेर किन नफर्किने ? यताउति नजर डुलाउँदै पाइला अघि बढाइयो । आधी घण्टा जति पैदल हिंडेपछि पुगिंदो रहेछ, अलिकति माथि डाँडामा रहेको एउटा टारमा । 'आहा, कति रमाइलो रहेछ है !,' कानमा ठोक्किन आइपुगे आवाजहरू । दृश्य लोभलाग्दो नै लाग्यो मलाई पनि । हो, यसै ठाउँलाई भनिंदो रहेछ साधुटार ।

अघिल्तिर कञ्चनजङ्घा र कुम्भकर्ण हिमाल झलल झल्केको । टारको बीचमा पानी टिलपिलाइरहेको नीलो पोखरी, आँखाको नानी जस्तै सुन्दर । पोखरीलाई पृष्ठभूमि बनाएर आफ्नो आकृतिलाई क्यामरामा कैद गर्न आतुर देखिए युवायुवतीहरू । नेपालको पूर्वी पहाडको एउटा पाटोको सौन्दर्य राम्रैसँग देखिंदो रहेछ त्यहाँबाट ।

बुकीफूलहरू, सल्लाका बोटहरू र लेकाली चौरहरू । के मात्रले सुन्दरता थपेको छैन र साधुटारको परिवेशलाई ?

'खूबै रमाउँछन् यहाँ आउनेहरू । कतिपय पर्यटकहरू यहाँ आएर टेन्ट टाँगेर बस्न पनि थालेका छन् अचेल,' स्थानीय कमल मुखियाले भने, 'घुमफिर गर्नेहरू कता कताबाट आई नै रहन्छन् । पहिलेभन्दा धेरै प्रचार भइसकेको जस्तो लाग्छ । हामीलाई त आफ्नो गाउँ यसै पनि रमाइलै लाग्छ ।'

साधुटारको प्राकृतिक सौन्दर्यले फुरुङ्ग भयो मन । शरीरमा पैदा भयो ताजगी । पौवाभन्ज्याङ फर्केर बिहानको खाना खाइवरी लागियो अर्को गन्तव्य-सिलौटीतिर । पौवाभन्ज्याङदेखि हामीसँगै थिए, पाँचथरका पूर्व सांसद अइन्द्रसुन्दर नेम्बाङ पनि । गफिंदै गफिंदै हिंडियो उकालैउकालो बाटो ।

'पाँचथरको अग्लो स्थान हो सिलौटी,' पूर्वसांसद नेम्बाङबाट जानकारी पाइयो, 'किराँत धर्मका महागुरु तथा समाजसुधारक फाल्गुनन्दको समाधिस्थल पनि त्यहीं छ ।'

गफको तालमा पाइला चाल्दै जाँदा करिब ४० मिनेटमा पुगियो, सिलौटीको अग्लो डाँडामाथि । किराँत धर्मका महान् गुरु एवम् समाजसुधारक फाल्गुनन्दको समाधिमा श्रद्धा प्रकट गरियो । शान्ति, अहिंसा र मानवताको बाटो देखाउने यस्ता महापुरूषको योगदान सम्झिंदा मात्र पनि उनीहरूप्रति सम्मानभाव चुलिन्छ ।

महागुरुको जीवनका उतारचढाव असामान्य लाग्छन् । विश्वयुद्धताका गाउँका तन्नेरी साथीहरूसँगै बेलायती सैनिकमा भर्ती हुन पुगे उनी । लडाइँकै सिलसिलामा पुगे बर्मा । युद्धजन्य विध्वंसको कालो धुँवाले छोपिंदै थियो, मानवताको उज्यालो त्यतिबेला । बमबारुदका कोकोहोलोमा मिसिएर आउने मानवचीत्कार कहाँ सुनिसाध्य हुन्छ र ? त्यहाँका हृदयविदारक दृश्यले बदलियो उनको मन । आफ्नो आत्माको आवाज सुने, 'कदापि मान्छे मार्नु हुन्न ।' त्यसपछि परित्याग गरे सैन्यसेवा र देश फर्किएर होमिए, मानव कल्याणको पुण्यकर्ममा । किराँत धर्मसंस्कृतिको उन्नयन, मानवता, अहिंसा, शान्ति र प्रकृति संरक्षणका लागि धेरै काम गरे उनले । सत्कर्मकै कारण न हो जीवनको उचाइ चुलिंदै जाने । आफ्ना महान् कर्मका कारण उनै फाल्गुनन्द लिङ्देन पछि चिनिए किराँत धर्मका महागुरु समाजसुधारकका रूपमा ।

महागुरुबारे कुरा गर्दै एकैछिन सुस्ताइयो सिलौटीको शीतलतामा । डाँडाबाट टाढाटाढाका रमाइला पहाडी दृश्यहरू नियाल्दा मज्जा लाग्छ । त्यहाँ धेरैबेर

ढिल्याइँ नगरी अर्को महत्त्वपूर्ण स्थान लब्रेकुटीतिर लम्किए हाम्रा पाइला । आँखा रमाउने हरियाली । स्वच्छ, शान्त र सुन्दर परिवेश । लब्रेकुटीलाई फाल्गुनन्दको कर्मभूमिका रूपमा चिनिन्छ, जहाँ उनले सत्यधर्म मुचुल्का जारी गर्ने जस्ता ऐतिहासिक कार्य गरेका थिए ।

विभिन्न प्रकारका बोटबिरुवा र रुखहरूले घेरिएको यो ठाउँ जति मनमोहक छ, त्यति नै विशिष्ट इतिहासको साक्षी पनि हो । त्यस क्षेत्रमा मात्र उनै महागुरुद्वारा १ सय ८ प्रजातिका बोटबिरुवाहरू रोपेर हुर्काइएको भन्ने थाहा पाइयो । लाग्यो, जैविक विविधता संरक्षणमा उति बेलै पनि निकै चासोका साथ काम गरेका रहेछन् उनले ।

अनेक प्रजातिका सल्ला, चाँप आदिका रुखहरूलाई छुँदै ताजा हावा बहिरहेका छन् त्यहाँ । यस्तो स्वच्छ र शीतल हावाको स्पर्शले गराउने अनुभूति कति मनोरम होला ? त्यस्तै प्राकृतिक परिवेशसँग साक्षात्कार गर्नेहरूले मात्र थाहा पाउन सक्छन् ।

लब्रेकुटीमा महागुरुद्वारा स्थापना गरिएको मन्दिर, उनको निवासस्थान लगायतका संरचना त देख्न पाइन्छ नै । उनका अनुयायीहरूले उनले एकीकृत गरेका मुन्धुमका ग्रन्थहरू, उनले प्रयोग गर्ने गरेको गरेका चिम्टा, ऐना, त्रिशूल र उनी सुत्ने गरेको खाट पनि जतनसाथ जोगाएर राखेको देख्न सकिन्छ । वि. सं. १९४२ मा इलाममा जन्मेर २००५ मा पाँचथरमा दिवङ्गत भएका फाल्गुनन्दको कपाल अझै सुरक्षित राखिएको रहेछ । प्राङ्गणमा उभ्याइएको छ उनको ठूलो प्रतिमा ।

हामी पुग्दा किराँत माङ्हिम (मन्दिर) का सेवासाबा (पुजारी) ध्रुव तुम्बापो, मन्दिर व्यवस्थापन समितिका सचिव सुवास तुम्बापोलगायत केही स्थानीयहरूसँग चिनजान र कुराकानी गर्ने मेसो पनि मिल्यो । नयाँ ठाउँ पुग्दा मनमा जिज्ञासाका तरङ्गहरू उब्जिनु स्वाभाविकै हो । त्यस्ता जिज्ञासामा सही जानकारी पस्कने पात्र भेटिनु अर्को सुखद संयोग बन्छ ।

'वि. सं. १९७८ मा महागुरु यहाँ आउनुभएको भन्ने ऐतिहासिक पुष्टि छ,' मन्दिर व्यवस्थापन समितिका सचिव सुवास तुम्बापोले लब्रेकुटीको चिनारी दिँदै भने, 'महागुरुले वि. सं. १९८३ मा यहाँ माङ्हिम स्थापना गर्नुभयो । वि. सं. १९८५ मा यहाँका सुब्बाहरूलाई जग्गादान गर्न लगाउनुभयो । हाल ३ सय ४७ रोपनी जग्गा यो माङहिमको नाममा दर्ता छ । वि.सं. १९८८ वैशाख २४ गते उहाँले यही ठाउँमा किराँत धर्म पुनरुत्थानका क्रममा ७ बुँदे सत्यधर्म मुचुल्का जारी गर्नुभयो ।'

सचिव तुम्बापोबाट छोटो समयमै पनि केही महत्त्वपूर्ण कुरा थाहा पाइयो । उनका अनुसार लिम्बुवान क्षेत्रका त्यो बेलाका गाउँका प्रमुखहरू, बुद्धिजीवीहरू र अगुवाहरूको सभा बोलाई फाल्गुनन्दद्वारा पारित गराइएको सत्यधर्म मुचुल्का अर्थात् धार्मिक घोषणापत्रमा नारी समानताका र नारीलाई सम्पत्तिको हक दिने, विविध जाति र धर्मका मान्छेसँग बन्धुत्व कायम गर्ने, हत्याहिंसा नगर्ने, शाकाहारी बन्ने, धार्मिक संस्कारका कार्यहरूमा समेत जाँडरक्सीको प्रयोग नगर्ने, खाँडीको कपडा आफैले उत्पादन गरेर लगाउने, नेपालीपन जोगाउने जस्ता कुराहरू लेखिएका छन् । साँच्चै ! अनुकरणीय छैनन् त यी कुरा ?

भुटानी प्रविधिबाट माटोको धुलो मात्र प्रयोग गरेर बनाइएको एउटा ठूलो घर पनि त्यहाँ देख्न पाइयो, पहिलोचोटि । स्थानीयहरूले श्रमदान गरी बाटो, भवन र अनेक भौतिक संरचनाहरू बनाएका रहेछन् । टाढा टाढाबाट आउने अतिथिहरूका लागि यहीं बास बस्ने प्रबन्ध मिलाइँदो रहेछ । एक पटकमा २ सय जनासम्म बास सक्ने व्यवस्था रहेको थाहा पाइयो ।

पर्यटकहरूका लागि मात्र नभई धर्मसंस्कृति र मानव सभ्यताका क्षेत्रमा रुचि हुनेहरू अध्ययन अनुसन्धानकै क्रममा पनि पुग्ने गर्छन्, ज्ञान र चेतनासँग जोडिएका यस्ता ठाउँमा । यहाँ नेपालका मात्र नभई भारत, भुटान, म्यानमारलगायतका विदेशी मुलुकहरूबाट समेत धार्मिक पर्यटक र अनुसन्धाताहरू आउँदा रहेछन् । भुटानबाट मात्र १ वर्षमा ५ सय पर्यटक आइपुगेको दृष्टान्त मन्दिर व्यवस्थापन समितिका पदाधिकारीबाट सुनियो ।

'प्रवेशद्वारबाट भित्र पसिसकेपछि महागुरुको यस पावन कर्मभूमिमा नाङ्गै खुट्टा हिंड्नुपर्छ भन्ने मान्यता राखिएको छ । यसबाट चाहिं महागुरुले टेक्नुभएका, उहाँका पाउले स्पर्श गरेका चिजहरू हाम्रा शरीरमा पनि लीन हुन सकून् अनि विश्वशान्ति, मानवता, अहिंसा जस्ता विषयमा हामी एकाकार हुन सकौं भन्ने ध्येय राखिएको छ,' सुवास तुम्बापोको बोली निकै टड्कारो थियो । तल लालीखर्क झरुन्जेलसम्म पनि कताकता प्रतिध्वनित भइरहे जस्तो आभास भए महागुरुका कर्मभूमिमा सुनिएका वाणीहरू ।

गज्जब लाग्यो परिवेश नै । समय बितेको पत्तै भएनछ लब्रेकुटीमा । बस चढ्ने ठाउँसम्म हिंडेर पुग्दा झमक्क साँझै पो परिसकेको थियो । गाडी चढेपछि आधा घण्टा जतिमा पुगियो पाँचथरको सदरमुकाम फिदिम । त्यो रात त्यहीं बास बसियो ।

# हिप्पी युगः जसले इतिहास र संस्कृतिको धारा बदल्यो



शशिधर भण्डारी

युरोपको क्षितिजमा सन् १९१४ देखि १९१८ सम्म तथा सन् १९३९ देखि १९४२ सम्म दुईवटा भयानक युद्धहरू भए । ती युद्धलाई इतिहासमा प्रथम र द्वितीय विश्वयुद्धको संज्ञा दिइएको छ । इतिहासकारहरूले ती युद्धहरूलाई मानवजातिको पागलपनका रूपमा परिभाषा गरेका छन् । द्वितीय विश्वयुद्धमा बगेको करोडौं मान्छेहरूको रगत र मानव लाशहरूको थुप्रोमाथि गिद्ध र कागहरू तथा स्यालहरूको रजाइँले अमेरिका र युरोपका युवायुवतीहरूमा एउटा वैरागको सृष्टि गऱ्यो । द्वितीय विश्वयुद्धले बेलायती साम्राज्यवादलाई ओरालो दिशामा धकेल्यो । विश्वको सबभन्दा ठूलो महाशक्ति राष्ट्रका रूपमा अमेरिकाको उदय भयो । प्रथम र द्वितीय विश्वयुद्ध इतिहासका त्यस्ता ठूला परिघटनाहरू थिए, जसको दुष्परिणाम आजको विश्वले पनि व्यहोर्दै छ । सन् १९१७ को अक्टुबर समाजवादी क्रान्ति र वैज्ञानिक समाजवादी व्यवस्थाको स्थापना पश्चात् भएको गुणात्मक प्रगतिले तत्कालीन सोभियत संघलाई पनि समाजवादी ध्रुवको महाशक्ति राष्ट्रका रूपमा उभ्याएको थियो । त्यसो त द्वितीय विश्वयुद्ध पश्चात् अमेरिका र सोभियत संघका बीचमा शीतयुद्ध (Cold War) को सूत्रपात भएको थियो । सन् १९५५ बाट अमेरिका भियतनाम युद्ध शुरु भयो । अमेरिकाले भियतनामका विरुद्धमा ५८ हजार सैनिक तैनाथ गऱ्यो ।

उत्तरी भियतनाममा हो चिमिन्ह नेतृत्वको कम्युनिष्ट सरकारका विरुद्धमा अमेरिकाको स्थल तथा हवाई हमला अमेरिकाका लागि निकै महंगो सावित भयो । भियतनामका निहत्था सर्वसाधारण जनताको छातीमा संगीन रोप्नु पर्दा भियतनाममा तैनाथ अमेरिकी पल्टनका झन्डै आधा सैनिकहरू मानसिक बिरामी भए । कतिपय त बहुलाए पनि । अमेरिकी सैनिकका लागि भियतनाम युद्ध मृत्युको फन्दा सावित भयो । लाखौं अमेरिकी सैनिकहरूले भियतनामको भूमिमा ज्यान गुमाए । सन् १९५८ तिरबाट अमेरिकी सरकारले युवाहरूलाई अनिवार्य

सैनिक तालिम दिने र युद्धका लागि तयार पार्ने नीति अख्तियार गर्न गृहकार्य थाल्यो । युवायुवतीहरूले त्यसको प्रतिरोध गर्न सकेनन् । द्वितीय विश्वयुद्ध र मूलतः भियतनाम युद्धको परिदृश्यले युद्ध विरोधी तथा प्रेमका समर्थक मध्यम वर्गीय अमेरिकी युवा युवतीमा एउटा वेचैनी छायो । सो बेचैनले एउटा वैरागको रूप लियो । त्यही वैरागको एउटा रूप हिप्पी संस्कृति थियो । हिप्पी संस्कृतिको प्रभाव नेपालसम्म विस्तार भयो । अमेरिका र युरोपका वैरागी धारका युवाहरूको हिप्पी संस्कृति वा बिन्दास जीवनको कालखण्ड सन् १९६० बाट शुरु भएर १९७९ मा मात्र अन्त्य भएको थियो । सन् १९६० देखि १९७० सम्म त हिप्पी संस्कृतिको बेजोड प्रभाव रह्यो । यसैलाई हिप्पी युग भन्ने प्रचलन पनि छ ।

सन् १९६० को शुरुमा अमेरिका र युरोपमा लामो कपाल पालेका, खुला र भ्याङ्ले कपडा लगाएका, स्वतन्त्र जीवन, प्रेम र यौनका गाथा गाउने, गाँजा र चरेसका पारखी, खुला छाती र बेलिबटनको पाइन्ट लगाएका युवाहरू तथा छोटा कपडा लगाएका युवतीहरूको एउटा पल्टन नै खडा भयो । हिप्पीहरूले प्रेम र मानवीयताको नारा लगाएका थिए । युद्धप्रति अपार घृणा थियो । तिनीहरूले जाँड रक्सीलाई युद्ध, हिंसा र नकारात्मक सोचको प्रतीक माने । गाँजा र चरेसलाई अहिंसा तथा रोमान्टिक जीवनको प्रतीक ठानेर त्यसैको सहारा लिएको बताइन्छ । हिप्पीहरू महँगो होइन सस्तो जीवन बाँच्न खोज्थे । आफ्नो शरीरमाथि अरूले हकदाबी गर्न मिल्दैन भन्ने हिप्पीहरू यौन स्वतन्त्रताका पक्षपाती थिए । हिप्पीहरूमा गाँजा चरेसको सेवन गरेर आफ्नो वैराग मेट्नुबाहेक अर्को सपना पनि थिएन । सुखभोग, विलास र आलिसान जीवनको तिनीहरूमा कुनै भोक थिएन । हिप्पीहरूले हाइकिङ, बस तथा रेलबाट यात्रा गर्दथे । बसको हुटमा बसेर भए पनि यात्रा गर्दथे । सामूहिक बिन्दास र प्रेमिल जीवनको वकालत गर्ने हिप्पीहरू सन् १९६३ मा अमेरिकी राष्ट्रपति जेन एफ केनेडीको हत्या पश्चात् थप वैरागी भएका थिए ।

सो घटनापश्चात् हिप्पीहरूको संख्यामा थप बढोत्तरी आएको थियो । हिप्पीहरूको यात्रा युरोपबाट युगोस्लाभिया हुँदै आइसल्याण्ड, टर्कीको आंकरा, त्यसपछि गाँजा पाइने स्थान, इरान, अफगानिस्तानबाट खसहरूको आदिम भूमि खैबर घाँटी हुँदै पाकिस्तानको लाहोरसम्म आइपुग्यो । त्यसपछि हिप्पीहरूको यात्रा काश्मीर गोवा, दिल्ली हुँदै काठमाडौं आइपुगेको थियो । त्यतिबेला नेपालमा गाँजा खेती र उपभोग प्रतिबन्धित थिएन । गाँजाका पारखी हिप्पीहरूले काठमाडौंको गाँजा व्यापारलाई फस्टाइ दिए । अन्य स्थानको गाँजा भन्दा नेपालको गाँजालाई

हिप्पीहरूले निकै मन पराए । बिन्दास हिप्पीहरू अघिल्लो पुस्ताको प्रतिरोधी विचार र व्यवहारबाट धेरै आजित थिए । हिप्पीहरूको समूहमा शिक्षितहरूको पनि कमी थिएन । त्यतिबेला काठमाडौंमा गाउँ र शहर दुवैको आनन्द लिन पाइन्थ्यो । त्यसकारण पनि हिप्पीहरू काठमाडौंमा रमाएका थिए । त्यतिबेला काठमाडौंमा ढुङ्गेधारामा नुहाउने प्रचलन बढी नै थियो । ढुङ्गेधारा हिप्पीहरूका प्रमुख स्नानस्थल थिए । हिप्पी युवा युवतीहरूले ढुङ्गेधारामा नाङ्गै भएर नुहाउँथे । त्यसलाई रोक्न नेपाल प्रहरीलाई हम्मे हम्मे हुन्थ्यो । भारतीय सेनाका सेवानिवृत अधिकारी एफडी कोलाबाभलाको हिप्पी धर्म नामक पुस्तकमा काठमाडौंमा रहेका हिप्पीहरूको जिन्दगीका विषयमा रोचक वर्णन पाइन्छ । त्यतिबेला लामो कपाल, दाह्री, जुँगा पालेका, नयाँ ढङ्गका कपडाहरू लगाएका, कतिपय कपडा नै नलगाएका समूहमा निकै प्रेमपूर्वक बस्ने, बाँडेर खानेकुरा खाने र रोमान्सपूर्ण रात्रि जीवन बिताउने हिप्पीहरूले थोरै खर्चमा जीवन चलाउने प्रयत्न पनि गर्दथे । शान्ति, स्वतन्त्रता र प्रेमिल मानवीय जीवन खोज्दै हिंडेका हिप्पीहरू सन् १९६६ मा करिब दुईसयको संख्यामा सर्वप्रथम काठमाडौं उपत्यकामा छिरेका थिए । हिप्पीहरूको पहिरन, मीठो मुस्कान र प्रेमिल भावनाबाट नेपालीहरू दङ्ग परेर कतिपयले त डिनरका निमित्त आमन्त्रित गरेका थिए । भनिन्छ, हिप्पी संस्कृतिको एउटा नवीन संस्कृति थियो– जाँड रक्सी नपिउने । जर्मन, फ्रान्स, अमेरिका, डेनमार्क, क्यानडा, बेलायतलगायत सबै देशका हिप्पीहरूको दुनिया एउटै थियो । हिप्पीहरूले विश्व भ्रमणका सिलसिलामा यात्रा गरेको मार्गलाई आज पनि 'हिप्पी ट्रेल' भनिन्छ ।

नेपाल आउँदा हिप्पीहरूले जर्मन निर्मित 'मर्सिडिज बेन्ज' र केही मिनीबसको प्रयोग गरेका थिए । पछि तिनीहरूले ती सबै यतै छोडेर गएका थिए । नेपालमा रहँदा हिप्पीहरूले ती गाडीहरूलाई बिजेश्वरी र वसन्तपुरतिर पार्किङ गर्दथे । अधिकांश हिप्पीहरू मध्यम तथा उच्च मध्यमवर्गीय पृष्ठभूमिका र व्यवहारमा सुसंस्कृत जस्ता पनि देखिन्थे । तिनीहरूलाई राजनीतिप्रति चासो थिएन । काठमाडौंको झोंछे, बौद्ध, स्वयम्भू, असन, भोटाहिटी, इन्द्रचोक, ढँहिटीलगायतका ठाउँहरू हिप्पीहरूका विचरण भूमि थिए । वि.सं. २०३०–३१ सालमा नेपालमा ७५ हजार पर्यटकहरू आएका थिए । त्यसमा अधिकांश त हिप्पीहरू नै थिए । हिप्पी आन्दोलनमा आश्चर्यजनक काम गर्ने पात्रहरू थिए । त्यो समूहमा १५ जना सिखहरूसँग एकैसाथ प्रेम गर्ने लिन्डा, अर्की जर्मन युवती इन्च जसले नेपालीहरूसँग रोमान्स गर्न आनन्द हुने बताउँथिन् । ज्याकोबिउज मारियालाई सडकमा नाङ्गै हिंडेका कारण दुई पटक प्रहरीले गिरफ्तार गरेको थियो । उनले

कपडा फाल्ने स्वतन्त्रताको माग गरेकी थिइन् । कपडा एउटा बन्धन हो भन्ने कुरामा उनको जोड थियो । युरोपेली युवक ज्याकोबिउज जेलमा बस्दा पनि कपडा लगाउन अस्वीकार गरे । प्रहरीले जबरजस्ती गर्दा तन्नाको डोरी बनाएर आत्महत्या गरे । कालु नामबाट परिचित अमेरिकी युवा गाँजाको नशामा लट्ठिएर टर्कीमा पटक पटक आत्महत्याको प्रयास गरे तर प्रहरीले बचायो । लागूपदार्थको सेवन तथा खुला यौन सम्पर्क आदि कारणले हिप्पीहरूलाई स्वार्थरहित, स्वतन्त्र र प्रेमिल दुनिया भन्ने तिनको आदर्शबाट थला पार्दै गयो । आर्थिक अभाव बढ्दै गयो । जति मितव्ययी बने पनि मध्यमवर्गीय पृष्ठभूमिका हिप्पीहरूलाई खर्च पुगेन । त्यसपछि हिप्पी युवतीहरू यौन बेच्न र युवकहरू पासपोर्ट बेच्न विवश हुन थाले र आ-आफ्ना देशका दूतावासमा गएर बस्न थाले । कतिपयले चोरी गर्ने र झगडा गर्ने गर्न थाले । हिप्पीहरूको स्वार्थरहित प्रेमिल र सामूहिक जीवन दर्शनको आदर्श भत्कँदै गयो । एशियाका सबभन्दा धेरै पुरुषहरूसँग प्रेम गरेकोमा गर्व गर्ने क्यानडाकी युवती सिन्डी समेतले आफ्नो देश फर्केर एउटा विज्ञापन संस्थामा काम गर्ने निश्चय गरेकी थिइन् । त्यो हिप्पी आन्दोलन विघटनको संकेत थियो ।

हिप्पी आन्दोलन जीवनको अँध्यारो सुरुङभित्रको वैरागपूर्ण यात्रा थियो । सो आन्दोलनमा देशको मात्र होइन व्यक्तिगत जीवनको यात्रा समेत अन्धकार थियो । तर पनि हिप्पी आन्दोलनले इतिहास र संस्कृतिको बनिबनाउ धारमा थप्पड हान्यो । हिप्पी आन्दोलनले प्रगतिशील महत्त्व नराख्ला तर भियतनाम युद्धमा एकहोरिएको अमेरिकालाई एक धक्का दियो । मानिसको मनोविज्ञान र सांस्कृतिक चिन्तन प्रणालीमा परिवर्तन ल्याइदियो । विस्तारै बेलिबटनको पाइन्ट हराउँदै गयो तर महिलाहरूले छोटा कपडा लगाउने संस्कृति थप बलशाली बन्दै गयो । त्यसको प्रभाव आज विश्वव्यापी भएको छ । त्यसो त नेपालको सांस्कृतिक जीवन दर्शनमा हिप्पीहरूले धेरै कुरा छोडेर गएका छन् । भ्वाङ परेका पाइन्ट, नाइटो माथिको टिसर्ट, केटाहरूको चारपाटा मुडेको जस्तो जुल्फी देख्दा इतिहासका हिप्पीहरू अझै यतै डुल्दैछन् कि जस्तो लाग्छ । हिप्पी संस्कृतिले पहिरन मात्र होइन विश्व साहित्य, चलचित्र लगायतका क्षेत्रमा पनि प्रभाव पार्‍यो । भारत र नेपालमा रेस्टुरेन्ट संस्कृतिको विकास भयो । भारतमा हिप्पी संस्कृतिको प्रभावमा आधारित 'हरे राम हरे कृष्ण' भन्ने चलचित्रको निर्माण भयो । जसको निर्माण र निर्देशन देवानन्दले गरेका थिए । नेपालको बुटपालिस आन्दोलन, अस्वीकृत जमात, राल्फाली सन्तति जस्ता साहित्यिक सांस्कृतिक संस्थाहरूमा हिप्पी संस्कृतिको प्रभाव थियो भन्ने भनाइ रहेको छ । आजको पूँजीवादी फेसन दुनियाको निर्माणमा हिप्पी संस्कृतिको देन रहेको कुरामा दुईमत छैन ।

अमूल्य मानव जीवनलाई अनाहकको युद्धमा होम्न हुँदैन भन्ने जबर्जस्त मनोविज्ञान बोकेको हिप्पी संस्कृति शान्ति र प्रेम होइन कालान्तरमा कोलाहलको मनोविज्ञानमा परिणत भयो । यस्तो परिस्थितिमा विश्वमा हिप्पी र अमेरिकीलाई पर्यायका रूपमा बुझ्न थालियो । अमेरिकाले नेपाल र विश्वमा रहेका सबै हिप्पीहरूलाई स्वदेश फर्काउने निर्णय लियो । अमेरिकाको दबाबमा नेपालले लागूऔषध विरुद्धको महासन्धिमा हस्ताक्षर गऱ्यो । नेपालमा रहेका अमेरिकी हिप्पीहरूलाई अमेरिका फर्काउने व्यवस्था नगरे अमेरिकाले नेपाललाई दिंदै आएको सहयोग रोक्का गर्ने बतायो । जिन्दगीदेखि थकित केही हिप्पीहरू स्वदेश जान तयार भए । केहीलाई नेपालले विभिन्न ढङ्गले देशबाट धपायो । सन् १९७० पछि नेपालमा हिप्पीहरू देखिन छोडेपछि हिप्पी युगको अन्त्य त भयो तर हिप्पी युगले छोडेको खुला सांस्कृतिक विरासतको अन्त्य भएन । चीनमा महान सर्वहारा सांस्कृतिक क्रान्ति चलेको अवस्थामा अमेरिका र युरोपको भूगोलमा हिप्पी युगको उदय भएको थियो । सांस्कृतिक क्रान्तिको युग र हिप्पी युगले विश्व इतिहास र संस्कृतिलाई आफ्नो वैचारिक विन्दुबाट प्रभावित पारे । सांस्कृतिक क्रान्तिले परिवर्तनको सपना र महान उत्साह बोकेको थियो । हिप्पी युगले वैराग ।●



**नारायण प्रसाद आचार्य**

घरदेश छोडी परदेश लागें, छाक टार्ने मानु खोज्दै
शरीर ढाक्ने टालो अनि, टाउको छोप्ने छानु खोज्दै
सर्वश्रेष्ठ मानवभन्दा, अबोध जीव बुद्धिमानी
बरु घरै छाड्छन् माहुरी, आफ्नो मियो रानु खोज्दै ।

१

धर्ती एउटै भए पनि, माटो फरक हुँदो रै'छ
पुग्ने ठाउँ एकै तर, बाटो फरक हुँदो रै'छ ।
एउटा सोच्दै कर्म गऱ्यो, परिणाम अर्कै आउँछ
कहिलेकाहीं जिन्दगीको, पाटो फरक हुँदो रै'छ ।

२

असल हुन चाहिनेभन्दा, बढी खुल्दै गएपछि
एक-एक गरी शर्तका ती, भारी हुल्दै गएपछि
अमृत पनि अमृत नभै, विष बन्दो रै'छ शायद
थोपा थोपा गरी त्यसमा, विष घुल्दै गएपछि ।

३

एकातिर बैना मारी, डेरा अन्तै सऱ्यो भने
अमृतको घडा देखाई, केवल विष भऱ्यो भने
वटवृक्ष भनी रोपी, हुर्काइबढाइ गरे पनि
निर्दयी भई काट्नु पर्छ, विषवृक्ष पऱ्यो भने ।

४

विश्वास गऱ्यो जताततै, छलै छल मात्र हुन्छ
ढाक्नेभन्दा खोल्नैलाई, बलै बल मात्र हुन्छ
समय नै उल्टो हो वा, हो मान्छेको मनै यस्तो
गर्मी पनि तिघ्रादेखि, तलै तल मात्र हुन्छ ?

५

आबद्धता : नेपाल विद्युत प्राधिकरण

# मार्फाको न्यानोपन



लक्ष्मी थापा

वर्षाको समय शुरु भएको छ । त्यसमा पनि प्राविधिक सूचना प्राप्त भएअनुसार यो वर्षको मनसुन भर्खर नेपाल भित्रिएको छ । त्यसको सङ्केत देखिएको छ हिजोअस्तिका दिन जस्तै आज असारको चार गतेको आकाशमा । बादल यति बेला व्यस्त छ अनेक आकारका चित्र बनाउन । चित्रमा सेता र काला रङले पनि सेताकालाकै पोतेका छन् अनेक । आकाशमा टाँगिएका बादलका यी चित्रले यतिबेला मनलाई खुशी बनाएका छैनन् । अरू समयमा भए यी दृश्यले मेरो मनलाई उडाएर उनीहरूकै संसारमा रमाउन लग्थ्यो । तर अहिले यतिबेला म यात्राका क्रममा मुस्ताङको मार्फामा बास बस्न जानका लागि गाडीमा सवार छु । गाडीको सिसाबाटै आकाशलाई चियाइरहेकी छु । नियालिरहेकी छु । गाडी चालक भाइ 'यो आकाश अहिले खुला भएको भए तपाइँहरूले मजाले धौलागिरि, नीलगिरिलाई देख्न पाउनुहुन्थ्यो' भन्दै छन् । यो कुरा भाइले म्याग्दीको माटोमा टेकेदेखि नै भनेका थिए । यही कुराले हो यति बेलाको बादलरहित खुला आकाश हेर्न नपाएर निचोरिएको कागती जस्तै भएको छ मन । सँगै मेरा आमा बहिनीहरू र छोराछोरीका मनको हालत पनि उही मेरै जस्तै भएको छ । मान्छेलाई मन पर्ने कुरा पनि अवस्था, स्थान र समयअनुसार फरक पर्ने त रहेछ नि आखिर !

साँझको साढे पाँच बजेतिर आजको बासस्थान मार्फाको होटलमा पुगेपछि हामी चढेको गाडीले पनि विश्राम लियो । पवित्र तीर्थस्थल मुक्तिनाथको जिल्ला मुस्ताङ । मुस्ताङको पनि मार्फाको माटोमा पाइला पर्ने बित्तिकै मनले अलग्गै मीठासपनको अनुभूति गर्छ । मन त्यसै त्यसै पुलकित भयो । चिसो सिरेटोले न्यानो स्वागत गरेको देखेर । हामी सबै जनाको आँखामा खुशीहरू नाच्न थाल्छन् । बोलीहरू खुशीका मातले लट्पटिन्छन् ।

मुख्य सडकबाट देब्रेतिर करिब पाँच सय मिटर पर रहेछ हामी बस्ने होटल । सडकको पूर्वपट्टि कलकल बगिरहेकी छिन् कालीगण्डकी । कालीगण्डकीको

किनारैमा उभिएको छ अग्लो पहाड । पहाडको ठाउँ ठाउँमा छोटा छोटा बुट्यानहरू हाँसिरहेका छन् । कालीगण्डकी नदीको पश्चिमतर्फको भिरालो पहाडको फेदीमा गुजुमुज्ज रहेको छ लोभ लाग्दो अचम्म लाग्दो मार्फा बस्ती । सिरसिर हावाको आवाजसँगै स्याउका पातहरू नचिरहेका छन् । स्याउका पात जस्तै मन चञ्चल भएका छन् । सँगै चीसो बतासको स्पर्श । हामीले लगाएको कपडाले चीसोलाई जित्न नसकेपछि हामी हत्तारिंदै होटलभित्र आफ्नो सामान लिएर पस्छौं । होटल धनीका साथै होटलका कर्मचारीको न्यानो हार्दिकताले मन यसै फुरुङ्ङ हुन्छ ।

गाडी चालक भाइले हामीलाई 'जति सक्दो छिटो फ्रेस भएर मार्फा बजार घुम्न जानुपर्छ । तपाइँहरूले आजै मात्र हो है, मार्फालाई चिन्न पाउने समय । फर्किंदा हामी यहाँ बस्दैनौं ।' सूचित गर्दै भने । भाइले यो गाउँको बारेमा गाडीमा छँदा नै अलि अलि बताइसकेका थिए । यहाँका गल्ली, गुम्बाका बारेमा । भाइका कुरा सुन्दैमा यहाँका हरेक कुरासँग साक्षात्कार गर्न हाम्रा मन आतुर थिए दिउँसोदेखि नै ।

यात्रामा छँदा जहाँ जे भेटिन्छ, पाइन्छ त्यसमा नै खुशी हुन सकियो भने मात्र यात्रा सहज र सुखद हुन्छ भन्ने कुरा राम्ररी बुझें पनि हातमा रुमको चाबी पर्ने बित्तिकै रुम कस्तो छ ? बाथरुम कस्तो छ ? भन्ने प्रश्नले मनलाई घेरिहाल्छ । होटलको रुम देखेपछि मनमा अर्को खुशीले पनि बसाइँ सर्छ । हामी हतार हतार गरेर सिंगारिन्छौं । साँझको समय शृङ्गार आवश्यक त थिएन । तर जे छ जस्तो छ, त्यसमै चित्त बुझाउन नसकिने मन पनि अचम्मको छ । अघिको सिरेटोको स्वाद पाइसकेको ज्यानले न्यानो कपडाको माग गरेपछि हामी तातोन्यानो हुँदै बजार घुम्न निस्किन्छौं ।

अघि चीसो हावाले लुगलुग काम्दै चारैतिर एकै श्वासमा अवलोकन गरेका दृश्यलाई बल्ल भने निर्धक्कले यी आँखाले दृश्यपान गर्न पाए । साँझ झमक्क पर्न लागिसकेको थियो । मन आत्तिएको पनि छ । यो सुन्दर बस्तीमा सबैतिर घुम्न नपाइने हो कि भनेर । समय कति महत्त्वपूर्ण छ भन्ने कुरा यतिबेलाको यो अवस्थाले बुझाएको छ । मार्फा गाउँभित्र छिर्नु अगावै स्याउको खेती देखेर हामी दङदास पर्छौं । स्याउका दानाले धमाधम आकार बढाउँदै, रङ चढाउँदै रहेछन् । सुक्खा गगनचुम्बी पहाडको काखमा स्याउका हरिया फाँटले यो गाउँलाई अति सुन्दर बनाएको रहेछ । मुस्ताङको स्याउ भन्दै बजारमा किनेर खाएको, चित्रमा अनि विभिन्न सञ्चारमाध्यममा देखिंदै आएका स्याउ र स्याउका बोटलाई आफ्नै आँखाले देख्न पाउँदा अनि हातले स्पर्श गर्न पाउँदा मन आह्लादित

हुन्छ । हावाका सुस्केरासँगै नाचिरहेका स्याउका हाँगाले मनको उत्साहलाई पनि नचाउँछ । जीवनलाई खुशी बनाउन उत्साहलाई मनभित्र खेल्न दिइराख्नु पर्छ । अनि मात्र जीवन उत्सवमय बनाउन सकिन्छ भन्ने कुरालाई यहाँका हरेक कुराले अह्राइरहेका छन् अनायासै । लटरम्म फलेका स्याउ । अझ पाकेका बेलामा देख्न पाएको भए भन्ने थकथक पनि । तर जुन रूपमा जसलाई, जेलाई देख्न पाइयो र चिन्न पाइयो, यो पनि त ठूलो कुरा हो । यसरी नै चित्त बुझाउँदै स्याउ खेती भित्रका अन्य खेती हेर्न मन र आँखा दौडिहाल्छन् । स्याउ खेतीका भित्तापट्टि राता, पहेंला, सेता, गुलाफी, सुन्तला रङका गुलाफका फूलले मनलाई यसै रोमाञ्चित बनाउँछन् । सुन्दरता र कोमलताका खानी गुलाफका फूलले मार्फामा पुग्ने जो कोहीलाई मीठो मुस्कानले स्वागत गरिरहेका । स्याउका बोटमुनि मौसमी तरकारी खेलिरहेका । सिमीका बोट थाँक्राको साथ पाएर मजाले झ्याँगिएर हाँसिरहेका । मुला, आलु, रायोका सागलगायत अन्य सागपातले स्याउ खेतीलाई अझ शोभा बढाएका । अहिलेसम्म नदेखेको, थाहा नपाएको पहेंलपुर उवा बालीलाई देखेर आँखा लट्ठ पर्छन् । मन यसै मन्त्रमुग्ध भएर सागरमा पौडिन्छ ।

आँखा र मनभरि मार्फाको खेतीलाई सजाएपछि हाम्रा पाइलाहरू मार्फा गाउँभित्र प्रवेश गरे । सांस्कृतिक महत्त्व झल्किने प्रवेशद्वारले ऊसँग बातचित गर्न एकछिन भए पनि रोकिहाल्छ । मोबाइलमा कैद गर्छौं प्रवेशद्वारसँगको हाम्रो मायालाई । बस्तीभित्र छिर्ने बित्तिकै पसलमा राखिएका त्यहाँको स्थानीय पहिरन र गहनाले हामीलाई लोभ्याइ हाल्छन् । पसलकै एकजना भाइले आत्मीयताका साथ 'यहाँको पोशाक लगाएर फोटो खिच्नुस् । सम्झनामा राख्नुस् । यहाँको यादलाई ।' भनेपछि संरीति र सिम्रन छोरीहरूको खुशीले बुर्कुसी मार्न थाल्छन् । उनीहरू सबैले लगाएर फोटो लिने, टिकटक बनाउने भनेपछि हामी आमाहरू खुशीले साथ दिन्छौं । सुहाउने रङको पहिरन र गहना लगाएर हामी यहींको स्थानीय बासिन्दा जस्तै भयौं भनेर मख्ख पर्छौं । यति गरेपछि त गाउँ पनि डुल्नै पर्‍यो । रातले समय निल्दै छ । हतार पनि छ । अझ गाउँ पूरै डुल्नलाई । बत्तीको झिलीमिली, स्थानीय सुगन्ध, त्यहींको कपडा, आफूलाई मनपर्ने पोजमा फोटो खिचाइ । न त पकाउन पर्छ भन्ने चिन्ता । आहा ! कति बिन्दास समय । यो समयको औधी माया लाग्छ ।

हामी त्यहींका बासिन्दा  जस्तै भएर ठाँटियौं । गल्ली डुल्न थाल्यौं । मार्फा गाउँको गल्लीलाई नेपाली केही फिल्ममा पहिले नै देखिसकेको र याद गरेको हुनाले ती घर, गल्ली, बाटो कहाँ निरको होलान् भन्दै आँखा ठूलाठूला बन्दै खोज्न थाल्छन् ।

सेता रङले पोतिएका, एकअर्कासँग जोडिएका एकनासको घर । झ्याल ढोकामा एकै रङ लगाइएका (काठ रङ), घरका छतमाथि वर्षौंदेखिका पुराना दाउराका अग्ला अग्ला चाङ, ढुङ्गा बिछ्याइएको सफा बाटो, बाटाको छेउपट्टि सिँचाइका लागि लगिएको पानीका कलकल आवाजले मनलाई तानिरहन्छ । अझ नजरहरू घरभित्रका भान्सामा सजाइएका कलात्मक दृश्य हेर्न लालयित हुन्छन् । घरभित्र थकाली संस्कृति झल्किने आकर्षक कलात्मक वस्तुहरूले मनलाई लोभ्याइराख्छ । साँझ परिसकेको हुनाले रङ्गीचङ्गी बत्तीका झिलीमिलीले मनलाई पनि उज्यालो बनाउँछ । रातमा रमाएको ठमेल  जस्तै देखिएको छ मार्फा गाउँ ।

देखिएका हरेक दृश्यले रोमाञ्चित बनाउँदै छन् हाम्रो मनलाई । हामीले लगाएको पहिरन देखेर त्यहींका स्थानीय आमाले 'नानीहरू थकालीको गाउँमा आएर कहाँ टिबेटियन पहिरन लगाउनुभको' भन्दा पो जिल्लाराम परियो । हामी त त्यहींको स्थानीय भयौं भन्ने सोचेको त । परे न फसाद ! आमाले फेरि मायाले भन्नुभयो 'तपाइँहरू यहाँ आएपछि थकालीको कपडा लाउनुपर्छ । यहाँ पाइन्छ आउनुस् लाउनुस् ।' थकाली पहिरन हेऱ्यौं । मन त परिहाल्यो । तर के गर्नु, समय थिएन ! लगाएकै पहिरनमा चित्त बुझाएर लाग्यौं गाउँ घुम्न ।

जेरी गल्ली, कबड्डी गल्लीका नामले परिचित भएका रहेछन् हिजाआज केही गल्लीहरू । जुन नामको फिल्म सुटिङ भएको थियो । त्यही नाम पो रहेछ । नाम सुन्दैमा रमाइलो । अनि घरको गारोको भित्तामा झुन्ड्याइएको जेरी गल्ली लेखिएको बोर्ड । जेरी गल्ली कस्तो होला ? कहाँसम्म होला ? भन्दै गल्ली छिचोल्नतिर लाग्छौं । साँघुरो रहेछ गल्ली । ठाडो ठाडो बाटोको गल्लीले आफ्नै गृह जिल्ला भक्तपुरका गल्लीहरूको याद दिलाउँछ । जेरी गल्लीबाट फर्केपछि गाउँको सिरानमा रहेको गुम्बामा पुग्न पैतालाहरू हत्तारिन थाल्छन् । अघि गाउँ पस्ने बित्तिकै उज्यालोमा देखिएको गुम्बा । अँध्यारोमा त बत्तीको उज्यालोले मात्र ठम्याउन सकिन्थ्यो । सोध्दैखोज्दै पुग्यौं । गुम्बाको नाम सम्तेन छोरिङ । मार्फाबासीहरूको आस्थाको धरोहर । मनले छुट्टै किसिमको आनन्दको अनुभूति गर्छ । कास उज्यालोमै आउन पाएको भए गुम्बाको बारेमा अझ थप जानकारी पाइन्थ्यो ।

मार्फा बजारलाई आत्मीयताले स्पर्श गरिरहँदा छिमेकी मुलुक भारतबाट आएका भिन्न भिन्न उमेर समूहका पर्यटकहरू भेटिए । यहाँको अलौकिक दृश्यले मन्त्रमुग्ध भएका उनीहरूका मुखाकृति । हाम्री आमाको नयाँ मान्छेको अनुहार देखेकी बोलिहाल्ने बानी छ । भारतीय नागरिक हुन् भन्ने पककापक्की भएछ

क्यारे उहाँलाई, अनि त शुरु भइहाल्यो कुरा गर्ने बाटो । 'कहाँसे आया हे आप ?' यो समूह चाहिं पारिवारिक समूह थियो । एउटी हाम्री आमासरहकी उमेरकी महिलाले 'भारतसे' भनेपछि अझ सोध्न थाल्नुहुन्छ, 'भारतमे कहाँ रहेतो हो ?' ' पटनासे हे हम ।' केही कुराकानीपछि उनीहरू नेपाल यात्राको पाँच दिनपछि यहाँ आइपुगेका रहेछन् । हाम्री आमाको अरूसँग घुलमिल हुने विशेषतादेखि चाहिं हामी पनि लोभिन्छौं ।. यस्तै भारतीय पर्यटकहरूका अरू पाँच छ वटा समूह पनि भेटिन्छन् । उनीहरूसँग भएका कुराकानीका आधारमा मार्फा गाउँ कुनै अलौकिक संसारमा भ्रमण गर्दै गरेको कुरा बताउँछन् । नेपाल भूमिको विशेषता । विविधतामय धरातलीय बनोट । जुन आफूले पनि प्रत्यक्ष महसूस गर्दै छु । मार्फा गाउँ छ नै त्यस्तै । तेस्रो मुलुकका पर्यटकहरू चाहिं कोही देखिएनन् । त्यहीका स्थानीय बासिन्दा आशबहादुर परियारका अनुसार यतिबेला भारतमा समर भ्याकेसन हुने हुनाले बिदाको अवसर पारेर नेपाल घुम्न आउँदा रहेछन् भारतीयहरू । यसको अनुभव पोखरामा पनि हामीले गर्न पाएका थियौं । तेस्रो मुलुकका पर्यटकहरूको नेपाल भ्रमण यतिबेला अलि न्यून नै हुने रहेछ ।

दश बजिसकेको हुनाले हामी होटल फर्कियौं । पेटले मीठो भोक लागेको घन्टी बजाइरहेको थियो । होटल मालिक खाना तयार भएको कुरा मीठो मुस्कानका साथ गर्नुहुन्छ । हामी आएको गाडीका चालक भाइ होटलकै स्टाफहरूसँग गफमा मस्त थिए । यतैको स्थानीय लवज निकाली निकाली । भाइ पनि भोकै हामीलाई कुरिरहेका रहेछन् । चरेसको थालभरि स्थानीय थकाली खानाको मगमग बास्नाले खाना कुन बेला खाऊँ जस्तो बनाइहाल्छ । हामीसँगैका अरू टेबलहरूमा सबै भारतीय नागरिकहरू नेपाली खानाको रसास्वादन गर्दै छन् । कोही नेपाली छन् कि भनेर आँखा डुलाउँछु । कोही पनि भेटिएनन् । यहाँबाट पनि स्पष्ट हुन्छ कि यतिबेलाको यो समय विशेष गरी भारतीय पर्यटकका लागि उपयुक्त समय रहेछ । लामा सिता गरेका चामलको खाना, खानामाथिबाट तात्तातो घिउ, जिम्बु हालेर झानेको दालको मगमग बास्ना, आलु-सिमी-काउलीको मिश्रित तरकारी, नरम रायोको साग, गुन्द्रुक, मुलाको अचार, गालेको अचार, काँक्रो गाजर मुलाको सलाद । आहा ! कति मीठो जिब्रोमै झुन्डिने, पेट अघाए पनि मुख नअघाउने अर्गानिक मार्फाको स्थानीय स्वाद । यति मीठो स्थानीय स्वादलाई हाम्रो भोकले महसूस गर्न पाउनु कति भाग्यमानी है भोक । भोको पेटको पूजा भएपछि सबैसँग बिदाबारी हुन्छौं । हामी रात्रिकालीन विश्राम लिन आआफ्नो शयनकक्षतर्फ ।

चालक भाइले भोलि सात बजे हामी यहाँबाट पहिला कागबेनी र पछि मुक्तिनाथ दर्शनका लागि प्रस्थान गर्ने कुरा गरेकाले भोलि लगाउने कपडाहरू छुट्याएर

राख्छौं । घरबाट हिंडेदेखि हाम्री आमाले एउटा ह्यान्ड ब्याग बोकिरहनुभएको थियो । ब्याग पुक्क परेको थियो । लागेको थियो आमाकै महत्त्वपूर्ण सामान छन् । अझ बेलाबेलामा जिस्काउँथ्यौं पनि 'हाम्री आमाले दह्रै पैसा बोकेर आउनुभएको छ कि कसो ? छोरीहरूको खर्च नहोस् भनेर ।' आमा मुसुक्क हाँसेर 'हो नि त कहाँ छोरीहरूको खर्चमा हिंड्नू' भन्नुहुन्थ्यो । कमाउने छोरीहरू हामी । आमाले यसो भन्दा नि खुशीको अर्को लहर तरङ्गित भएको महसूस गर्न सकिन्थ्यो । त्यही ब्यागबाट आमाले प्रेसरको ओखती झिकेर खाँदा ब्यागमा मेरो घरमा भएको टेडी बियर देखें । आश्चर्यले आमालाई 'यो टेडी बियर झुक्किएर राख्नुभएको कि कसो ? नातिनातिनालाई खेलाउनहुन्छ भनेर ।' घरैमा भएका एक वर्ष नि नपुगेका भदै र काहिंली बहिनीका छोरालाई सम्झेर भन्छु । मेरी आमा एकदम शान्त स्वरमा 'हामी मुक्तिनाथ दर्शनको यात्रामा निस्कँदा मात्र आठ जना भयौं । अनि नौ जना गराउनलाई यो खेलौनालाई लेराको ।' भन्नुहुन्छ । मसँगै शोभा र सरस्वती बहिनी छक्क पर्छौं । हाम्री आमाको मनलाई सामाजिक सांस्कृतिक मान्यता र भनाइले यहाँनिर नराम्रोसँग हल्लाएको रहेछ । आठ जना मात्र हिंड्दा हुने सङ्कटका बारेमा मेरी आमा सचेत हुनुभयो कि यात्राभरि डरलाई मनभित्र लुकाएर हिंड्नुभयो । अझ चार दिनको यात्रा छ । मान्छेको सङ्ख्याले यात्रा शुभ र अशुभ हुने कुरालाई परीक्षाको तराजुमा हामी हिंडेका पो छौं कि लाग्छ एकछिन् त । तर एकैछिनमा हामी सबै मरीमरी हाँस्न थाल्छौं । आमालाई जिस्क्याउँदै । बिचरी अमाको मन न हो कति कुरा सोच्न पुग्दछ । यो कुरालाई हाँसोमै उडाए पनि पछि 'हे मुक्तिनाथ भगवान् ! तिम्रो शरणमा आउन लागेका छौं । हाम्रो यात्रा शुभ रहोस् ।' भन्न पुग्छु । माथिल्लो मुस्ताङसम्म जाने योजनामा एघार वर्षे छोरो गाण्डिव र साठी वर्षीय आमालाई साथमा लिएर पाँच जना आमाछोरी यात्रामा छौं । वर्षाको बाटो यसै पनि डर लाग्ने । त्यसमाथि भर्खरै आमाको कुरा अनि टेडी बियर जोडिएर नौजना भएको हाम्रो यात्राको सङ्ख्या । एकक्षण सोच्न बाध्य बनाउँछ ।

भोलि बिहानको यात्रा अझ महत्त्वपूर्ण यात्रा हुनेछ । मुख्यतः हामी मुक्तिनाथ तीर्थ यात्राका लागि आएका हौं । भोलिको अलौकिक प्राकृतिक दृश्यपानको कल्पनाले मन त्यसै आनन्दित, रोमाञ्चित हुँदै छ । आँखाभरि, मनभरि आजको दिनभरिका रोमाञ्चकारी यात्राका दृश्य । त्यसमा पनि मार्फा गाउँ विशेष मनभरि, आँखाभरि नाचिरहेको छ । जय श्री मुक्तिनाथ बाबा !

**सल्लाघारी, भक्तपुर**

# हलचल



ईश्वर पोखरेल

ढलान थियो– घरको ।

'चार लाख जति इन्तजाम गर्नोस् है' भनेको थियो– ठेकदारले । आफूसँग दुई लाख जति छ । अरू दुईलाख कहाँ कोसँग माग्नु ? धेरैबेर सोचें; काम चलाउने जस्तो मान्छे कोही देखिनँ ।

रातभर निद्रा परेन ।

बिहान पनि कतै जाऊँ जस्तो लागेको थिएन । तैपनि आफ्ना भनेका यिनै हुन् भनेर ठूलाबाको घरतिर लागें ।

मैले मेरा कुरा सकेको मात्र के थिएँ; ठूलाबाले मैले रोक्दारोक्दै राष्ट्रिय वाणिज्य बैंकको पाँच लाखको चेक काट्नु भयो ।

'ढुक्कले चला बाबू । अरू चाहियो भने पनि भन् । ब्याज स्याजको चिन्ता नगर्; त्यो मलाई चाहिंदैन । सक्दा तिर्नू । सकिनस् भने पनि के भो र ! भतिजै होस् ।' ठूलाबाले भन्नुभयो ।

म 'सपनामा छु कि बिपनामा छु' भएँ ।

ठूलाबाको यो 'रूप' अहिलेसम्म देखिएको थिएन ।

खुट्टा भुइँमा टेकिएनन्– मेरा । घर आईपुग्दा झम्के साँझ परिसकेको थियो ।

भात खान बसें ।

सर्कँर हैरान ।

मनमा हर्ष र आशङ्काका अनेक तरङ्ग ओहोरदोहोर गरिरहे ।

कुलामा पानी बढेर आएको त थाहा थियो; आज कुलामा खोलै आए जस्तो भयो ।

रातभर निद्रा परेन ।

महालक्ष्मी–३, बोझेपोखरी



# बाआमा

भोला शर्मा

बाबा भगवान् हुन्, आमा भगवती
बाबा बलवान् हुन्, आमा बुद्धिमती
बाबा अटल सूर्य हुन्, आमा शीतल जून,
बाबा सिङ्गो शरीर हुन्, आमा थोपा थोपा खून ।

बाबा आकाश हुन्, आमा धर्ती
बाबा विकास हुन्, आमा समृद्धि
बाबा मान हुन्, आमा सम्मान
बाबा शान हुन्, आमा ईश्वरीय वरदान ।

बाबा संस्कार हुन्, आमा संस्कृति
बाबा विचार हुन्, आमा स्वीकृति
बाबा स्वामी हुन्, आमा शीतल छहारी
बाबा महादेव हुन्, आमा त्रिपुरासुन्दरी ।

बाबा सुर हुन्, आमा सविता
बाबा कवि हुन्, आमा मधुर कविता
बाबा धन हुन्, आमा विशाल मन
बाबा तन हुन्, आमा सुन्दर जीवन ।

बाबा युद्ध हुन्, आमा जित
बाबा गीत हुन्, आमा सङ्गीत
बाबा योग्य हुन्, आमा सुयोग्य
बाबा भाग्य हुन्, आमा सौभाग्य ।

बाबा भर हुन्, आमा शोभा
बाबा प्रेम हुन्, आमा पूजा
बाबा साहस हुन्, आमा सार
बाबा घर हुन्, आमा संसार ।

आबद्धता : नेपाल विद्युत प्राधिकरण

# मन



मिमन पुलामी

मेरो  जस्तै सम्झने मन, तिम्रो छ कि छैन
मेरो जस्तै रसाउने हृदय, तिम्रो छ कि छैन
मेलै गर्ने माया जस्तै, तिम्रो माया छ कि छैन
मैले जस्तै माया तिमीले, लाएको हो कि हैन !

तिमीलाई ठेस लाग्दा, मलाई दुखे जस्तै
मलाई लाग्दा तिमीलाई दुख्छ कि दुख्तैन
नदेख्दा तिमीलाई यो मन आत्तिए जस्तै
त्यो मन आत्तिन्छ कि आत्तिंदैन !

एकै क्षण नसम्झौं न भन्दा, त्यो मन रुन्छ रुँदैन
मेरो जस्तो कोमल मुटु, तिम्रो छ कि छैन
तिम्रो लागि यो मुटु धड्किए जस्तै
मेरो लागि त्यो मुटु धड्किन्छ कि धड्किंदैन !

हरपल यो मनले तिमीलाई खोजे जस्तै
त्यो मनले मलाई खोज्छ कि खोज्दैन
एकअर्कालाई दुःख सुख पोखूँ जस्तो
कहिले लाग्छ कि लाग्दैन !

यो मनले त्यो मनलाई खाए जस्तै
त्यो मनले यो मनलाई खान्छ कि खाँदैन
मलाई तिम्रो माया लागे जस्तै
मेरो माया तिमीलाई लाग्छ कि लाग्दैन !

**आबद्धता : नेपाल विद्युत प्राधिकरण**



# खोरयात्रा

हिरामणि दुःखी

खोर सफा गर्न सुँगुरको
खोरभित्रै पस्नुपर्छ भन्दै
खोर पसेको कामरेड
फोहोर लतपतिएर जिउभरि
गनाउन थालेपछि डुङ्डुङ्ती
घामको प्रकाशले सफा पार्ने भ्रम बोकेर
घाम ताप्न छिऱ्यो ऊ घामघरतिर ।

घामले सफा नपारेर
शरीरमा लतपतिएको फोहोर
भतभती पोल्न थालेपछि जिउ
निस्कियो शीतल ताप्न रुखतिर
बूढो रुखको छहारीमा बसेर
धारे हात लाउँदै घामलाई
घामकै उछित्तो काढेर
वर्सायो गालीको वर्षा ।

लगायो रुखसँग भाइभाइको नारा
'रुखकै हाँगाबाट बन्छ
औजारहरूको बिंड' भन्दै
अर्थ्यायो आफ्ना अनुचरहरूलाई
हौस्यायो भजन गाउँन गाँस्दै मितेरी
बबुरा भक्तहरूलाई ।
सहीछाप ठोक्न अह्रायो रुखमा

जब पतझड बूढो रुखले छहारी नदिएर
गलेका हाँगाबिगाले टाउकोमा बजाउन थालेपछि
ऐया आत्थु भन्दै रन्थनिएर
घण्टी बजाउँदै प्रार्थना गर्दैछ प्रभुको ।

कहिले जलार्पण गर्न पुग्छ पशुपतिमा
कहिले रुद्राक्ष चढाउँदै महाकालेश्वरमा
याचना गर्छ नन्दीभृङ्गी रूपमा
अभिशाप भइरहेछ यतिखेर
कामरेडको खोरयात्रा ।●

---



## चार मुक्तक

**रामेश्वर जलन**

कोदो रोपेर खेतमा फल्दैन धान
सबैभन्दा राम्रो हुन्छ आत्मज्ञान
सधैं अरूको भरमा बाँच्नेहरूको
कहिल्यै हुँदैन आफ्नो स्वाभिमान ।

सफा सुन्दर देखिने तिमी फूल हौ
सौन्दर्य खुलाएर छलछल बग्ने पानीकै मूल हौ
रूपको बयान कसोरी गरूँ म प्रिय
मलाई लाग्छ तिमी सुन्दर चरी बुलबुल हौ ।

कति डुब्ने आँसु, पीडा, दुःख, निस्सारमा
आऔं डुबौं सुन्दर प्रणयको संसारमा
विश्वास र भरोसाको बोट रोपेर
उत्सर्ग होऔं आनन्द अपारमा ।

जब दिनपछि रात आउँछ
तब जति टाढा उति याद आउँछ
म त पतझर हुँ तिम्रो साथ पाउँदा
असमयमा मै वसन्ती बहार छाउँछ ।

**बुङ्गमती, ललितपुर**



# क्रान्तिको उपलब्धि

भलादमी भोला

आफ्नै घरमा आगो लगाएर
खरानी हातमा लिएपछि
क्रान्तिको नेतृत्व गऱ्यो
उसले
घरको सिलबरे डेक्ची
घुएँत्रो हानेर
मलखाल्डोमा पुऱ्याएपछि
समृद्धिको सपना देख्यो
उसले
ऊ
क्रान्तिमा हिंडेको
लामो समय भयो
उसको क्रान्तिले
गणतन्त्र ल्यायो
संघीयता ल्यायो
निरङ्कुशता जरीफेद लगायो
यो सबै व्यवस्था ल्याएपछि
ऊ
घर खोज्दै गाउँ आयो
गाउँमा घर थिएनन्
छिमेकी र आफन्त थिएनन्
उसले खरानी बनाएर हिंडेको घर
टुहुरो केटाकेटी जस्तो
कपाल नबाटेको
सिँगान नपुछेको
बीभत्स शरीर लिएर
गिज्याइरहेको उसले देख्यो
उसले आँगनको डिलबाट
आँखा नझिम्क्याई घरलाई हेऱ्यो
घरलाई खरानी बनाएकोमा
उसले गहभरि आँसु पाऱ्यो
उसले आफूले ल्याएको
गणतन्त्र सम्झियो
गणतन्त्रलाई हात दान दिएको सम्झियो
ऊ चिप्लिएर
मलखाल्डोमा पछारियो
उससँगै
उसको गणतन्त्र पछारियो
उसको हातमा
उही सिलबरे डेक्ची
उपहारमा भेटियो
क्रान्तिको उपलब्धि बनेर ।

**ओखलढुङ्गा**

# जीवनको खोजी



डा. जनपाली

चल्दै छ घडीको सुइरो
अस्ताउने, उदाउने गर्छन् रवि
बदलिन्छ दिन एकपछि अर्को
नवीनतम बदलिन्छ जीवन झर्को ।

जन्मन्छ, मर्छ सूर्य अहोरात्रमा
त्यस्तै चल्छ जीव जगत्मा
पृथ्वी पिण्ड सजीव मर्छ यो पनि
को छ संसारमा अजित अमर अनि ।

को थियो कहाँ र कसको कता ?
यो जमात भेट भइरहेछ आज
संयोग, वियोग, विवश र सङ्गम
को कहाँ को कसको, भएको छ मिलन ?

क्रूर छन् यी मानिस सबै
उस्तै बेथितिका निर्दोष पनि
नसकिने बुझ्न रहस्य जीवनको
भौतिक चिन्तनमा व्यग्र बनी ।

बेजाती कुर्लिरहेछन् उता
देखाई हैसियत व्यापारी पनको
कति कलुषित तनमन छन् केवल
पैसा पुकारी रहेछन् अथाह मनको ।●



# म पनि अब आकाश बन्छु

तेजेन्द्र पौडेल


कहिले सानै हलचलले त्रसित हुने
कहिले सानो भूकम्पले ग्रसित हुने
एउटा भयभीत मन
एउटा भयभीत मान्छे
विगत र वर्तमान पढेर मान्छेको
मैले एउटा सिद्धान्त अँगालेको छु
म पनि अब आकाश बन्छु ।

आकाशलाई बूढो हुनु पर्दैन
निमोनिया र रुघाखोकीले छुँदैन
मधुमेह र दमले सताउँदैन आकाशलाई
आफ्नी प्राण प्यारी श्रीमतीलाई छोडेर
आकाशले असामयिक निधन भोग्नु पर्दैन
छोराछोरीलाई बोर्डिङ पढाउने फि नपुगेर
आकाश पीरले आत्तिनु पर्दैन
अनि रिसले तात्तिनु पर्दैन
र त मैले आफ्नै सिद्धान्त प्रतिपादन गरेको छु
म पनि अब आकाश बन्छु ।

आकाश कुनै कलुषित मन होइन
आकाश सत्ता परिवर्तनको फुटबल खेल्ने
अवसरहरूको मैदान होइन
कुर्सी पुज्ने मान्छे
मान्छे किनमेल गर्ने सदन होइन ।

एकै पटक भेट हुँदा
मुटु नै चुँडेर लाने
कुनै युवतीको वदन होइन
र त मान्छे बन्नुको अभिशापबाट भागेर
मैले एउटा निष्ठा अँगालेको छु
म पनि अब आकाश बन्छु ।

# निवेदन



राम वसु

देशको माया मारी किन परदेशियौ आज
आफ्नो देशमा गर्न लाग्यो विदेशीले राज ।

बुद्धि भए फर्क अब विदेशबाट घर
आफ्नो साँध सीमा छोपी खेतीपाती गर
पैले काम खोज्दै जाँदा आसाम र बर्मा
शरणार्थी भएपछि फर्की आउँदा घरमा ।

आफ्नो भूमि आफ्नै देश केही छैन डर
पछुताउन पर्ला पछि अहिले होश गर
काठमाडौंका छाउनीहरू सुस्ता लागि राख
सरकारमा बस्नेहरू सुत्न हुन्न जाग ।

आफ्नो ठाउँ आफैंले त्यो सकिंदैन किन्न
शक्तिशाली उही हुन्छ सकिंदैन भिड्न
विदेशीको चलखेल बढ्यो देशभित्र
विखण्डित बनाउने नयाँ नामका चित्र ।

राजनीतिबाट पराइले देशै कब्जा गर्छन्
यी नेपाली आपसमा लडीलडी मर्छन्
रिझाई हाल्छन् नेताहरू केही हुन्न भन्न,
खरानीका डल्ला जस्ता न फुटेका धन्न ।

सत्ता पाए गान्धी जस्ता शान्ति शान्ति भन्छन्
न पाए त ज्वालामुखीका लाभा जस्ता बन्छन्
मेरो जस्तो बुद्धि भन्ने घमण्ड भो यिन्मा
कुरा बोकी भारत जान्छन् कैले जान्छन् चीनमा ।

भोट माग्दा जनताप्रति भन्छन् प्रतिबद्ध
चुनाव जितेपछि नेता हुन्छन् अनमत्त
चुनाव आए लड्न भनी युवा खटाउने
चुनावपछि पासपोर्ट दिई विदेश पठाउने ।

परिवर्तनका वाहक यी युवाहरू भन्छन्
युवाहरू भुइँमा आफू पजेरोमा चढ्छन्
आजसम्म जे जस्तो भो कमी कमजोरी
गर्नुहुन्न हामीहरूले अब फेरि फेरि ।

युवाहरूको तातो रातो रगतमा बाँच्न
पर्छ भने साँचो बोल अब हुन्न ढाँट्न
स्वार्थ पूरा गर्न देशका युवा भिडाउने
होइन अब जातिदेखि जाति चिढाउने ।

देशभन्दा प्यारो कहाँ हुन्छ पार्टी नेता
सबैभन्दा प्यारो हुन्छ राष्ट्र राष्ट्रियता
देशभित्र बस्ने हो कि विदेशमा बस्ने
यो देशलाई जोगाउन मोर्चा एउटै कस्ने ।

विदेशीले फुक्न लाग्यो देशभित्र आगो
सुत्न हुन्न हे नेपाली उठ्नुपर्छ जागो ।

**अर्घाखाँची**

# पानीमा बगेको जिन्दगी



रत्न प्रजापति

प्याथोलोजिस्ट डा. विनोद ढकाल लेखक पनि हुन् भन्ने साक्षी बक्न आइपुगेको पुस्तक हो 'बगुवा पानी' । 'बगुवा पानी' लेखक डा. विनोद ढकालको पहिलो औपन्यासिक कृति हो । यो उपन्यास लेख्न झन्डै छ वर्ष लागेको यसै उपन्यासको अन्त्यतिर उल्लेख गरिएको एउटा सन्दर्भबाट ज्ञात हुन्छ । यो सामाजिक उपन्यास हो ।

नियतिले डोऱ्याएका र विवशतामा बाँधिएका मान्छेहरूको साझा कथा हो 'बगुवा पानी' । 'बगुवा पानी' का पात्रहरूले जुन नियति भोगिरहेका छन्, त्यस्तै नियति समाजका धेरै मान्छेहरूले भोगिरहेका छन् । सबैभन्दा महत्त्वपूर्ण कुरा हो जिजीविषा र सङ्घर्ष । मान्छेले बाँच्नका लागि अनेक सङ्घर्ष गर्नुपर्छ र त्यो सङ्घर्षको दौरानमा मान्छेले धेरैथोक गर्नुपर्छ र धेरैथोक सहनुपर्छ । तैपनि जिन्दगी कहाँनेर पुगेर फुस्स उड्छ, त्यो कसैलाई थाहा हुँदैन । त्यसै गरी जिजीविषाका लागि धेरै थोक गर्ने र धेरै थोक सहने प्रमुख पात्रहरू हुन् गोरे, रामजीत र श्याम । अनि तिनको जीवन सङ्घर्षमा मिसिएका छन् छाया, सम्झना र तृष्णाहरू पनि । तर नियतिको खेल कसलाई थाहा ! केही आफ्नो र केही परिवारको सपना बोकेर यात्रामा हिंडेका गोरे, रामजीत र श्यामहरू दुर्घटनामा परेर त्रिशूलीको बगुवा पानीमा बग्दैबग्दै बिलाउँछन् । त्रिशूलीको बगुवा पानीमा बिलाउने गोरे, रामजीत र श्यामहरू छैनन् । अरू धेरै गोरे, रामजीत र श्यामहरू त्रिशूलीको बगुवा पानीमा बिलाएका छन् र आफ्ना सपनाहरू सेलाएका छन् । अस्ति भर्खरै सिमलतालको पहिरोमा परी साठ्ठीभन्दा बढी यात्रु त्यही त्रिशूलीको बगुवा पानीमा बगे । उनीहरूको जीवनसँगसँगै उनीहरूका परिवारका सपना पनि बगे ।

बाँच्नका लागि गोरे, रामजीत र श्यामहरूले कहिले आफ्नै देश, कहिले भारत त कहिले कतार र मलेसियामा गरेका दुःख र सङ्घर्षको कथा हो 'बगुवा पानी' । गोरे यो उपन्यासका अरू धेरै पात्रहरूमध्ये मुख्यपात्र हो । महन्तेहेटिया गाउँमा


जन्मेर हुर्केबढेको गोरे पढ्नमा अल्छी गर्थ्यो । पढ्नमा आफू अल्छी भएकैले ऊ भाइलाई देखाएर 'यसले पढे पनि मैले पढेको जस्तै हो' भन्दै आफूचाहिँ ट्रक ड्राइभर कृष्णको पछि लाग्छ र बिस्तारै आफैं पनि ट्रक चलाउन थाल्छ । एउटा सरदारजीको मद्दतले काम गर्न भारततिर पनि लाग्छ । भारतको बसाइ सोचे जस्तो नभएपछि ऊ गाउँ फर्कन्छ । सानैदेखि सँगै खेलेर हुर्केकी छायालाई सम्झिन्छ । मनमनै सोच्छ, छायाका दुईवटा छोराछोरी भइसके होलान् । मासु कमजोर रोगले सताइएको भाइ र उस्तै दिदीको कारण उसलाई जिम्मेवारीबोध हुन्छ । त्यही जिम्मेवारी बोकेर ऊ विदेश जान्छ । अनि केही सपनाहरू बोकेर देश फर्कन्छ । विडम्बना ! उसको भाइ त्यही रोगले मर्छ । दिदीलाई पनि कसैले गर्भिणी बनाउँछ र समाजको डरले उसले पनि आत्महत्या गर्छे । गोरे दुःखैदुःखको भुमरीमा पर्छ ।

गोरेले सानैदेखि मन पराएको छायासँगै बिहे हुन्छ । बिहेपछि गोरे फेरि कतार जान्छ । छाया आफ्नो माइत जान्छे । भर्भराउँदो बैंशमा लोग्नेको साथ नपाएपछि शरीरले लोग्नेमान्छेको साथ खोज्दोरहेछ । छायाले पनि त्यस्तै गर्छे । त्यही बेलामा गोरेकी आमा मर्छिन् । गोरे गाउँ फर्किन्छ र आमाको किरिया बस्छ । किरिया सकेर गोरे फेरि ट्रक चलाउन थाल्छ । यही सिलसिलामा होटेलकी साहुनी तृष्णासँग उसको हिमचिम बढ्छ । उसैसँग बिहे गर्छ । एउटी छोरी पनि जन्मिन्छ ।

गोरे ट्रक चलाउँदै शहर पुगिरहन्छ । शहरमा उसले छायालाई सडकमा ग्राहक खोजिरहेको अवस्थामा देख्छ । उसको चित्त कुँडिन्छ । ट्रक लिएर फेरि गाउँ फर्किन्छ । गाउँमा उसकी श्रीमती तृष्णाले होटेल चलाइरहेकी छे । एकदिन कृष्ण होटेलमा आउँछ । कुरैकुरामा उसले गोरे कतारमा हुँदा छायालाई आफैंले भगाएको कुरा भन्छ । गोरे अवाक् हुन्छ । गोरे बस चलाउन फेरि काठमाडौं जान्छ । तर उसलाई छोरीको चिन्ताले सताउँछ । श्रीमतीको यादले सताउँछ । आफ्नै गाडी किन्ने सपना देख्न थाल्छ । बीचमा श्याम कथामा जोडिन आइपुग्छ । ऊ पनि देशको कमाइले नपुगेर विदेश जानका लागि मेनपावरको चक्कर लाउन थाल्छ । अन्ततः बनेपाली साहुसँग ऋण लिएर ऊ पनि विदेश जान हिंड्छ, 'देशमा भविष्य नेदेखेर' ।

तर काठमाडौं जाँदै गरेको गोरेले हाँकेको बा ५ प ४३८७ नम्बरको वन्दना यातायात चितवनको कुरिनटारस्थित पृथ्वी राजमार्गमा दुर्घटना हुन्छ । बस त्रिशूली नदीमा खस्छ । त्यसमा सवार गोरे, श्याम र रामजीत पनि त्रिशूलीमा खस्छन् । रामजीतले गोरेलाई पानीबाट निकाल्छ । गोरेलाई बचाउने अनेक प्रयास गर्छ,

तर गोरेले सदाका लागि आँखा चिम्लिन्छ । श्यामलाई बचाउने प्रयास गर्छ, तर श्यामलाई पानीबाट बाहिर निकाल्ने क्रममा रामजीत आफैं पानीमा बग्न पुग्छ । यसरी तीनै जनाले त्रिशूलीको बगुवा पानीमा जीवनको चोला बिसाउँछन् । त्यही किनारमा रातो साडी बगुवा पानीमा लहराइरहेको हुन्छ । अन्त्यमा त्यसलाई पनि बगाएर लान्छ त्यो बगुवा पानीले । 'कैयौंको आशा बगाउँदै लिएर जान्छ पानीले ।' *(पृष्ठ २०९)*




हो, त्रिशूलीको बगुवा पानीले धेरैको जिन्दगी बगाएको छ । धेरैको आशा बगाएको छ । धेरैको सपना बगाएको छ । अनि धेरैको भविष्य बगाएको छ । दोष कसको ? बग्नेहरूको कि बगाउनेको ? कि यो राज्यको ? यस्तै प्रश्न छोडेर उपन्यासको अन्त्य भएको छ । यद्यपि प्रश्नको तीर राज्यतिरै सोभिएको छ । राज्यको संवेदनशीलता, जिम्मेवारी र जवाफदेहिता अपेक्षित छ ।

उपन्यासमा मुख्यपात्र गोरेको मनोदशा केलाउने प्रयास भएको छ । आफू कतारमा हुँदा आफ्नी श्रीमती छायालाई भगाउने कृष्णदाइ तृष्णाको होटेलमा आइरहने थाहा पाएर उसको मन अमिलिन्छ । मनमा कता कता शङ्काको बिउ उम्रिन्छ । कृष्णले हाकाहाकी 'छायालाई भगाउने मै हुँ' (पृष्ठ ११०) भनेको सुनेर अवाक् बनेको गोरेलाई हेर्दै तृष्णा प्रश्न गर्छे, 'के भो तपाइँलाई ?' तर गोरे बोल्दैन । ऊ निराश बन्छ । कुरा के हो तृष्णाले बुझ्दिन । अनि ऊ आफैं बोल्छे, 'दाइ हाम्रोमा बस्ने ठाउँ सानो छ भनेर कहिल्यै बस्दैनन् ।' (पृष्ठ ११०) गोरेको मनको शङ्का निवारणार्थ तृष्णाले यसो भनेकी जस्तो लाग्छ । यहीं छेउ कता कता यौनको एउटा सानो झिल्कोले झिलिक्क गरे जस्तो लाग्छ । वास्तवमै उपन्यासमा यौनका सन्दर्भहरू यसरी नजानिंदो गरी आएका छन् । जस्तैः

'म किन छोरोलाई १० बजेसम्म राख्छु थाहा छ ?'

'किन ?'

'छोरो मस्त निदाउँछ अनि तँ र म... ।' (पृष्ठ ११४)

उपन्यासभित्रका कुनै कुनै संवाद निकै मार्मिक छन्, जसले हृदय नै विदीर्ण बनाउँछ । शरीरको मासु कमजोर हुने रोगले सताइएको प्रेम अर्थात् गोरेको भाइले जिन्दगीदेखि हार खाएर भन्छ–

'मलाई एक पल मात्र हिंड्न सक्ने बनाइदेऊ दिदी ।'

'के गर्छस् ? दिदीले प्रश्न सोधी ।

'म तारे भीरमा गएर हाम फाल्छु ।' (पृष्ठ ६८)

उपन्यासका कुनै–कुनै वाक्य अत्यन्तै शक्तिशाली छन्, जसले थोरै शब्दमा पनि धेरै कुरा भन्छन् । जस्तैः 'बोर्डरले देशको हालत देखाउँछ । समाजको यथार्थको ऐना हो बोर्डर । (पृष्ठ १५८) यहाँ देशको नाका–नाकामा प्रहरीबाट हुने ज्यादती र अनैतिक कार्यको पर्दाफास भएको छ । यसै गरी अर्को वाक्य छ–

साहुका आँखा चम्किए । 'विदेश गएको ऋण अर्को सालसम्म तिर्छौ जस्तो छ त ।'

जोगवीरका आँखा पनि चम्किए । 'यो साल तिमीले ट्याक्टर उडाइदिएनौ भने ।' (पृष्ठ १९२)

उपन्यासको संरचनागत पक्ष सुन्दर छ । कथानकमा पाठकलाई डोऱ्याइरहने सामर्थ्य छ । कल्पनाशीलता, भावुकता र संवेदनशीलताले पाठकलाई प्रभाव पारिरहने छ । उपन्यासको अन्त्य दुःखद पनि छ र सुखद पनि । दुःखद यस अर्थमा कि मुख्यपात्रसँगै अरू धेरैको बस दुर्घटनामा मृत्यु भएको छ । सुखद यस अर्थमा कि गोरे मरेर गए पनि उसको छोरा धीरेन डाक्टरी पढ्न छात्रवृत्तिमा भर्ना भएको छ । गोरेले देखेको सपना पूरा हुँदैछ ।

उपन्यासको भाषाशैली सरल छ । कतै कतै अति भावुकता र क्लिष्टता पनि छन् । लेखकले सबै पात्रहरूलाई समान न्याय गर्न सकेका छैनन् । कसैले बढी महत्त्व पाउँदा कुनै कुनै पात्र महत्त्वहीन बन्न पुगेका छन् र बाटैमा हराउन पुगेका छन्, जस्तैः मुख्य पात्र गोरेको साथी बतासे । कथानक अघि बढ्दै जाँदा बतासे यत्तिकै कता कता बतासिएका छन् । श्याम र रामजीत अचानक नै गोरेसँग जोडिन आइपुगेका छन् । छाया र तृष्णासँगको गोरेको सम्बन्ध पनि नाटकीय पारामा जोडिएको छ । कुनै सन्दर्भ र सिलेसिलेवार घटना र प्रसङ्गबिना नै छायासँग सम्बन्ध जोडिएको र तोडिएको छ भने उसै गरी तृष्णासँगको सम्बन्ध जोडिएको छ । गोरेको जीवनयात्राको शुरुवातमा भेटिएका कृष्णको प्रसङ्ग छायालाई

भगाएपछि सकिएको छ । कृष्णले भगाएकी छाया कसरी सडकमा ग्राहक खोज्ने अवस्थामा पुगी, त्यसबारे कुने सुइँको पनि दिइएको छैन । गोरेको भाइ प्रेम र दिदीको मृत्यु अस्वाभाविक किसिको देखिन्छ । फेरि दिदीले आत्महत्या गर्नुको कारण पनि प्रष्टरूपमा आउन सकेको छैन । साङ्केतिकरूपमा बताउन खोजिएको छ, जुन कुरा बुझ्नका लागि पाठकले घोत्लिनैपर्छ । यी यावत् कमजोरीहरूका बाबजुद पनि उपन्यास रोचक बनेको छ र पठनीय बनेको छ । बस चढ्ने गरिब र हवाइजहाज चढ्ने धनी बीचको विभेदलाई राज्य र राज्यका धेरै निकायले नै प्रश्रय दिएको र धनीको सवाललाई बढी महत्त्व दिएर गरीबको सवाललाई कुनै महत्त्व नै नदिने प्रवृत्तिप्रति कटाक्ष पनि गरिएको छ । बगुवा पानीमा बग्दै जाँदा जीवन बोध हुन्छ र समाजको यथार्थ बोध हुन्छ ।

यो उपन्यासमा एकातिर रोजगारीका लागि विदेश जानैपर्ने बाध्यतालाई देखाएर राज्यको कमजोरीलाई औंल्याइएको छ भने अर्कोतिर वैदेशिक रोजगारीले निम्त्याएको सामाजिक समस्यालाई देखाएर वैदेशिक रोजगारीका कारण सामाजिक संरचनामा खलल पुगेको यथार्थलाई पनि औंल्याइएको छ । समग्रमा यो उपन्यास न्यून र मध्यम वर्गीय मान्छेले भोग्नुपरेको नियति र बाध्यतालाई उजागर गर्दै त्यसको समाधानमा राज्यलाई घचघच्याउने काममा केन्द्रित रहेको आभास हुन्छ । उपन्यासलाई विभिन्न शीर्षक र उपशीर्षकमा विभक्त गरिएकाले पठनमा सहजतासँगसँगै बोधगम्य पनि बनेको छ ।

पुस्तक : बगुवा पानी
विधा : उपन्यास
लेखक : डा. विनोद ढकाल
प्रकाशक : शिखा बुक्स
पृष्ठ : २२४
संस्करण : पहिलो, २०८०
मूल्य : रू. ५२५/-




# कर्णालीको दस्ताबेज–'शून्यको मूल्य'

सरस्वती सरस

डा. नवराज केसीद्वारा लिखित 'शून्यको मूल्य' (सास, साहस र स्नेहको कथा ) पुस्तक कर्णालीलाई परिवेश बनाएर लेखिएको पुस्तक हो । केसीले उक्त पुस्तकको विधा सिर्जनात्मक गैरआख्यान भनेर लेखेका छन् । पुस्तकभित्र बुधेकी फुपूआमा, बुबालाई चिठी, भेडिनी कान्छी, मृत्युपछिको जीवन र पुतली आमा गरी पाँच शीर्षक रहेका छन् । ती पाँच शीर्षकभित्र लेखकले आमाहरूको सङ्घर्ष र साहसलाई बडो मार्मिक ढङ्गले अक्षरमा उतारेका छन् । दुई सय बयालिस पृष्ठमा संरचित यस पुस्तकले पढ्न बसेका पाठकलाई झट्ट उठाइहाल्दैन । बरु तानिरहन्छ – चुम्बकले फलामलाई ताने झैं । दुःख के हो ? अभाव के हो ? भन्ने कुरा नबुझेका, बजारमा जन्मिएका र सम्पन्न परिवारमा हुर्किएका पाठकले यो पुस्तक पढ्न बस्यो भने उसलाई स्वैरकाल्पनिक लाग्न सक्छ । तर, उसलाई पनि उठ्न भने दिंदैन । लेखकले बालबालिकाको उपचारका क्रममा आफैंले गरेका अध्ययन र अनुसन्धानको प्रतिफलको रूपमा तयार भएको पुस्तक कर्णालीको दस्ताबेज हो भन्दा पनि फरक पर्दैन ।

डाक्टरको काम बिरामीको रोग पत्ता लगाउने र पुर्जामा औषधीको नाम लेखेर पठाउने हो, बुझ्ने भाषामा भन्नुपर्दा । शून्यको मूल्य पढिसकेपछि नवराज केसी डाक्टर मात्र होइन रहेछन् भन्ने महसूस भयो । उनीभित्र सिर्जनाको तलाउ रहेछ । र त बिरामीसँगै बिरामीको मनोविज्ञान, बिरामी बस्ने समाज, बिरामीले खाने खाना, बिरामीले लगाउने लुगा र बिरामीको घरसम्म उनी पटक पटक पुगेर शून्यको मूल्यको खोजी गरेका रहेछन् । पुस्तकभित्र प्रत्येक शब्दहरूमा उनिएको कर्णालीको कहालीलाग्दो जीवन पाठकले साक्षात्कार गर्छ । ती शब्दहरूले पाठकलाई पटक पटक भक्कानो फुट्ने गरी रुवाउँछ । पहाड जत्रा अभाव टाल्न आमाहरूले गरेका पहाड जत्रै सङ्घर्ष, सङ्घर्षको मैदानमा खोजिरहेका खुशी र सन्तानका उपचारका लागि सुम्पिएका जीवन पढ्दा प्रतिस्पर्धा केका लागि रहेछ र भन्ने प्रश्न मनमा

उठिरहन्छ । लोभ, मोह र अहङ्कारले प्रतिष्पर्धा गरिरहेको समयमा जीवनलाई नजिकै पुगेर बुझ्ने मौका दिएको भान पुस्तकले गराउँछ ।




बुधेकी फुपूआमा, भेडिनी कान्छी, नामै सोध्न भुलेको जुम्ल्याहाकी आमा, नामै नभएकी भुनभुनेकी आमा जस्ता पात्रहरू कर्णालीमा आफ्नो सास, साहस र स्नेह बगाइरहेछन् । जीवन जिउनका लागि र जीवन बचाउनका लागि हरबखत आफूलाई उध्याइर हेछन् । जिन्दगी भनेको बाँच्नु हो र बाँच्नु भनेको बचाउनु हो भनेर सङ्घर्ष गरिरहेछन् । ती आमाहरू कुनै छलकपट नभएका, सन्तानका लागि दुःख भन्ने के हो भन्ने कुरा थाहा नपाएका र निर्दोष छन् । पुस्तकमा कर्णालीको ऐना मात्र छैन । मानवको धर्म, मानवको कर्म के हो भन्ने कुरा स्पष्ट छ । यो पुस्तक हृदयको मदानीले मथेर पढ्नेले देश पढ्छ । देश घुम्छ । देश बुझ्छ र देशमै बस्छ ।

यी कथा नामबिना बाँचेका आमाहरूले सन्तानको नाम सारा संसारले थाहा पाओस् भनेर गरेको सङ्घर्ष र समर्पणका कथा हुन् (पृ.८) । नवराज केसीले भनेको यो भनाइ र पुस्तकभित्र रहेका आमाहरूले आफ्नो सन्तानका लागि गरेका सङ्घर्ष साँच्चै मार्मिक छ । कति व्यवस्था परिवर्तन भए तर रोग, भोक र शोकका कारण सीमान्तीकृत बनेका अति निम्नवर्गीय परिवारलाई देश र देशमा भएका कुनै पनि व्यवस्थाले नदेख्दा संसारले कसरी थाहा पाउलान् खै भन्ने सोच आइरहेको छ । पुस्तकमा भएका कथाहरू उपल्लो कुर्सीमा बसेर देश विकासको खाका कोरिरहेका व्यक्तिहरूले पढ्ने हो भने चाहिं केसीले भनेका उल्लिखित भनाइले सार्थकता पाउँछ है भन्ने कुराले पनि मनलाई थोरै राहत दिएको अनुभूति हुन्छ । तथापि,

पुस्तक वेदनाले मात्र भरिएको पनि छैन । केसीले समस्यासँगै समाधानको बाटोमा पनि अक्षरहरू रोपेका छन् । पुतली आमाजस्ता पात्रको कथाले हौसला दिएको छ ।

"खोइ के भन्ने आफैं जन्मियो गोठाँ, कोही मान्छे नाइँ वरपर, आफैं हसियाँले नाइटो काटेकी हुँ । दुई दिनपछि दूध चुस्यो । ठीकै थियो, गाह्रो त केही भएन भन्नुपऱ्यो ।... "खोकीको के ओखती हुन्छ र ? भए बेसारपानी, नत्र तातोपानी तर खोकी निकाल्ने र खोकी फाल्ने त खोकेरै हो । जोडले खोक्ने, धेरै जोडले खोक्ने अनि आफैं कम हुन्छ । जोरो आउँदा चाहिं कुर्ने हो । आउँछ अनि केही समयपछि आफैं जान्छ (पृ. १३) ।" नाम नभएकी आमाले भनेकी यी वाक्यहरू पढ्दैगर्दा घाँटीमा गाँठो परेर आयो । आँखाबाट आँसु बगिरहे । यी दुःख, यी व्यथा र यी मन रुवाउने कथा हाम्रै देशका हुन् र भन्ने पनि लाग्यो । मान्छेले मान्छे जन्माउन कति गाह्रो हुन्छ । आमा बनेका सबैले अनुभूत गर्न सक्छन् तर यहाँ ती आमा जसले सन्तान जन्मिएकोमा खुशी हुँदै आफ्नो घाउमा आफैं मलम लगाएर गाह्रो त केही भएन भन्दा केसीले लेखेको यो कथा साँच्चै साहसकै कथा रहेछ भन्ने लाग्यो । कर्णाली जस्ता दूरदराजमा सिटामोल नपाएर छटपटिरहेका मानिसहरूको कथा पढ्दा संविधानको भाग ३ को धारा ३५ मा रहेको स्वास्थ्यसम्बन्धी मौलिक हकअन्तर्गत नागरिकले राज्यका तर्फबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क पाउने, त्यस्तो सेवा प्राप्त गर्न वञ्चित नगरिने र त्यस्तो सेवा तथा उपचारको सम्बन्धमा जानकारी पाउने हकको व्यवस्था छ । कागजमा लेखिएका यी अक्षरहरू के अक्षरका लागि मात्र बनेका हुन् ? राजधानी र बजार आसपासमा भएका स्वास्थ्यचौकीहरूमा आउने मानिस मात्र राज्यका नागरिक हुन् ? ती दूरदराजका नागरिकले आधारभूत स्वास्थ्य सेवा किन पाएका छैनन् ? अझ पनि खोकीको ओखती खोकी नै हो भनेर खोकेर जीवनको भिख मागिरहेका ती गाउँहरूमा कहिले औषधी पुग्छ सरकार ? भनेर प्रश्न गर्न मन लाग्यो ।

पुस्तकभित्र रहेका कैयौं वाक्यहरू मन छोएर आँखाबाट बग्छन् । यति कोमल शब्दहरू लेख्ने डाक्टर केसीको दिल कति कोमल छ भनेर पुस्तकभित्रै परीक्षण गर्न सकिन्छ । उनले भेडिनी कान्छी शुरु हुनुभन्दा एक पृष्ठ अगाडि भनेका – "महिलाको शरीर केवल फूल होइन, फल मात्र पनि होइन, फूल र फल निस्कने वृक्ष मात्र पनि होइन, माटो हो । त्यो माटो, सम्पूर्ण मानव सभ्यता उम्रने एक मात्र मलिलो माटो हो । माटोको सुरक्षा कति महत्त्वपूर्ण छ, डाक्टरले कति नै पो भनिरहनुपर्छ र !" यी वाक्यहरू त्यसको प्रमाण हो । केसीले महिलाको शरीरलाई

माटोसँग तुलना गरेका छन् । वास्तवमा महिलाको शरीर र माटोको सुरक्षा हुन सकेन भने राष्ट्रिय पहिचान र मानव अस्तित्व मेटिन्छ । मलिलो माटो अर्थात् महिलाको शरीरबाट निस्केका मानिसले नै राष्ट्र बनाउने हुन् । त्यसैले सबैभन्दा पहिले आमालाई ख्याल गरौं भन्ने केसीको सन्देशमूलक भनाइ मननीय छ ।

कर्णालीको अँध्यारो पाटोलाई मिहिन तरिकाले खोतलिएको पुस्तकमा एकभन्दा अघि आउने शून्यको मूल्यको खोज गरिएको छ । दिगो विकासका सत्रवटा लक्ष्य एकदेखि शुरु भएर सत्रमा टुङ्गिएको छ । एक नम्बरमा गरिबी अन्त्य रहेको छ । गरिबीको अन्त्य हुनुभन्दा पहिले आमा र आमाको गर्भलाई सुरक्षित र बलियो बनाउनु पर्ने आशय पुस्तकको रहेको छ । आमा सृष्टिकर्ता हुन् । यो संसारमा कुनै पनि प्राणीहरू आमाबिना उत्पत्ति भएका छैनन् । आमाले सन्तानका लागि आफ्नो हृदय ओछ्याउँछन् । त्यसैले, आमाभन्दा अघि कोही छ भने त्यो आमा नै हुन् र पछि कोही छ भने त्यो पनि आमा नै हुन् । आमाको विकल्पमा कोही हुनै सक्दैन । सरल र सरस भाषाशैली प्रयोग गरी लेखिएको यो पुस्तक अमर रहोस् । शुभकामना ।

अन्त्यमा, केसीज्यू !

पुस्तकमा एउटा कथाभित्र थुप्रै कथाहरू निसासिएर बसेका छन् । उनीहरूले आफ्नै पहिचान पाए भने खुशी हुन्थे कि ! मिल्छ भने आगामी संस्करणमा ती कथाहरूलाई छुट्टाछुट्टै शीर्षक दिनुस् ल । अनि नि, पुस्तकभित्रका अङ्ग्रेजी शब्दहरू ती आमाहरूले सुन्दा बुझ्ने गरी लेखिदिनुस् न है ! ●

# विद्युतकर्मी साहित्यिक समाज

## संस्थापक कार्यसमिति - २०५६

अध्यक्ष- कुलप्रसाद पराजुली
उपाध्यक्ष- केशवप्रसाद रूपाखेती
सचिव- कृष्णमोहन जोशी
सहसचिव- पुण्यप्रसाद घिमिरे
कोषाध्यक्ष- कमला श्रेष्ठ
सदस्यहरू- गङ्गा अधिकारी,
भगवती प्रसाईं, मातृका पोखरेल,
रमेशप्रसाद तिमिल्सिना,
रमेशप्रसाद न्यौपाने,
रामेश्वर राउत 'मातृदास'

## प्रथम कार्यसमिति-२०६२

अध्यक्ष- केशवप्रसाद रूपाखेती
उपाध्यक्ष- मातृका पोखरेल
सचिव- कृष्णमोहन जोशी
सहसचिव - कुसुम ज्ञवाली
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू - कृष्णदेव रिमाल,
चण्डिका रायमाझी, दण्डपाणि बस्याल, मञ्जुलाल श्रेष्ठ, मोहनकृष्ण उप्रेती, सरिता शर्मा

## दोस्रो कार्यसमिति २०६४

अध्यक्ष- विष्णुबहादुर सिंह
उपाध्यक्ष- रामेश्वर राउत 'मातृदास'
सचिव- पुण्यप्रसाद घिमिरे
सहसचिव- मञ्जुलाल श्रेष्ठ
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू - कृष्णदेव रिमाल,
कुसुम ज्ञवाली, भगवती प्रसाईं,
मातृका पोखरेल, विन्दु शर्मा,
यादवराज घले

## तेस्रो कार्यसमिति २०६७

अध्यक्ष- वीरेन्द्रकुमार पाठक
उपाध्यक्ष- गोसाई के.सी.
सचिव- पुण्यप्रसाद घिमिरे
सहसचिव- कृष्णदेव रिमाल
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू - मातृका पोखरेल, भगवती प्रसाई, विन्दु शर्मा मञ्जुलाल श्रेष्ठ, दीपक दहाल कौशल भट्टराई, ओमप्रकाश घिमिरे

## चौथो कार्यसमिति २०७०

अध्यक्ष- पुण्यप्रसाद घिमिरे
उपाध्यक्ष- रामेश्वर राउत 'मातृदास'
सचिव- कृष्णदेव रिमाल
सहसचिव- मञ्जुलाल श्रेष्ठ
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू- मातृका पोखरेल, विन्दु शर्मा,
कौशल भट्टराई, यादवराज घले
चण्डिका रायमाझी, शिशिर थापा
कोमलनाथ आत्रेय, शारदा पराजुली

## पाँचौं निर्वाचित कार्यसमिति २०७३

अध्यक्ष- रामेश्वर राउत मातृदास
उपाध्यक्ष- कृष्णदेव रिमाल
सचिव- मञ्जुलाल श्रेष्ठ
सहसचिव- प्रकाश आचार्य
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू - शिशिर थापा, कोमल कौशिक,
मुकुन्दप्रसाद प्रसाईं, सङ्गीता अधिकारी, शारदादेवी भट्टराई,
माधव अधिकारी प्रसून, शारदा पराजुली, दीपा खकुरेल

## छैटौं कार्यसमिति २०७६

अध्यक्ष - कृष्णदेव रिमाल ९८४११९६८८८
उपाध्यक्ष - राजु शर्मा ९८४१४२६४६२
सचिव - प्रकाश आचार्य ९८४१३५४९७२
सहसचिव - यादवराज घले ९८४१३६१६९६
कोषाध्यक्ष - शारदा पराजुली ९८४१३६३३२५
सदस्यहरू:
सङ्गीता अधिकारी ९८४१८२७८३६, विष्णुप्रसाद आचार्य ९८४१५४८४२५, आविष्कार कला ९८५७०३७५८३, बलराम पुडासैनी ९८४१४०५००७, रीता खनाल ९८४१६०२१७२, शारदादेवी भट्टराई ९८४४४७८८३२

## सातौं एवं वर्तमान कार्यसमिति २०७९

अध्यक्ष - कृष्णदेव रिमाल ९८४११९६८८८
उपाध्यक्ष - शारदा भट्टराई पोखरेल ९८४४४७८८३२
सचिव - विष्णुप्रसाद आचार्य ९८४१५४८४२५
सहसचिव - शारदा पराजुली ९८४१३६३३२५
कोषाध्यक्ष - मुकुन्दप्रसाद प्रसाईं ९८४३०५१४५०
**सदस्यहरू:**
सङ्गीता अधिकारी ९८४१८२७८३६
आविष्कार कला ९८५७०३७५८३
बलराम पुडासैनी ९८४१४०५००७
रीता चालिसे खनाल ९८४१६०२१७२
भोला शर्मा ९८४१३३७७७२,
मिमन पुलामी ९८४५९५८४५३

## विद्युतकर्मी साहित्यिक समाज
## आजीवन सदस्यहरूको नामावली

**संरक्षक :**

कुलमान घिसिङ
(कार्यकारी निर्देशक, नेविप्रा)

**सहसंरक्षक:**

मोहनबहादुर कायस्थ ९८५१०१५०३५
विष्णुबहादुर सिंह ९८५१०२१८०९
डम्बरबहादुर नेपाली ९८५१०३५०९४
गोविन्दकुमार के.सी.
बद्रीविनोद ढुङ्गाना
रत्नकाजी तुलाधर
डा. लक्ष्मीभक्त शिल्पकार
लोकमान मास्के
शम्भुप्रसाद उपाध्याय
रामचन्द्र पाण्डेय ९८५१०७२०४८
शेरसिंह भाट ९८५१०३८५४०

**संस्थापक आजीवन सदस्यहरू:**

कुलप्रसाद पराजुली ९८४१६९५०१८
केशवप्रसाद रूपाखेती ९८४१५०३४९७
कृष्णमोहन जोशी ९८४१७१९१४९
पुण्य घिमिरे ९८४१३९०३३३
कमला श्रेष्ठ ९८४१२८९९९८
गङ्गा अधिकारी ९८४६१९९०७
भगवती प्रसाईं
मातृका पोखरेल ९८४१२८१७०५
रमेशप्रसाद तिमिल्सिना ९८४१३९६६६१
रमेशप्रसाद न्यौपाने ९८५१०७२०४८
रामेश्वर राउत 'मातृदास' ९८४१५३८०८०

**आजीवन सदस्यहरू**

१. विष्णुप्रसाद उपाध्याय–
२. रमा पोखरेल–
३. रम्भा शर्मा अधिकारी – ९८४१६८१४७५
४. शान्ता सुवेदी – ०२१–४६०६८८
५. कुमारप्रसाद ओझा – ९८५१०९५३६५
६. चक्रवर्ती गड्तौला– ९८५१९६८७६१
७. चिरन्तनविक्रम राणा – ९८५१०१८८४४
८. देवराज प्रसाईं – ९८५१०८५६५१
९. मोहनकृष्ण उप्रेती – ९८५१०००७२२
१०. उत्तमकुमार घिमिरे – ९८४१२८६२६७
११. भुवनचन्द ठकुरी – ९८०१००२००२
१२. रामप्रसाद अधिकारी–
१३. अच्युत नेपाल – ९८४१३४४३२०
१४. अर्जुनकुमार चौहान – ९८५११०६१०७
१५. कौशल भट्टराई – ९८४१४४७१९०
१६. दण्डपाणि बस्याल – ९८५१०१८२४३
१७. डिल्लीरमण दाहाल– ९८४१३४९८५४
१८. गौरीमान कडरिया–
१९. बद्रीनाथ रोक्का–
२०. बेलप्रसाद शर्मा – ९८४१४११६४४
२१. मातृका बजिमय – ९८४३६६९०५१
२२. सरिता शर्मा–
२३. काशिराम शर्मा – ९८५१०६१३२७
२४. नगेन्द्रमणि ढकाल–
२५. विष्णुप्रसाद आचार्य – ९८४१५४८४२५
२६. कुसुम ज्ञवाली –
२७. केशवराज पन्त –
२८. चिरञ्जीवी शर्मा–
२९. टङ्क श्रेष्ठ– ९८५११२३३९३
३०. ध्रुवराज भट्टराई–
३१. रमापति पराजुली – ९८४२०२७७५६
३२. विन्दु शर्मा – ९८४१८८०२२३
३३. शान्तिलक्ष्मी शाक्य – ९८५१०५४३६०
३४. हरिहरमान पालिखे–
३५. प्रकाशजङ्ग राणा–
३६. राष्ट्रभूषण प्रधान – ९८५१०८५१६४
३७. कृष्णदेव रिमाल – ९८४११९६८८८
३८. कौशिला देवान– ९८४१७९१०७९
३९. वीरेन्द्र पाठक – ९८४१२७८६५८
४०. सरोज अर्याल – ९८४६०८८२३१
४१. यादवराज घले – ९८४१३६१६९६
४२. उषा सिंह – ९८४१३४२७७७
४३. मञ्जुलाल श्रेष्ठ– ९८०३०३०३८६
४४. देवेन्द्रकुमार अधिकारी– ९८४६११९१७४
४५. कृष्णप्रसाद पौडेल – ९८४१८३५६८५
४६. राजु शर्मा – ९८४१४२६४६२
४७. रीता खनाल – ९८४१६०२१७२

४८. भानुभक्त भट्टराई - ९८४९३६५९९७
४९. सुभाष दाहाल - ९७५१००८२२६
५०. सिन्धु यादव-
५१. नवराज भट्ट-
५२. रङ्गराज सिंखडा-
५३. भोजराज पौडेल-
५४. अनिरुद्रप्रसाद यादव - ९८४१५०२३५८
५५. हरिकृष्ण शाह - ९८४१३०३४२२
५६. कोमलनाथ आत्रेय - ९८४१३९०१९३
५७. दीपक दाहाल - ९८४९१७४७९९
५८. आर. आर. चौलागाई - ९८४५३५१०००
५९. कृष्णहरि दाहाल - ९८५११९९००२
६०. गोसाईं के.सी. - ९८५१०१२२५३
६१. मधुकर थापा -
६२. ओमप्रकाश घिमिरे - ९८४१६३५९१९
६३. सुजाता थापा - ९८४१३८९४३१
६४. दीपकराज आचार्य -
६५. गङ्गालाल श्रेष्ठ-
६६. राजकुमार रमण - ९८४१२३४३५३
६७. उमा घिमिरे - ९८४१९३२५४२
६८. महामनचन्द्र खनाल ९८४१५९८३३१
६९. समीरा नेपाल-
७०. दीपक ढकाल - ९८४३८४८८९५
७१. शङ्कर खड्का- ९८४१४४९८५३
७२. कालिकाप्रसाद पनेरू ९८४१८१८२५७
७३. प्यारू राणा - ९८४१२१६५४९
७४. बद्री प्र. न्यौपाने ९८४२०३३५८६
७५. वसन्तप्रसाद पन्थी ९८४९१०५३३३
७६. वसन्तकुमार द्विवेदी - ९८४१३१५४५३
७७. मञ्जिलमान श्रेष्ठ- ९८०८३४९४६४
७८. गोविन्दप्रसाद पौडेल - ९८५११९०६७५
७९. कोमल कौशिक - ९८४१४८९०५५
८०. इन्द्रप्रसाद न्यौपाने - ९७५१००२४१६
८१. विश्वम्भर भण्डारी - ९८४१५३५५१२
८२. दुर्गा प्रसाद पोखरेल - ९८४१४०६४६७
८३. जुजुकाजी रञ्जित - ९८५११०४५६७
८४. केशवराज वाग्ले-
८५. राजु के.सी. - ९८४१४०२७३५
८६. चण्डिका रायमाझी - ९७४१०१८८३४
८७. मनोरञ्जन मल्ल ठकुरी - ९८४१४०२८३६
८८. तारादत्त भट्ट - ९८५११२८६९८
८९. शारदा पराजुली - ९८४१३६३३२५
९०. ओमप्रकाश भट्ट - ९८४८०२४९६५
९१. कपिलदेव महतो - ९८४१२७२७६६
९२. थर्कबहादुर थापा - ९८४१२२४९३९
९३. इन्दिरा पौडेल -
९४. शारदादेवी भट्टराई - ९८४४४७८८३२
९५. तुलसीमेहर श्रेष्ठ- ९८१०३६३९३०
९६. टीकाराज कार्की- ९८५१०६९५६८
९७. प्रकाश आचार्य - ९८४१३५४९७२
९८. पूर्ण कुमार चौहान - ९८४१७३७००४
९९. पुष्प ढुङ्गाना- ९८४१४२४३७०
१००. उत्तमप्रसाद रिमाल - ९८४१५४८३९३
१०१. शिव राई - ९८५१२३१३८१
१०२. सङ्गीता अधिकारी- ९८४१८२७८३६
१०३. सुदर्शन भट्टराई - ९८४१२२८४५९
१०४. सुशीला लामा - ९८४१४२५७३४
१०५. रीता श्रेष्ठ- ९८१८२५६८४६
१०६. ध्रुवकुमार उप्रेती - ९८५१०३६७७६
१०७. चूडामणि आचार्य - ९८४१६०२४९६
१०८. चतुर्भुज गौतम - ९८४८६१३८८९
१०९. इन्दिरादेवी दाहाल - ९८४१४०४७४७
११०. अङ्ग खड्का 'अनुप' - ९८४९४४७४८९
१११. बलराम पुडासैनी - ९८४१४०५००७
११२. केदारराज सिलवाल - ९८५१०९४४५९
११३. भरतकुमार खड्का - ९८५१०३४६७५
११४. भोला शर्मा - ९८४१३३७७७२
११५. उर्मिला शर्मा - ९८४१०५५९५८
११६. चेवन काफ्ले-
११७. मुकुन्दप्रसाद प्रसाई - ९८४३०५१४५०
११८. बलराम चौलागाई - ९८४९२३५४९६
११९. मनोज सिंह - ९८०३७६७०१३
१२०. सम्पूर्णा खनाल - ९८४९९२८४१७
१२१. कैलाशमान श्रेष्ठ-

१२२. कृष्णकान्त पण्डित - ९८४१७६२९४०
१२३. देवीमाया दाहाल - ९८४१३३३७९४
१२४. निर्मला सुवेदी - ९८४१५८२८५८
१२५. ध्रुवराज न्यौपाने - ९८४६०६५२०६
१२६. लक्ष्मण रेग्मी - ९८५११८८२५४
१२७. देवराज घिमिरे-
१२८. बोधनाथ रिमाल - ९७६१००२५५७
१२९. गोविन्दप्रसाद अर्याल - ९८४१५४८३७८
१३०. कल्पना कोइराला - ९८४१८०३२००
१३१. थीरकुमार खत्री - ९८४१५७०९२२
१३२. सोमराज शाह - ९८४१०२७९२७
१३३. सङ्गीता कार्की - ९८४१७४९३४९
१३४. शोभा थापा- ९८४१८६५९०४
१३५. रामशरण उप्रेती - ९८४१३०६६७८
१३६. प्रदीपकुमार कटुवाल- ९८४१२९९५७१
१३७. उमेशकुमार पुडासैनी- ९८५११३०४२१
१३८. दुर्गा काफ्ले - ९८४१५१०५४७
१३९. प्रशून अधिकारी - ९८५११६६८१०
१४०. रामहरि गौतम - ९८५११०९६६३
१४१. भूमिनन्द अर्याल - ९८४५४६०५२
१४२. मदन तिम्सिना - ९८५११९८३४५
१४३. हरराज न्यौपाने - ९८४१२९२२५०
१४४. राजेन्द्र मिश्र - ९८४३०५२९४५
१४५. तोमलाल सुवेदी - ९८४१४७५२८७
१४६. मनोज सिलवाल - ९८६८४१२३८८
१४७. कृष्णकुमारी बस्याल - ९८४१७३२२७१
१४८. रमेश पौडेल- ९८४१२५३१८६
१४९. जयराज भण्डारी - ९८४१२४२६५५
१५०. शम्भु बस्नेत - ९८५१०७४००४
१५१. हरिहर बराल - ९८४१३०५२४२
१५२. केदार प्र. धिताल - ९८५११५६०६२
१५३. शिव अधिकारी- ९८५१०४५८३६
१५४. राजेन्द्र मानन्धर - ९८४१२५९९५७
१५५. अजय दाहाल- ९८५११७८२३२
१५६. सुरेन्द्र सिंखडा - ९८४१३१९५२६
१५७. रघुनाथ अधिकारी - ९८४१०६५२४३
१५८. वीरेन्द्र कँडेल - ९८५११८६०४७
१५९. यमुनाप्रसाद भट्टराई - ९८४१७३४१४३
१६०. नरेन्द्रप्रकाश श्रेष्ठ- ९८५५०७२१००
१६१. रविप्रसाद गुरागाई - ९८४१३२०३१०
१६२. मणिराज नेपाल - ९८५१०४००५६
१६३. दीपा खकुरेल - ९८४१४४८५३०
१६४. मैया थापा - ९८४११८४४०३
१६५. सागर ज्ञवाली - ९८५११४०२३०
१६६. शम्भु बस्नेत - ९८५१०७४००४
१६७. राजेशकुमार राजथला - ९८५११५९६५९
१६८. देवेन्द्र अधिकारी - ९८४६११९१७४
१६९. ममता वली खरेल - ९८४१३४४७२७
१७०. देवकी उप्रेती त्रिपाठी- ९८४१८७८७९८
१७१. टेकनाथ तिवारी - ९८५११७२२२२
१७२. राजेन्द्रकुमार आचार्य - ९८४१४१८४७६
१७३. सुनीलकुमार महतो - ९८५४०३०७३३
१७४. हरिवीर सिलवाल - ९८५१०७१६७७
१७५. सुरेन्द्रबहादुर पाण्डे - ९८५१०९८५६३
१७६. प्रेमराज कोइराला - ९७४५००७६६६
१७७. नरेश मैनाली - ९८४१४४९०१५
१७८. विकास चित्रकार - ९८४१३६११८९
१७९. सृजना ख्याजु- ९८४१९२३५३३
१८०. विजयप्रसाद दास- ९८६०८०७३८१
१८१. कपिल मिश्र - ९८४११२८०९३
१८२. नलिनी ज्ञवाली - ९८४१६८५९८२
१८३. रीता बस्नेत - ९८६००१३५६१
१८४. सरस्वती अर्याल - ९८४१०००५३१
१८५. दण्डपाणि गौडेल- ९८४१२६१६६६
१८६. दीपक भण्डारी - ९८५११२४४८६
१८७. प्रमिला चौधरी - ९८४११९४७०७
१८८. वसन्तराज नेपाल - ९८५११५०७२२
१८९. विष्णुप्रसाद आचार्य - ९८६०११९७११
१९०. चन्द्रकला निरौला - ९८४१९२६०८१
१९१. आनन्द सुवेदी- ९८४१९७४४५५
१९२. जगदीश शर्मा लामिछाने - ९८४१५०१६०९
१९३. अम्बिका खत्री - ९८४१५६२६९७
१९४. प्रकाश पराजुली - ९८४३७२२०९५
१९५. सुभाष पाण्डे - ९८४९०३३७६२

१९६. विकास पुडासैनी - ९८५१०३१०९६
१९७. मातृकाप्रसाद सँग्रौला - ९८४२६३३४६६
१९८. सरोज श्रेष्ठ- ९८५१२०२५२५
१९९. यादवप्रसाद न्यौपाने - ९८५११२३२४५
२००. अम्बिका घिमिरे - ९८४१५१६०७१
२०१. जमुनाकुमारी खड्का - ९८४१६६४९१८
२०२. ऋतु श्रेष्ठ - ९८५११७४०६८
२०३. लक्ष्मीप्रसाद मिश्र - ९८५११४७४१७
२०४. प्रोमिशा मिश्र - ९८४९८२९६९९
२०५. जनक महत - ९८४१४६३८१३/५५७४४४३
२०६. रमेश खड्का - ९८५१०७२२२२
२०७. लक्ष्मण घिमिरे - ९८५११८६९७३
२०८. केदारप्रसाद पाण्डे - ९८४१३६५४९०
२०९. आविष्कार कला - ९८५७०३७५८३
२१०. सुभद्रा कोइराला - ९८४९७५३२३२
२११. विमला खड्का - ९८४६०९६७५७
२१२. पङ्कज राना - ९८४७१९४६०
२१३. जमुना पोखरेल - ९८४१८४७२१३
२१४. रीता खत्री - ९८४९१०३९९४
२१५. लोकहरि लुइँटेल - ९८९११०५४६६
२१६. गङ्गा सापकोटा - ९८४७५५४१०८
२१७. प्रकाश कुँवर - ९८४१२६१८२४
२१८. रामप्रसाद पोखरेल - ९८४१९५४८६६
२१९. तीर्थराज न्यौपाने - ९८४३१५०४९०
२२०. समीरप्रसाद पोखरेल - ९८५११६८२१४
२२१. लोकेन्द्र बहादुर साउद - ९८५१०९९१३३
२२२. अञ्जु कटुवाल - ९८४१२५०७६६
२२३. सरिता डङ्गोल - ९८४१५०२९१२
२२४. खेमराज भण्डारी - ९८५१२४००७७
२२५. सरोज घिमिरे - ९८४१५४८०७२
२२६. हरिप्रसाद अधिकारी- ९८५२०२८४५२
२२७. वीरेन्द्र कुमार झा - ९८५२०२४९४०
२२८. सरोज कुमार श्रेष्ठ- ९८४२०९८६९२
२२९. आनन्द नेपाल - ९८५२०२४६४५
२३०. उज्ज्वलराज नेपाल- ९८५२०३२६१८
२३१. विनोद सुवेदी - ९८४१३०८३९६
२३२. रमेशप्रसाद घिमिरे - ९८५२०३१०७९
२३३. निर्मला शर्मा - ९८४१५४८७२५
२३४. हरिप्रसाद घिमिरे - ९८४१८२१४९२
२३५. राजेन्द्र कोइराला - ९८४१२९२०६०
२३६. शेरजङ्ग कार्की- ९८५११८८८५८
२३७. सुरेन्द्रजङ्ग थापा - ९८५१०४११८८
२३८. राजनप्रसाद प्याकुरेल - ९८४१७००७७०
२३९. तुलाराम गिरी - ९८५११६८२१९
२४०. राजनऋषि कँडेल - ९८४१३४५४२३
२४१. महेश्वर सत्याल - ९८५१०९३१७०
२४२. अनिता बजगाईं - ९८४१६८६३४८
२४३. नागेन्द्रकुमार यादव - ९८५२०३९७०१
२४४. हरिबोल हुमागाई - ९८४११७४८७१
२४५. चाँदनी बि.क. - ९८४७१०७२१४
२४६. राजन पालुङ्गा - ९८४१३७३७७६
२४७. दिनेश शिवाकोटी - ९८४५०१२४६७
२४८. नारायण रेग्मी - ९८५११४७४५४
२४९. सागर शिवाकोटी ९८४१७८१२६४
२५०. उमा न्यौपाने - ९८१३६३६७९०
२५१. मिमन पुलामी ९८४४५९४२३६
२५२. राजन फुयाँल -
२५३. शमशेरबहादुर न्हुच्छे प्रधान
२५४ निरबहादुर भण्डारी - ९८४१३२७४७२
२५५. राजु भण्डारी -९८४६०१०४५५
२५६. जयराम आचार्य - ९८५११३१६९३
२५७. मान्चु कुमारी श्रेष्ठ ९८४१८६५०१५
२५८. ध्रुवराज प्रसाई - ९८४१६०२९२६
२५९ मिलन मनुवा दाहाल - ९८५१०१७३९०
२६०. नारायणप्रसाद रिजाल - ९८५६०४९४६१
२६१. सुरेन्द्र पोखरेल - ९८४१०६१७५४
२६२ नारायणप्रसाद आचार्य - ९८४१७२७३९३
२६३. मधुकर बस्नेत - ९८४१७९०७४८
२६४. रवीन्द्रजङ्ग पाण्डे - ९८५१०३४६४२
२६५. हरिबहादुर थापा ९८४९००२१२३
२६६. सुमनराज मानन्धर ९८४९३९३१६९
२६७. तेजकान्त उपाध्याय - ९८५५०३१९६४
२६८. रञ्जित शाह ९८४९१२४५९०
२६९. विवेक तिम्सिना - ९८५११९९२७३
२७०. सरस्वती केसी - ९८४१८२७७५१
२७१. दीपकराज श्रेष्ठ, ९८४१०९५८७९

२७२. दीपक चौधरी, ९८५११-६२६५०
२७३. गजेन्द्रप्रसाद श्रेष्ठ, ९८४१-३६८५९९
२७४. सरोज श्रेष्ठ, ९८४५०२९६३
२७५. विश्वनाथ लामिछाने, ९८४९५८३३०१
२७६. मीना श्रेष्ठ, ९८४४०६२१४३
२७७. श्रीलाल सुवाल, ९८४१६०४९७७
२७८. सुनिता खड्का, ९८४५०३०९९९
२७९. उपेन्द्र सिंह, ९८४१३०००२६
२८०. प्रेमचन्द्र ठाकुर, ९८४१४५८०१३
२८१. आशिषरत्न शाक्य, ९८४९६२४९८५
२८२. सुलोचना आचार्य, ९८४१८६१८१९
२८३. एलिना कार्की, ९८४३४७३६५९
२८४. अम्बरबहादुर राई, ९८४६७४५४७२
२८५. मधुराम व्यञ्जनकार, ९८५११६६६३४
२८६. इन्दिरा शिवाकोटी, ९८४१५६३३२२
२८७. सोबित थपलिया, ९८४१८९८७२३
२८८. अनिल पुडासैनी, ९८४१४४६५६५
२७९. शोभा दर्लामी, ९८४९१२८४५७
२९०. शिवप्रसाद रिमाल, ९८४१३६७७५८
२९१. विष्णुप्रसाद देवकोटा, ९८५१३२०८३७
२९२. सुनिलकुमार पूर्वे, ९८४४५२६९१६
२९३. रामप्रवेश कुशवाहा, ९८४५१८६३०६
२९४. भक्ती चौलागाईं, ९८६५१५४३९८
२९५. छविलाल अधिकारी, ९८५६०४१९९९
२९६. बबिता पौडेल, ९८४६१३४६०२
२९७. सूर्यप्रसाद पौडेल, ९८४६०७८२२४
२९८. राजु बराल, ९८५६०४६४०८
२९९. लक्ष्मी आचार्य, ९८४६२४७९२१
३००. कृष्णप्रसाद ढकाल, ९८४६३६५१५९
३०१. निरोज पौडेल, ९८५११९१९२६
३०२. कवीन्द्रकुमार झा, ०९६८२१४६४२
३०३. सन्तबहादुर कुँवर, ९८५६९६१८०
३०४. परितोशकुमार चौधरी, ९८४११३३०४५
३०५. राजेन्द्रनाथ पौडेल, ९८४६०३७५०५
३०६. दिलकुमारी श्रीस, ९८४६२०१९२५
३०७. भीमकुमारी श्रीस, ९८४७६१३३३३
३०८. अर्जुन तिवारी, ९८४६०९७६४२
३०९. रामचन्द्र अधिकारी, ९८५६०३२४७२
३१०. अनिल अर्याल, ९८४६१२२६०२
३११. किशोर घिमिरे, ९८५७०६६६८१
३१२. कृष्ण घर्ती (कृष्णा), ९८४७६२३३८७
३१३. सुदिप पौडेल, ९८४६१९९१०४
३१४. गङ्गाप्रसाद शाह, ९८४४०९७५३४
३१५. सुशीला श्रेष्ठ, ९८४६०६१४६०
३१६. शिवेन्द्र यादव, ९८४६८६४१२३
३१७. नमराज रिमाल, ९८४०७३९१७५
३१८. विकास चौधरी, ९८५६०३११९१
३१९. किरण चौधरी, ९८४६९४०५०३
३२०. कृष्णप्रसाद पौडेल, ९८४१३७३५८१
३२१. कृष्णप्रसाद पोखरेल, ९८४७९२९३०७
३२२. सन्तोष गौतम, ९८४१३७८९५१
३२३. शारदाप्रसाद भट्टराई (वशिष्ठ बन्धु), ९८४९९३८१८६
३२४. लीलाकुमारी अर्याल, ९८५१२३२१९६
३२५. सुरेन्द्रकुमार के.सी., ९८५१२०५६२९
३२६. लीलाराज भट्टराई, ९८४२२८०१५२
३२७. युवराज न्यौपाने, ९८५११५२३५४
३२८. पेमा डुम्रे, ९८४६५४६०२९
३२९. खगेन्द्र अधिकारी, ९८४२३१६४७६
३३० कविता पोखरेल सुवेदी, ९८४९६७८४४७
३३१. राजु भट्टराई, ९८४१०३७६२०
३३२. तारादेवी धमला, ९८४१०२५४६५
३३३. लोकेन्द्रबहादुर चन्द, ९८५११८२७५६
३३४. दामोदर काफ्ले, ९८४२३४१२२२
३३५. निलम मरासिनी, ९८४९०७९८५३
३३६. कृष्णकुमार श्रेष्ठ, ९८४९०२१६७०
३३७. सञ्जीव रेग्मी, ९८४१९९१९९२
३३८. अनिल पौडेल, ९८५१०३७०५७
३३९. राजुबाबु पाण्डे, ९८०८९४५६५७
३४०. देवीमाया कोइराला, ९८४३३९९१७३
३४१. राजुप्रसाद तिमिल्सिना, ९८४६४९०६७५
३४१. कमलराज ओझा, ९८४८४३९१८१
३४२. रामराजा ओझा, ९८४१९१५७०५
३४३. सुरज रेग्मी, ९८५११३५०७७
३४४. रवीन्द्र शाह, ९८४५२९७०२८
३४५. सुजित घिमिरे, ९८५६०४८५२०
३४६. टीकाराम पौडेल, ९८५१३१५९२१
३४७. खिलराज राई, ९८४२८४७१८६
३४८. सूर्यराज ढुङ्गाना, ९८४१५४९५९८
३४९. दीपक गौतम, ९८५११४१३३४

## विमोचित एवम् प्रकाशित कृतिहरू

| | | | | |
|---|---|---|---|---|
| १. | बूढो साउन र खडेरी | २०६७ | केशव रूपाखेती | विमोचन/प्रकाशन |
| २. | गर्भे सुवेदार | २०६८ | पुष्पनाथ शर्मा | विमोचन/प्रकाशन |
| ३. | दृष्टिविहीन सत्ता | २०६९ | पुण्य घिमिरे | विमोचन/प्रकाशन |
| ४. | यथार्थ प्रतिविम्ब | २०७० | मञ्जुलाल श्रेष्ठ | प्रकाशन |
| ५. | हस्ताक्षर विश्लेषण | २०७१ | मोहनकृष्ण उप्रेती | विमोचन |
| ६. | परदेशतिर | २०७२ | मोहनकृष्ण उप्रेती | विमोचन/प्रकाशन |
| ७. | अतीतको पोको | २०७२ | भुवनचन्द ठकुरी | प्रकाशन |
| ८. | सम्झनाका झिल्काहरू | २०७३ | विष्णुबहादुर सिंह | विमोचन/प्रकाशन |
| ९. | आखरको आरन | २०७३ | कृष्णदेव रिमाल | विमोचन/प्रकाशन |
| १०. | बेथिति बिस्कुन | २०७४ | मञ्जुलाल श्रेष्ठ | विमोचन/प्रकाशन |
| ११. | ऊर्मिलाको व्यथा | २०७४ | हरिप्रसाद अधिकारी | विमोचन/प्रकाशन |
| १२. | नागरिकता | २०७४ | राजु शर्मा | विमोचन/प्रकाशन |
| १३. | प्रकाशगृहका स्रष्टा | २०७४ | कुलप्रसाद पराजुली | विमोचन/प्रकाशन |
| १४. | अनुग्रह | २०७४ | वीरेन्द्र पाठक | विमोचन |
| १५. | अनुकम्पा | २०७४ | वीरेन्द्र पाठक | विमोचन |
| १६. | अथक साहित्यसाधक मोहनबहादुर कायस्थ | २०७६ | वाई. आर. घले | विमोचन/प्रकाशन |
| १७. | 'घर फर्कने तिर्खा' | २०७९ | विष्णु आचार्य 'अतृप्त' | विमोचन/प्रकाशन |
| १८. | पछाडि फर्किएर हेर्दा | २०७९ | पुण्यप्रसाद घिमिरे | प्रकाशन |
| १९. | सागरदेखि सागरसम्म | २०७९ | हरिप्रसाद अधिकारी | प्रकाशन |

## 'अमरज्योति साहित्य सम्मान' बाट सम्मानित व्यक्तित्वहरू

| | |
|---|---|
| १. कुलप्रसाद पराजुली | २०६७ |
| २. मोहनबहादुर कायस्थ | २०६८ |
| ३. पुष्पनाथ शर्मा | २०६९ |
| ४. विष्णुबहादुर सिंह | २०७० |
| ५. कृष्णमोहन जोशी | २०७१ |
| ६. केशव रूपाखेती | २०७२ |
| ७. वीरेन्द्र पाठक | २०७३ |
| ८. पुण्य घिमिरे | २०७४ |
| ९. मोहनकृष्ण उप्रेती | २०७५ |
| १०. भुवनचन्द ठकुरी | २०७५ |
| ११. मातृकाप्रसाद सङ्ग्रौला | २०७५ |
| १२. पुष्कर पुरी | २०७५ |
| १३. जुजुकाजी रञ्जित | २०७६ |
| १४. देवेन्द्र अधिकारी (दुःखी माइला) | २०७६ |
| १५. कमला श्रेष्ठ | २०७७ |
| १६. आर.आर. चौलागाईं | २०७८ |
| १७. मातृका पोखरेल | २०७९ |
| १८. रमेशप्रसाद न्यौपाने | २०७९ |
| १९. मञ्जुलाल श्रेष्ठ | २०८० |
| २०. गङ्गा अधिकारी | २०८० |
| २१. राजु शर्मा | २०८१ |
| २२. शान्ता भट्टराई सुवेदी | २०८१ |
| २३. उपेन्द्र शिवाकोटी (कला सम्मान) | २०८१ |
| २४. रुद्र ब.पालुङ्वा (सङ्गीत सम्मान) | २०८१ |

## 'अमरज्योति साहित्य सम्मान' बाट सम्मानित संस्थाहरू

१. शारदा साहित्यिक मासिक, काठमाडौं २०८०
२. साहित्य सन्ध्या, काठमाडौं, २०८०
३. साहित्य सङ्गम, मकवानपुर, २०८०
४. दायित्व वाङ्मय प्रतिष्ठान, काठमाडौं, २०८०
५. प्युठान साहित्य परिषद्, प्युठान, २०८०
६. नुवाकोट साहित्य प्रतिष्ठान, नुवाकोट, २०८०

सस्तोमा विजुली दिँदै नेपाल विद्युत प्राधिकरण ।
उच्च उत्पादकत्वका लागि कृषिमा आधुनिकीकरण ।।



# नेपाल विद्युत प्राधिकरण

'उज्यालो नेपालको संवाहक'


‘उज्यालो नेपालको संवाहक’
स्थापित-२०४२
ESTD. 1985
GO GREEN SAVE EARTH